
८/2060

# पुवाँर सन्देश




प्रकाशकः

पुवाँर खड्का गुठी
केन्द्रीय समिति
गोठाटार, काठमाडौं

ग्याँस चुल्होको वर्नर बाल्नु अघि रेगुलेटर, पाइप तथा सिलिण्डर ठिक छ छैन राम्ररी चेक गरौं । संभावित दुर्घटनाबाट अमूल्य धनजनको क्षति रोक्न बेलैमा होस् गरौं ।







# विजया दशमी

तथा

# दीपावली २०७० को

पावन उपलक्ष्यमा सम्पूर्ण उद्योगी व्यवसायी तथा ग्राहक वर्गहरुमा सुख, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक

# मंगलमय शुभ-कामना

## नेपाल एल.पी. ग्याँस उद्योग संघ

टेकु, काठमाडौं

"सिद्धान्त विनाको राजनीति, चरित्र विनाको शिक्षा, मानवता विनाको विज्ञान, नैतिकता विनाको व्यपार बेकारका (काम नलाग्ने) मात्र हैनन् त्यत्तिकै खतरनाक पनि हुन्छन् ।"

– भगवान श्री सत्य साइबाबा


# पुँवार सन्देश

अंक ८, वर्ष १०, २०७०

**सल्लाहकार**

चन्द्रबहादुर खड्का

रुद्रबहादुर खड्का

दीपक खड्का

**सम्पादक मण्डल**

टिकाध्वज खड्का

भिमबहादुर खड्का

रहर बहादुर खड्का

**प्रकाशक**

**पुवाँर खड्का गुठी**

केन्द्रीय समिति

Website : www.puwarkhadkha.org.np

E-mail : info@puwarkhadka.com.np

**लेआउट :**

ओमविक्रम याम्फू

९८४४४५०५९८

**मुद्रण**

पाथीभरा अफसेट प्रेस

बागबजार-३१, काठमाण्डौं


## यसभित्र


| | | | |
|---|---|---|---|
| १. | मन्तव्य | अध्यक्ष रुद्र बहादुर खड्का | २ |
| २. | भगवान श्री कपिलमु ....... | अध्यक्ष रुद्र बहादुर खड्का | ३ |
| ३. | नेपालका आदिवासी........... | डा. धन बहादुर कुँवर | ८ |
| ४. | क्षेत्रीहरुको एकता.................... | प्रा.डा कृष्ण बहादुर थापा | १४ |
| ५. | विभिन्न समयमा................ | चन्द्र बहादुर खड्का | १८ |
| ६. | नेपालमा सुशासन............... | अधिवक्ता : टीकाध्वज खड्का | २० |
| ७. | मानव सभ्यता................ | निरञ्जन खड्का | २७ |
| ८. | राणशासनका अन्तिम.......... | रुद्र बहादुर खड्का | ३२ |
| ९. | हाम्रो पुवाँर.............. | भरत कुमार खड्का | ३४ |
| १०. | बहुचर्चि महाभारत..... | एलिना खड्का | ३६ |
| ११. | गुठीका गतिवि.......... | | ४० |
| १२. | गुठीका महासचिव....... | | ४२ |
| १३. | पुँवार खड्का..... | | ४७ |
| १४. | हार्दिक शुभ......... | | ४८ |


**सहयोग स्वरूप :**

**व्यक्तिगत : रू. २५/-, संस्थागत : रू. १००/-**



# मन्तव्य

कर्तव्य परायणता, राष्ट्रियताको भावना, असल चरित्र र सत्कर्मको माध्यमबाट जीवनलाई अगाडी बढाउनु पर्दछ भन्ने हाम्रा आदरणीय पूर्वजहरुले लिएको बाटोमा द्रुतगतिले हिड्दै हामी पुँवार खड्का क्षेत्रीहरु आज यो स्थितिसम्म आई पुगेका छौं । हाम्रा प्रातःस्मरणीय भगवान कपिलमूनिको "सत्कर्मको कुनै अन्त्य छैन, मानवकल्याणको लागि निस्वार्थ सेवाभावले सत्कर्मप्रति समर्पित भई रहनु पर्दछ" भन्ने महानभावनालाई हृदयङ्गम गरी विभिन्न सामाजिक कार्य हेतु स्थापित हाम्रो गुठी पुँवार खड्का बन्धुहरुको जमघट हुने थलोको रुपमा विकसित भएको हो । गुठीलाई परेको बेला नाई नास्ति नगरी ठूलो दिलले सेवाका हातहरु अघि बढाउने दानवीरहरु पुँवार खड्का गुठीमा प्रशस्तै छन, म उहाँहरु सबैको आदरपूर्वक सह्राहना गर्दछु ।

वर्तमान युग भौतिक वातावरणले जेलिएको छ । बाह्य सुःख-सम्पत्ति प्राप्त गर्न मानिस-मानिसमा होड मच्चिएको छ । तर देशमा स्थायी शान्ति, सुव्यवस्था कायम नभईकन शाररिक सुःख सन्तोषलेमात्र अर्न्तआत्माले कदापि शान्ति नपाउने हुँदा प्रथमतः हामी सबैको भौतिक तथा मानसिक उत्थान हुनु अति आवश्यक छ । आजकल मानिस धनसम्पत्तिको बलले मात्र आफू वलवान हुन सकिन्छ भन्ने ठान्दछ र सोही बमोजिमको आचरण गर्दछ । तर वलवान वास्तवमा त्यो हो जसले आफू भित्र रहेको काम, क्रोध, लोभ, मोह, मद् र अंहकारलाई मार्दछ । यो युग हतियार र आवेगको युग नभई प्रेम र शान्तिको युग हो । मुलुकले अमन चयन, शान्ति र सुव्यवस्था खोजेको छ भने मुलुकवासीले आपसी भाईचारा र विकास । सबै जातजातिमा आपसी सद्भाव कायम गरी मुलुकको विकास कसरी गर्न सकिन्छ भन्ने मूलमन्त्रका साथ कटिवद्ध रही हामी अगाडि बढ्न सक्नुपर्छ । अहिलेको समयको माग पनि यहिनै हो । पत्रिका प्रकाशन सम्वन्धमा पाएको सहयोगको लागि प्रकाशन समितिलाई धन्यवाद दिदैं विज्ञापन प्रदान गरी गुठीलाई अमूल्य सहयोग पुर्‍याई दिने संघ संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै विजया दशमी २०७० को शुभ उपलक्ष्यमा समस्त शुभेच्छुक महानुभावहरुप्रति उत्तरोत्तर प्रगति एवं सुस्वास्थ्यको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**रुद्र बहादुर खड्का**
अध्यक्ष

# भगवान श्री कपिलमुनि र पुँवार खड्का वंश उत्पत्तिको रोचक प्रसंग



**रुद्र बहादुर खड्का**
अध्यक्ष

श्री देवी भागवत् पुराण लगायत अन्य धार्मिक शास्त्रहरुमा वर्णित पौराणिक कथा अनुसार आदि परमेश्वरबाट पृथ्वीको सृष्टि गर्ने क्रममा भगवान श्री महाविष्णुको शरीरबाट व्रम्हा, विष्णु र महेश्वरको उत्पत्ति भयो । उत्पत्तिको क्रममा भगवान महाविष्णुको कानेगुजीबाट मधु र कैटभ नाम गरेका दैत्य दाजुभाईहरु पनि उत्पन्न भए । साथै सृष्टिको विभिन्न कालखण्डमा परब्रम्ह परमात्मा ईश्वरले देवलोक, मर्त्यलोक र पाताललोक गरी तीनै लोकमा आफ्नै सृष्टिबाट उत्पन्न देवता, दैत्य, दानव, राक्षस, असुर एवं मानव जातिबीच पापाचार एवं दुराचार भयावह रुपमा बढ्न गएकोले सोको निराकरण एवं निर्मुल गर्न भगवान श्री विष्णुले स्थिति र संहारका २४ अवतारहरु धारण गर्नु पर्‍यो । ती २४ अवतारहरु मध्ये दुई अवतार (राम र कृष्णका) पूर्ण पुरुषोत्तम अवतार र बाँकी अन्य अवतारहरु विशेष प्रकृतिका कामहरु सम्पन्न गर्न लिइएका अंशावतार हुन ।

सृष्टिको समयमा पृथ्वी पुरै जलमग्न थियो । भगवान विष्णुको कानबाट उत्पन्न ती मधु र कैटभ दाजुभाई दैत्यहरुले महामाया भगवतीको तपस्या गरी कसैले पनि मार्न नसक्ने इच्छा मृत्युको वरदान प्राप्त गरेका थिए । वरदानको शक्तिले गर्दा उनीहरु भगवान व्रम्हाजीलाई समेत युद्ध गर्न लल्कारी मार्ने प्रयत्न गर्न लागे । व्रम्हाजीको सहायतार्थ भगवान विष्णुले ती दैत्यहरुसँग दिव्य एकहजार वर्षसम्म युद्ध गर्दा पनि दैत्यहरु परास्त हुन सकेनन् । भगवानले ती दैत्यहरु त्यतिविघ्न बलसाली हुनाको कारण पत्ता लगाई आफूले पनि भगवतीको प्रार्थना गर्नु भयो र भगवती प्रसन्न हुनु भई दैत्यलाई आफुले दिएको वरदानमा कुनै आँच नआउने गरी दैत्यहरुको बुद्धि भ्रष्ट गरिदिने वचन दिनु भयो । भगवतीबाट वचन प्राप्त गर्नासाथ भगवान विष्णुले दैत्यहरुसँग भन्नु भयो- हे वीर मधु र कैटभ ! तिमीहरु अद्वितिय वलशाली रहेछौं, म तिमीहरुसँग अत्यन्त खुशी भएको छु, तिमीहरु म सँग वरदान माग भन्नु भयो । सोच्ने शक्ति गुमाई सकेका ती दैत्यहरुले भगवानलाई भने - हे विष्णु, युद्धमा तिमी स्वयं पराजयको संघारमा पुग्दैछौ, तिमी भन्दा त हामीनै वलवान छौं, वर तिमी नै हामीसँग माग भने । दैत्यहरुले यति भन्नासाथ वाचा गराई भगवानले आफ्नो हातबाट उनीहरुको मृत्यु होस् भन्ने वर माग्नु भयो । वाचामा हारिसकेका दैत्यहरुले पनि तथास्तु भन्नासाथ भगवानले उनीहरुलाई आफ्नो काखमा राखि उनीहरुको प्राण लिनु भयो । विभिन्न पुराणमा उल्लेख भए अनुसार भगवानले ती दैत्यहरुको उद्धारको लागि अर्को योनिमा जय र विजयको नामले वैकुण्ठको द्वारपाल भई भगवानको सेवा गर्ने अवसर दिनुभएको भन्ने रहेको छ ।

एक दिनको कुरा हो सनतकुमार ऋषिहरु भगवान विष्णुको दर्शनार्थ वैकुण्ठ पुगेका थिए । भित्र जानको लागि उनीहरुले द्वारपाल जय र विजयसँग अनुमति मागे । तर जय र विजयले ऋषिहरुलाई तत्काल भित्र जाने आज्ञा दिन सकेनन् । यसबाट ऋषिहरुले आफ्नो अपमान भएको सम्झी द्वारपालहरुलाई अर्को तीन योनिसम्म दाजु भाइकै रुपमा राक्षस योनिमा जन्म हुनु परोस र तिनै योनिमा भगवान विष्णुकै हातबाट मृत्यु भएपछि मात्र मोक्ष पाई पुनः वैकुण्ठको द्वारपाल हुन पाउने श्राप दिए । ऋषिहरुको श्राप मिथ्या नहुने हुँदा श्राप अनुसार जय र विजय सत्ययुगमा हिरण्याक्ष र हिरण्यकश्यपु, त्रेतायुगमा रावण र कुम्भकर्ण तथा द्वापरयुगमा शिसुपाल र दन्तबक्त्र भई जन्मे । श्राप मोचनको क्रममा यिनीहरु भगवान विष्णुको क्रमशः वराह अवतार, नृशिंह अवतार, राम अवतार र कृष्ण अवतारबाट मृत्यु वरणगरी पुनः वैकुण्ठको पार्सद बन्न पुगे ।

भगवानप्रति प्रेम बढाउनु छ भने भगवानका अवतारहरुको कथा सुन्नु पर्दछ । कथा श्रवण गर्नाले जीवन

सुध्रन्छ। भगवानको सारा धर्म जीवमा सर्न आउनु अवतार हो। पहिलो अवतार सनतकुमार ऋषिहरुको हो जुन व्रम्हचर्यको प्रतिक हो। मनलाई स्थिर राख्न व्रम्हचर्यको आवश्यकता पर्दछ। व्रम्हचर्यले मन, बुद्धि, चित्त र अहंकारलाई नियन्त्रण गर्दछ र पवित्र बनाउँछ। अतः अन्तःकरण सुद्ध गर्ने पहिलो कडी व्रम्हचर्य हो। भगवानको दोस्रो अवतार वराहको रहेको छ। वराह अर्थात श्रेष्ठ दिवस। जुन दिन सत्कर्म हुन्छ, तेहि दिन श्रेष्ठ मानिन्छ। सत्कर्ममा लोभ विघ्न वाधा पुऱ्याउन आउँछ। लोभलाई सन्तोष मान्नु पर्छ, वराह अवतार लोभको नाश गरी सन्तोष बनाउने अवतार हो। यथा स्थितिमा सन्तोषीमै लोभलाई मार्नु नै बराह अवतारको रहस्य हो। अत्यन्त लोभले गर्दा पृथ्वीलाई रसातलमा पुऱ्याउन उद्धत असुर राजा हिरण्याक्षको वध गरी पृथ्वीलाई बचाउन भगवान विष्णुले यो अवतार लिनु भएको हो। तेस्रो अवतार नारदको अवतार हो। यो भक्तिको अवतार हो। व्रम्हचर्यको पालना गरेर प्राप्त स्थितिमा सन्तोष माने त्यसलाई नारद अर्थात भक्ति प्राप्त हुन्छ। नारदजी भक्तिको आचार्य हुनुहुन्छ। चौथो अवतार हो नरनारायण अवतार। भक्ति पाएपछि उ सँग भगवानको साक्षात्कार हुन्छ। भक्तिद्वारा भगवान भेटिनु हुन्छ। अर्जुन भगवानका अनन्य भक्त थिए। तसर्थ उनी नारायणरुपी नरको रुपमा सधैं भगवानको कृपापात्र बनिरहे। भगवानको पाँचौ अवतार महात्मा कपिलमुनिको रुपमा भएको हो। ज्ञान र वैराग्यविना भक्ति दृढ हुँदैन। सच्चा भक्तिमा ज्ञान र वैराग्यको आवश्यकता पर्दछ। ज्ञान र वैराग्यको साथ भक्ति आइन भने भक्ति सधैका लागि स्थिर हुन्छिन्। मोक्ष प्राप्तिको लागि वैराग्यलाई आफ्नो जीवनमा ल्याउने रहस्य भगवानको कपिल अवतारले वर्णन गर्दछ। कपिल भगवानले ज्ञान, वैराग्य, भक्ति र मुक्तिको रहस्य बताई आफ्नी माता देवाहुतीलाई वृहत सांख्यदर्शनद्वारा मोक्ष प्राप्तिको बाटो देखाउनु भएको छ। छैटौं अवतार दत्तात्रयजीको हो। मनुष्यमा व्रम्हचर्य, सन्तोष, ज्ञान, भक्ति र वैराग्य आए भने गुणातित हुनेछ। भगवान उसकहाँ साक्षात प्रकट हुनु हुनेछ। अवतार लिने क्रममा सातौ अवतार यज्ञको, आठौं अवतार ऋषभदेवको, नवौं अवतार राजा पृथुको र दशौं अवतार मत्स्य नारायणको अवतार भएको हो। यि अवतारहरु विशेष गरेर क्षत्रीयहरुको लागि धर्म र न्यायको आदर्श बोध गराउन लिनु भएको हो। जल प्रलयका बेला पृथ्वीलाई बचाई नयाँ सृष्टि गर्ने क्रममा वैवस्वत महाराज मनु र पत्नी सत्रुपाका साथै सप्तऋषिहरुको नाउँलाई पार लगाउन भगवानले मत्स्य नारायणको अवतार लिनुभएको हो।

एघारौं अवतार कूर्मको (कछुवा), बाह्रौ अवतार धनवन्तरीको र तेह्रौं अवतार मोहिनीरुप नारायणको रुपमा भएको हो। यी तीनै अवतारमा भगवानले वैश्यले गर्ने जस्तो लिला गर्नु भएको छ। देवताहरुको लागि समुन्द्र मन्थनद्वारा अमृत प्राप्त गर्न कूर्म र मोहिनीरुप तथा औषधी विज्ञानद्वारा जीवात्माको शरीर स्वस्थ राख्न धनवन्तरीको अवतार लिनु भएको हो। चौधौं अवतार भगवान नरशिंहको हो जुन अवतार पुष्टिको अवतार हो। प्रभुले आफ्नो परमभक्त प्रल्हादलाई कृपा गर्नको लागि लिनु भएको हो। प्रल्हादको जस्तो दृष्टिले हेऱ्यो भने खम्बामा पनि भगवानको दर्शन हुनेछ। ईश्वर सर्वव्यापक हुनुहुन्छ। यस्तो मुखले मात्र भन्ने होइन त्यसको अनुभव गर्नुपर्छ। ईश्वरलाई मनशक्ति वा बुद्धिशक्तिद्वारा कहिल्यै जित्न सकिन्न तर प्रेम एवं भक्तिद्वारा सर्वथा जित्न सकिन्छ। पन्ध्रौं अवतार दानव राज ह्यगृवको संहारको लागि भएको थियो। ह्यगृवले पवित्र वेदलाई चोर्न प्रयास गर्दा भगवानको हातबाट उस्को अन्त्य भएको थियो। सोह्रौं अवतार वामनको अवतार हो जुन पूर्ण निष्काम छ जस्मा भक्ति र नीतिको छत्र छ र जसले धर्मको कवच लगाएको छ र जस्लाई भगवानले पनि मार्न सकेका छैनन्। परमात्मा महान हुनुहुन्छ तर वलि राजाको अगाडि वामन अर्थात सानु बन्नु हुन्छ। अत्यन्त धर्मात्मा र दानी राजा बलिको मूक्ति एवं देवताहरुको कल्याण खातिर यो अवतार भएको हो। सत्रौं अवतार परशुरामको अवतार हो जुन आवेशको अवतार हो। ऋषिमुनिहरुको कल्याण एवं क्षत्रीयहरुबाट हुन गएका अन्याय र अत्याचार अन्तको लागि यो अवतार भएको हो। अठारौं अवतार महर्षि व्यास र उन्नाइसौं अवतार भगवान रामको अवतार हो जुन मर्यादा र प्रेमको प्रतिक हो। विसौं अवतार बलरामको अवतार हो। एक्काइसौं अवतार कृष्णको हो जो स्वयं भगवान हुनुहुन्छ। पृथ्वीमा अन्याय र अधर्मको नाश गरी धर्म स्थापनार्थ यो अवतार भएको हो। बाइसौं अवतार वुद्ध र तेइसौं अवतार कल्किको अवतार हो। अवतारहरुको गणना गर्दा पहिलो अवतार आदि पुरुष अवतार समेत जोड्दा भगवान विष्णुले कुल २४ अवतार लिनु भएको हो। राम र कृष्ण अवतार पूर्ण पुरुषोत्तम अवतार हुन् भने बाँकी बाइस अवतार अंशावतार हुन्। अल्पकालका लागि अल्पज्ञिहरुका उद्धारका लागि

हुने अवतार अंशावतार हुन् र अनन्तकालका लागि तथा अनन्त जीवहरुको उद्धारको लागि हुने अवतार पूर्णावतार हुन् ।

भगवान विष्णुका माथि वर्णित अवतारहरु मध्येको पाचौं अवतार हाम्रा प्रातः स्मरणीय पूर्वज महात्मा कपिलमुनिको अवतार हो । ज्ञान र वैराग्यले भरिपूर्ण वेदान्त एवं भक्तिको वर्णन, सांख्यदर्शनको रचनाद्वारा भगवान प्राप्ती एवं मुक्तिको मार्ग बारेको उपदेश कपिलमुनिद्वारा रचित कपिल गितामा वर्णित छ । सच्चा सुख वा सच्चा दुःख के हो, कसरी प्राप्त गर्न सकिन्छ, जीवन के हो , सन्यास के हो, वैराग्य के हो, मूक्ति के हो, विद्वान र सन्तमा भेद तथा ईश्वरको सहारा विना जीवको उद्धार हुनसक्दैन भन्ने दर्शनका रचयिता भगवान कपिलमुनि अत्यन्त तपस्वी महर्षि कर्दम र माता देवहुतीका दशौं सन्तान हुन । कर्दम ऋषि र देवहुतीका नौ कन्या भए । व्रम्हाजीले ती नौ कन्याको अत्री, बशिष्ठ आदि नौ ऋषिहरुसँग कन्यादान गराए । कपिलमुनि व्रम्हाका मानषपुत्र मनु महाराज र उनकी रानी सत्तरुपाका छोरीपट्टीका नाती पनि हुन् । उनको जन्म भगवान नारायणको इच्छानुसार आमा देवहुतीलाई मोक्ष दिलाउन र जगत्‌लाई शांख्यशात्रको उपदेश दिन भएको श्रीमद्‌भागवत् महापूराणमा उल्लेख छ ।

शिब पुराणको कथानुसार चक्रवर्ति सम्राट सगरको यज्ञको घोडा इन्द्रले लुकाइदिए तब उनका साठी हजार पुत्र घोडाको खोजिमा निस्किए । उनीहरुले आफ्नो घोडा कपिलमुनीको आश्रममा देखे र भन्ठाने यसै ऋषिले घोडा चोरेको हो । यही चोर हो यसलाई पिट्‌नै पर्छ भन्दै ती ऋषितर्फ बढ्दै गईरहेका थिए । तब ती सबै कपिलमुनिको तेजाग्नीमा जलेर भस्मीभूत भए । अब तीनको खोजीमा सगरका नाति अंशुमन निस्किए । उनले कपिल भगवानको स्तुती गरे तब मुनि खुशी भएर त्यो घोडा उनीलाई दिए । अशुंमनले ऋषिसँग आफ्ना काकाहरुको उद्धारको उपाय सोधें । ऋषिले तिनको उद्धार गंगाजलले मात्र हुन सक्छ भनि गंगाजीलाई धर्तिमा अवतरण गराउने सल्लाह दिए । गंगालाई प्रसन्न गर्नका निम्ति अंशुमन, उनका पुत्र दिलीप र दिलीपको पुत्र राजा भगिरथले तप गरे तब गंगावतरण भयो । भगिरथले भगवान शंकरको प्रार्थना गरे तब गंगाको धारालाई आफ्नो शिरमा थाप्न शिबजी तयार हुनुभयो । शिबजीले आफ्ना जटामा गंगालाई ओराल्नु भयो र त्यसपछि गंगा पृथ्वीमा बग्न थालिन । गंगाजी धर्तीमा अवतरित भएको दिन गंगादशहराको दिन थियो जुन प्रत्येक वर्ष जेष्ठ शुक्ल दशमाकिो दिन पर्ने गर्छ । गंगाजी अनेक स्थानहरुलाई पवित्र पार्दै पातालमा (वर्तमान बंगालको खाडी छेउ) गइन जाहाँ सगरपुत्रहरु भस्मीभूत भएका थिए । गंगाजल पर्ने वित्तिकै सगरपुत्रहरुको सद्‌गति भयो । गंगाजीलाई भगिरथले पृथ्वीमा अवतरित गराएकोले गंगाको उद्‌गम स्थल गोमुख देखि देवप्रयागसम्मको भागको नाम भागिरथी रहन गयो ।

राजा सगरका पुत्रहरु भस्मीभूत भएको पातालपुरी भारतस्थित वर्तमान पश्चिम वंगालको गंगासागर क्षेत्र भएको विभिन्न भौगोलिक वृतान्तले प्रमाणित गरेको छ । गंगा नदी वृहत भारतवर्ष भारत, वंगलादेश र पाकिस्तानमा टुक्रिनु अघि वर्तमान गंगासागर देखि केही मिल पूर्व सुन्दरवन भन्ने स्थानमा वंगालको खाडीमा विर्सजन हुन्थिन । भारत टुक्रिएपछि भारत र वंगलादेश सिमानावीचको फारक्का भन्ने स्थानमा गंगा नदीमा वाँध बाँधिएकोले गंगाको पानी हुगली नदीमा मिसिन गई हुगली नदी वर्तमान अवस्थामा वंगालको चौविस पर्गना स्थित दक्षिणी काकद्विप छेउबाट गंगासागर स्थित वंगालको खाडीमा मिसिन गएको छ । सोही स्थानमा भगवान कपिलमुनिको मन्दिर रहेको छ र मकर संक्रान्तिको दिन सूर्य भगवान उत्तरायण हने हुँदा उक्त दिन यस स्थानमा भव्य धार्मिक मेला लाग्ने गर्छ । यसै दिन पितृ उद्धारको लागि श्रद्धालुहरुले गंगासागरमा जलाञ्जलि दिई भगवान कपिलमुनिको पूजा एवं दर्शन गर्ने धार्मिक परम्परा रहि आएको छ । राजा सगरका मृत पुत्रहरुको मुक्ति गंगाजीद्वारा यसै स्थानमा भएकोले यस स्थानको नाम गंगासागर रहन गएको धार्मिक मान्यता रहेको छ । हाल इच्छुक भक्तजनहरुले भगवान श्री कपिलमुनिको दर्शन गर्ने इच्छा राखेमा काठमाडौंको गोठाटारस्थित पुँवार खड्का गुठी भवनको प्रांगणमा स्थापित मन्दिरमा पनि गर्न सकिनेछ । केही विद्वानहरुले शास्त्रहरुमा वुद्ध भगवानलाई पूर्व जन्ममा उनी कपिलमुनि थिए भन्ने संज्ञा दिएकाछन् वुद्ध धर्मालम्वीहरुले भगवान कपिलमुनिलाई महान दार्शनिक मानेर पूजाआजा गर्ने गर्छन। प्राचिन समयमा कपिलमुनिका शिष्यहरुले वर्तमान कपिलवस्तु नगरको निर्माण आफ्नो अत्यन्त आदरणीय गुरु कपिलमुनिको नाममा निर्माण गरेका थिए भन्ने शास्त्रोक्त भनाई रहेको छ । भगवान श्रीकृष्णले भागवत गीतामा भन्नु भएको छ - "वृक्षहरुमा म वर हुँ, ऋषिहरुमा म नारद हुँ, गन्धर्वहरुमा म चित्ररथ हुँ, र सर्वगुण सम्पन्न महान व्यक्तिहरुमा म कपिल हुँ " अतः यस्ता महान व्यक्तिको गोत्र पाउनु हामी सबैले आफ्नो भाग्य सम्भनु पर्दछ ।

महात्मा कपिलमुनिको अंशबाट उत्पन्न क्षेत्रीयहरु मध्ये गौरवशाली कपिल गोत्रीय पुवाँर खड्काको उत्पत्ति र विकास बारे पौराणिक एवं ऐतिहासिक दस्तावेज र पुवाँर खडका वंशावलीको आधारमा भन्नुपर्दा उनीहरुको उद्गम स्थल प्राचीन भारत वर्षको अत्यन्त पौराणिक एवं पवित्र स्थल भगवान महाकालेश्वर र ॐकारेश्वरको ज्योर्तिलिङ्ग उत्पत्ति भएको प्राचिन मालवा (अवन्तिका राज्य) धारानगर (वर्तमान धार जिल्ला) उज्जयिनी ( उज्जैन) मा भएको हो । भगवान श्रीकृष्ण, बलराम र सुधामाले महर्षि सान्दीपनिबाट शिक्षा प्राप्त गरेको स्थान अत्यन्त प्रतापी विक्रमादित्य तथा भोज राजाहरुले राज्य गरेको महाभारतकालिन भारत वर्षको उज्जयिनीमा इसाको नवौं शताब्दी तिर धारापति राजा वृजभानु पवारले राज्य गरेको अवस्था र पछि इसाको तेह्रौं शताब्दी तिर उनैका वशंजले मेवाड (चित्तौड) कि रानी पद्मिनीको बचाउको निम्ति मुगल शासक अलाउद्दिन खिलजी विरुद्ध राजा रतनसिंहलाई मद्दत गर्ने क्रममा राजाको पराजय र रानीले 'जौहर' (धार्मिक आत्मदाह) वरण गरेको कारण त्यहाँ बस्ने अवस्था नहुँदा केही पँवार वीरहरु उज्जैन छाडी चित्तौड हुँदै नयाँ कर्म थलोको खोजिमा भारतवर्षको विभिन्न दिशा तर्फ लागे । तिनै पँवार वीरहरु मध्ये केही उत्तरदिशातिर आउँदा तिनीहरु मध्येका एक श्री पवनदेव पँवार महाकालि नदी पूर्व वर्तमान नेपालको बैतडी जिल्लाको ढिकपुरचुण्डी भन्ने स्थानमा आई बसोबास गरे । पवन देव पँवार राजपूत क्षेत्रीय भएका र कालीको उपासक भएकाले खड्गधारी हुन गई कालान्तरमा स्थान विशेष र भाषाविशेष (बोलिचाली हुने स्थानीय भाषा)ले गर्दा पँवार शब्दको अपभ्रंश हुन गई पँवारको सट्टा पुवाँर र वीरयोद्धाको निशानी खड्ग धारण गर्ने भएकोले खड्गाह, 'खड्गा' र पछि खड्का थर हुन गएको हो भन्ने विभिन्न ऐतिहासिक एवं किंवदन्तीका पुस्तकहरुमा पढ्न पाइन्छ ।

इसाको छैठौं शताब्दी देखी सत्रौं शताब्दीवीचमा प्राचीन भारतवर्षको उत्तराखण्ड र वर्तमान नेपालको गोरखावीचको विशाल क्षेत्रमा शक्तिशाली खस क्षेत्रीय राजाहरुले अनगिन्ती साना ठूला राज्यहरु खडा गरी राज्य गरेका थिए । इसाको तेह्रौं शताब्दीमा उज्जैनबाट प्राचीन डोटीको ढिकपुरचुण्डीमा आई शक्तिशाली रजवारका रुपमा स्थापित हुन पुगेका यी पवनदेव पुवाँरले त्यसबेला त्यहाँ राजाको रुपमा शासन गर्ने अत्यन्त क्रुर राजालाई कालिको मन्दिरबाट खड्ग उठाई मारेपछि खुशी भएका जनताले निजलाई नै राजा घोषित गरेको किंवदन्ती रहेको छ । योगी नरहरिनाथ, धनवज्र वज्राचार्य, पूर्णप्रकाश नेपाल जस्ता विख्यात इतिहास विज्ञहरुको अनुसार विभिन्न कालखण्डमा पुवाँर वंशीय खड्का राजाहरुले वर्तमान वैतडीको ढिकपुरचुण्डी, डोटीको मकारीकोट, कोटडाँडाको चौकोट, बझाङको थलहरा, जुम्लाको फानचौर, गोरखाको गोरखाकोट तथा कालिकोट आदि क्षेत्रमा राज्य गरेका थिए भन्ने ऐतिहासिक भनाई एवं स्थानीय किंवदन्ती रहेको छ । अन्य क्षेत्री जातिहरुजस्तै पुवाँर खड्का क्षेत्रीहरुले पनि आफ्नो कुलदेवताको पूजा आजा गर्ने सुन्दर प्रचलन रहेको छ । अपवादको रुपमा भने दोलखा जिल्लामा मुख्यतयाः बसोबास गर्ने पुवाँर खड्काहरुले भने विशेष दैवी कारणबश कुल देवताको वार्षिक कुल पूजा गर्ने गरेको पाइदैन । पुवाँर खड्काहरु मुलतः कपिल गोत्रीय हुन् र साधारणतयाः उनीहरु इष्टदेवी कात्यायनी भगवती वा विन्दवासिनीको उपासक रहिआएको पाइन्छ । अधिकांश बाइसे र चौविसे राजाहरु सगोत्री भएकाले लडाईमा उनीहरुलाई मार्नु गोत्र हत्या हुने डरले राजा पृथ्वी नारायण शाहले आफ्नो भारद्वाज गोत्र परिवर्तन गरी कास्यप गोत्र अवलम्वन गरे जस्तै अज्ञानता वश विभिन्न स्थानका कैयौ पुँवार खड्काहरुले प्राचीन समय देखिनै आफ्ना अनुकुलता बमोजिम गोत्र परिवर्तन गर्ने गरेको कारण कपिल गोत्रीय

**के विना के व्यर्थ छ ?**

होस विनाको, जोश व्यर्थ छ
गुण नभए, रुप व्यर्थ छ
नम्रता नभए, विद्या व्यर्थ छ
साहस नभए, हतियार व्यर्थ छ
उपयोग नभए, धन व्यर्थ छ
भोक विना, भोजन व्यर्थ छ
र
सत्कर्म विनाको जीवन व्यर्थ छ ।

पुँवार खड्काहरुको संख्या यकिन गर्न निकै कठिनाई हुँदै आएको छ ।

पवनदेव पुवाँर खड्काको दुईवटा विवाहिता पत्नीहरु थिए । जेठी पत्नीबाट बाह्र भाई र कान्छी पत्नीबाट आठ भाई छेरा र एक छोरी भएको वंशावलीमा उल्लेख छ । खेतीयोग्य जमिन र अन्य आर्थिक स्रोतको वढ्दो अभावले गर्दा विभिन्न अन्य पेशा अंगाल्दै पुवाँर खड्काहरुका सन्ततीहरु डोटी क्षेत्रबाट विभिन्न कालखण्डमा क्रमशः नेपालको पूर्वी भागतिर विस्तारित हुँदै कालान्तरमा भारत, म्यानमार, अष्ट्रेलिया, अमेरिका, बेलायत तथा अन्य दूरदराजका मुलुकहरुमा समेत बसाई सराई गर्दै विभिन्न पेशा अपनाई आएका पाइन्छन् । वर्तमान अवस्थामा नेपाल राष्ट्र भित्र र नेपालबाट विदेशमा गई स्थायी/अस्थायी बसोबास गर्ने पुवाँर खड्काहरु तिनै पवनदेव पुवाँर खड्काका बीस भाई छोराहरुका सन्तति हुन भन्ने विभिन्न विद्वानहरुको भनाई रहेको छ । पवनदेव पुवाँरका पूर्वजहरुको सन्दर्भमा वंशा वलीमा लेखिए अनुसार पवनदेव पुवाँर भन्दा धेरै-धेरै पुस्ता अगाडीका पहिलो पुस्ताका पूर्वज श्री उपदेउ पँवार रहेको पाइन्छ । पहिलो पुस्ताका यी उपदेउ पँवार ऋषि वशिष्टको कामधेनु नामक गाईलाई राजा विश्वामित्रले जबरजस्ती हरण गरेर लैजान खोज्दा गाई अत्यन्त क्रोधित भई आफ्नो रक्षार्थ शरीरबाट वीर योद्धाहरु उत्पत्ति गराउने क्रममा "पवाँर" (नाकको फोहराबाट) उत्पत्ति भएका हुन र पँवारबाट निस्किएको कारण थर पुँवार हुन गएको भन्ने धार्मिक जनश्रुति रहेको छ । अस्तु :

**सन्दर्भ सामाग्री**


*१. श्रीमद्भागवत पूराण*

*२. पुवाँर खड्का वंशावली*

*३. श्री चन्द्र बहादुर खड्काद्वारा लिखित चिलंखे खड्का एक चिनारी पुस्तक*



*लेखक पुवाँर खड्का गुठीका केन्द्रीय अध्यक्ष एवं नेपाल आयल निगमका पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ ।*



# हार्दिक शुभ-कामना





विजयादशमी तथा दिपावली २०७० को शुभ उपलक्ष्यमा हाम्रा आदरणीय ग्राहकवर्ग र सम्पूर्ण दाजुभाई दिदिबाहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हरदिन बचत तथा ऋण सहकारी संस्था लि.**

**बानेश्वर, काठमाडौं**

# नेपालका आदिवासी क्षेत्रीहरुको ऐतिहासिक तथ्य

डा. धन बहादुर कुँवर
त्रि.वि.कीर्तिपुर

**१. परिचय :**

नेपाल एउटा विविधताले भरिपूर्ण राष्ट्र हो। यहाँ हर क्षेत्रमा विविधता रहेको पाइन्छ। विभिन्न धर्म संस्कृति र चाल चलन भएको आधारमा पनि विभिन्न जात, जातिका मानिसहरु यहाँ बसोवास गरेको प्रष्ट हुन्छ। समान्यतः आजको मानव जाति प्राचीन नेग्रो, ककेशियाली, मंगोल र द्रविडियन गरी चार वटा जाति (Race) बाट विकसित भएको मानिन्छ। नेपाली संस्कृतिमा ककेशियाली मूलका खस आर्य पछि मंगोल जातिको प्रभाव रहेको छ। त्यसपछि मात्र अरु जाति र धार्मिक सम्प्रदायको प्रभाव रहेको देखिन्छ। त्यसैले यस राष्ट्रमा विभिन्न जात जातिका मानिसहरुको आगमनसँगै धर्म र संस्कृतिको प्रभाव पर्नु स्वाभविकै हो। यसै क्रममा ककेसियाली जाति (Race) अन्तर्गतको आर्य मूल भित्र पर्ने खस समुदायको नेपालमा प्राचीन कालबाटै प्रभाव पारिआएको छ। खस अन्तर्गत पर्ने पाहुन, क्षेत्री (ठकुरी), सन्यासी लगायत दलित भनिने दमै, कामी, सार्की आदि जात जातिका मानिसहरु पर्दछन्। त्यसमा पनि खस क्षेत्रीहरुको नेपालमा प्रभाव र अस्तित्व कहिलेदेखि देखिन थाल्यो भन्ने बारेमा यहाँ छोटकरीमा तथ्यपरक रुपमा प्रस्तुत गर्ने प्रयास गरिएका छ।

सर्वप्रथमतः क्षेत्री शब्द संस्कृतिको क्षत्र शब्दबाट उत्पत्ति भएको देखिन्छ। क्षत्र शब्दको अर्थ राजार्थ र शासक भन्ने जनाउँछ। कालान्तरमा यसको अर्थ क्षत्रीय वर्गको रुपमा प्रचलित हुन गएको थियो। संहिता र ब्राम्हणहरु जस्ता प्रचलित ग्रन्थहरुको आधारमा वास्तवमा राजार्थ प्रयोग हुँदै आएको क्षेत्री शब्दले कालान्तरमा एउटा जातिको बोध गराउन थालेको थियो। -पाण्डेय, १९८८: २१४-२१५)। यसरी सुरुमा क्षेत्री शब्द राजार्थको रुपमा प्रयो भए पनि कालान्तरमा जातिको रुपमा प्रयोग हुन गएको थियो। कहिलेदेखि प्रचलित हुन थाल्यो भन्ने बारेमा निश्चित रुपमा भन्न नसकिए पनि इसा भन्दा हजारौं वर्षअघिदेखि प्रयोग हुँदै आएको थियो। वास्तवमा क्षत्रको रक्षा गर्नेलाई क्षत्रपाल र यसलाई क्षत्री र राजा वा शासकका रुपमा लिइन्थ्यो। वास्तवमा यो स्मृति र पौराणिककालमा गएर एउटा जितिको रुपमा विकसित भएको थियो। त्यस जातिको सन्तानलाई क्षेत्री वा राजपूत भन्न थालिएको थियो। वैदिक तथा पौराणिक ग्रन्थहरुका आधारमा पनि आर्यहरु ब्राम्हण, क्षेत्री र वैश्यमा विभाजित भए पनि कर्मका आधारमा निर्धारित हुने हुँदा अहिलेको जस्तो जन्मको आधारमा निर्धारित र कट्टरपना थिएन। यसका प्रभावका रुपमा क्षेत्रीहरुकै खड्का, थापा, कार्की, ठकुरी आदि शब्दले जनाउँछ। थापा र कार्की ब्राम्हणमा पनि पाइएको छ। यसले गर्दा यी तीन ब्राम्हण क्षेत्री र वैश्य वर्गका मानिसहरु कर्मका आधारमा तल माथि हुन सक्दथे भन्ने देखिन्छ।

नेपालको सन्दर्भमा यद्यपी खस, बाहुन भन्ने प्रचलन रहेको छ। प्राचीन खसको उत्पत्ति र महत्व बिर्सिएर हाल खस भन्नाले सामान्यतः खस भनेको खो को वा तल्लो तहको भन्ने अर्थमा लिने गरेको पाइन्छ। यथार्थमा कर्णाली प्रदेशमा इसाको बाह्रै शताब्दीतिर खस मल्लहरु देखिएपछिलाई यसो भन्न थालिएको बुझिन्छ। किनभने कर्णाली प्रदेशको उत्तरछर्फबाट भरेको मतवाली पावै क्षेत्रीहरुलाई त्यसै भेकका कुँवर, खड्का, थापा आदि थरका क्षेत्रीहरुले खस भन्ने चलन भएकाले यद्यपी ठकुरी तथा झर्रा भनाउँदा क्षेत्रीहरुले आफूलाई खस भन्न रुचाउँदैनन्। त्यही परम्परामा मध्यकालतिरबाट खस जातिका ब्राम्हणहरुले आफूलाई खस नभनी पूर्वीय र कुमाई भनेर भेद गर्न थालेको बुझिन्छ। जडानमा

बस्ने खसहरुलाई तल्लो स्तरको मानेर खसेको भन्ने अर्थमा खस शब्द त्यस भेकमा ज्यादा प्रयोग भएको थियो भने कतिपय जातिका मानिसहरु शक्तिमा पुगेपछि क्षेत्री ठकुरीमा परिणत हुन गएको पनि पाउन सकिन्छ ।

**२. पौराणिक तथा वंशावलीहरुका आधारमा नेपालमा क्षेत्रीहरुको अधिपत्य प्राचीनता:**

नेपालमा विभिन्न जात जातिहरुको बसोवास भए पनि ऐतिहासिक दृष्टिकोण र पुरातात्विक प्रमाणहरुको आधारमा क्षेत्रीहरुको बसोवास धेरै पहिलेदेखि भइआएको देखिन्छ । नेपालको सन्दर्भमा लिच्छविकलबाट ऐतिहासिक कालको सुरुवात भएको मानिन्छ । लिच्छविकाल पूर्व गोपाल, महिषपाल (आभिर) र किराँतकालको बारेमा पछिल्ला कालमा लेखिएका वंशावलीहरुबाट थाहा पाइए पनि ऐतिहासिक पुष्टि गर्ने यथेष्ट प्रमाणहरु पाउन सकिएको छैन । विभिन्न राजाहरुको नामावली धार्मिक कार्य तथा घटनाहरुको बारेमा उल्लेख गरिएको पाइन्छ । कतिपय नाम र समय भने मेल खाँदैनन् । ता पनि राजवंशको बारेमा वंशावलीहरुको एउटै भनाई रहेको छ ।

नेपालका क्षेत्रीहरुलाई वैदिक धर्मावलम्वी खस जातिका भनिएको छ । शक र कशबाट खस भएर आएको यो जाति इराकमा पर्ने वेवीलोनियाको कस्साइट (Kassite) साम्राज्यबाट इरानका सीमामा पर्ने खशिस्तान (Kuzistan) हुँदै इरान, हिन्दुकुश -पञ्जाव) वा बडाखस, काश्मिर, गढवाल र कमाउँ हुँदै आएका थिए । यिनी खसहरु इसाको पाँचौं शताब्दीदेखि पश्चिम नेपालतर्फ पसेको कुरा इतिहासकार डा. सूर्यमणि अधिकारीले उल्लेख गर्नुभएको छ । (अधिकारी, २०६१ : २६) । तर, यस भनाइबाट इसाको पाँचौं शताब्दी भन्दा अगाडि नेपालमा खस क्षेत्रीहरु नभएको तर्क युक्तिसंगत देखिंदैन । यस प्रसंगमा बौद्ध ग्रन्थ दिव्यावदान मा राजा विन्दुसारले युवराज अशोक ( इ.पू. तेस्रो शताब्दी) लाई खस प्रदेशको विद्रोह दमन गर्न पठाउँदा त्यहाँ दुइ जना वीर खसले विजय गर्न सहयोग गरेका थिए । (मिश्र, २०५३: ६१) । डि सी सरकार र इगरमोन्टले ती खसहरु बौद्ध धर्म मान्ने नेपालका अशोककालीन एउटा प्रमुख जातिका भएको र उनीहरुको बसोवासको थलो नेपालको तराई क्षेत्र थियो भन्ने कुरा पुरातत्वविद् तारानन्द मिश्रले उल्लेख गरेका छन् । (ऐजन: ६२-६३) । त्यस्तै आर शेफरले खसहरु नेपलको हिमालय क्षेत्र र कुमाउँतिर बस्दथे -शेफर, १९५४:५३) भन्ने धारणा राख्नुभएको छ । यी भनाइहरुबाट डा. अधिकारीले खस क्षेत्रीहरु नेपालमा पसेको भनेको समय भन्दा ८-९ समय वर्ष अधिदेखि नै यहाँ खस क्षेत्रीहरु भएको देखिन्छ । यसबाट उहाँको भनाई गलत साविन हुन आउँछ । नेपालमा खस क्षेत्रीहरु पहिलेदेखि नै भए पनि इसाको बाह्रौं शताब्दीको मध्येबाट नागराजले स्थापना गरेको राज्य खस देश वा खसान राज्यका नामले प्रख्यात भएको थियो ।

नेपालमा पाइएका पछिल्ला समयका वंशावलीहरुमा लिच्छवीपूर्व किराँत, महिषपाल र गोपालहरुले शासन गरेको उल्लेख पाइन्छ । इसाको चौधौं शताब्दीमा लेखिएको गोपालराज वंशावली, अठारौं शताब्दीतिर लेखिएको भाषावंशावली, कर्कपेट्रिक, राइट आदि वंशावलीहरुले सबैभन्दा पहिले यहाँ गोपाल, महिषपाल -अभिर), किराँत र लिच्छवी तथा मल्लहरुले शासन गरेको कुरा परेका छन् । त्यसैले गोपाल तथा महिषपालहरुलाई हराएर किराँत राज्य स्थापना गरेको कुरा वंशावलीहरुमा पाइन्छ (बज्राचार्य, मल्ल १९८५: ७३) । यसरी नेप जातिका गोपाल तथा महिषपाल भनिने अभिर वंशीहरुले शासन गर्ने बेलासम्म किराँतहरु घुमन्ते शिकारी अवस्थामा नै थिएकी भन्ने बुझिन्छ । वास्तवमा किराँत नाउँ आर्यहरुले नै दिएका थिए र संस्कृत भाषामा त्यसको अर्थ वनमा घुम्ने वा छेउ लागेर हिड्ने भन्ने भएबाट यो जातिका मानिसहरु व्यवस्थित रुपमा बसोवास गरेर शासन सञ्चालन गर्न जानेका थिएनन् भन्ने बुझिन्छ । त्यसैले प्रशिद्ध मानवशास्त्री डा. डोर बहादुर विष्टको विचारमा घुमन्ते पशुपालक खसहरु नै गोपालवंशी थिए र जसले काठमाडौंको पश्चिमपट्टि मातातीर्थमा प्रथम राज्य स्थापना गरेका थिए भने त्यसपछिमात्र किराँतहरुले पनि समूहगत रुपमा पूर्वपट्टि गएर गोकर्णमा राजधानी बनाएका थिए (विष्ट, २००१:१५) । यसरी हेर्दा किराँत भन्दा अगाडी काठमाडौं उपत्यकामा सर्वप्रथम पशुपालक

गोपालवंशी खस क्षेत्रीहरुले शासन गरेको देखिन्छ। हाल अधिकांश विद्वानहरुले यिनै गोपालवंशी भनिने नेप जातिकै नामबाट नेपाल रहन गएको विश्वास गर्दछन्। यसै सिलसिलामा किराँत, लिच्छवी, शक, मल्ल, खस (कर्णाली प्रदेशका) भन्दा धेरै पहिले यहाँ प्रवेश गर्ने जातिमा गोपालराज वंशावलीमा उल्लेख भएको नेप वा नीप जातिका मानिसहरु पश्चिम पहाड (गण्डकी क्षेत्रको पारकोट) तर्फबाट काठमाडौं उपत्यकामा प्रवेश गरी राज्य स्थापना गरको हुनाले तिनीहरुकै नामबाट नेपाल नाम रहन गएको हो भन्ने धारणा इतिहासकार ज्ञानमणि नेपालज्यूको छ (नेपाल, २०४०: १७-१८)। यस आधारबाट पनि गोपाल तथा महिषपाल वंशी भनिने खस क्षैत्रीहरुले यहाँका प्रथम राज्य स्थापना गरेको अनुमान लगायन गाह्रो पर्दैन।

वंशावलीहरुले गोपाल र महिषपाल (आभिर) राजाहरुको संख्या जम्मा एघार (८प्लस ३) जना उल्लेख गरे पनि नाम र शासनकालको बारेमा फरक फरक उल्लेख गरेको पाइन्छ। त्यसैले यो गोपालवंशीहरुको शासनकाल इसा भन्दा हजार वर्ष अगाडि लगभग ३०० वर्षसम्म हुनसक्ने विद्वानहरुको धारणा रहेको छ। ज्ञानमणि नेपालले यिनीहरुको शासनकाल विक्रम सम्वत् भन्दा १००० वर्ष अघि मान्नुभएको छ। डा. तुलसीराम वैद्यले इ.पू. १६११ देखि १३३६ इ.पू. मान्नु भएको छ। त्यस्तै केदार नाथ प्रधानले इ.पू. १३००-१२०० तिर हुनसक्ने धारणा राख्नु भएको छ। गो.रा. वंशावलीमा गोपाललाई नेप भनिएको गण्डकी महाल्म्यमा पर्वतका राजा पारका छोराको नाम नीप रहेको र उनले शिवको आरधना गरेर नेपाल देश बनाएको वर्णन गरेको छ। अझ जयस्थिती मल्लका पालाको अमरकोशको नेपाली टिकाकार माणिकले आभिर शब्दको अर्थ गर्दा नेप, गोपाल र उनको पत्नी र छोरी पनि आभिरी मानिन्छन् भन्दै यही नीप गण जातिकै नामबाट नेपाल रहन गएको थियो। यद्यपी गोपाल वा महिषपाल वंशी राजाहरुको बारेमा ठोस प्रमाण नपाइए पनि लिच्छवीकालका अभिलेख र वंशावलीहरुमा राजाका नामसँगै गुप्त र आभिरीको उल्लेख आउनको साथै लिच्छवीकालमा गुप्तहरु शक्तिशाली भएको तत्कालीन अभिलेखहरुबाट थाहा पाउन सकिन्छ। यसैगरी किराँतहरुको बारेमा समेत लिच्तवीकालका प्रमाणहरुको आधारमा किराँतहरु हुनसक्ने देखिन्छ। यस आधारबाट खस क्षेत्रीहरुले यहाँको प्रथम राज्य इसा भन्दा १००० वर्ष अगाडि स्थापना भएको मान्न सकिन्छ। लगभग ३०० वर्षसम्म।

त्यसैगरी ऋगकालीन वृहदाख्यक तथा शातपथ ब्राम्हण आदिबाट इसा भन्दा ३५००-४००० इ.पू. तिर अग्नि लिएर कुरु पाञ्चाल राज्यको सरस्वती नदिको तिरबाट ब्राम्हण र क्षेत्रीहरु आएर विदेह र मिथिला क्षेत्रमा सर्वप्रथम बसोवास गरेका थिए। त्यहींबाट सिन्धुलीको बाटो हुँदै क्षेत्री र बाहुनहरु उपत्यकामा इ.पू. ७०० तिर प्रवेश गरेको धारणा बाबुराम आचार्यको छ -आचार्य, २०२६: ६)। मोदनाथ प्रश्रितको विचारमा गाई भैंसी लिएर तथा महिषपाल वंशीहरु बागमती उपत्यकामा प्रवेश गरेको मान्नुभएको छ (प्रश्रित, २०६१:७)। यसरी विद्वानहरुले इसा भन्दा ७०० वर्ष अघि माने पनि कम्तिमा पनि १००० वर्षअघि यस उपत्यकामा राज्य सञ्चालन गरेको हुनसक्ने इतिहासकारहरुको धारणा छ।

**३. पुरातात्विक तथा प्रमाणिक आधारमा नेपालमा क्षेत्रीहरुको प्राचिनता :**

नेपालमा प्राचीन कालबाटै विभिन्न जातिहरु बसोवास गरि आएको भनिए पनि पुरातात्विक वा प्रमाणिक रुपमा लिच्छवीकाल भन्दा उता जान सकिंदैन। लिच्छवीकालका अभिलेख तथा मुद्राहरुका आधारमा क्षेत्रीय वर्मा, लिच्छवी, आभिर र गुप्त (गोपाल, महिषपाल), मल्ल र ब्राम्हण, किराँत चाण्डाल जातिको उल्लेख पाइन्छ। त्यसैले लिच्छवीकालमा ४ वर्ण १८ प्रकिृति (जाति) का मानिसहरु बरोबारा गरेका तत्कालीन अभिलेखहरुबाट थाहा पाइन्छ (बज्रचार्य, २०३०:१०४-१०५)। उल्लेखित जातिहरुबाहेक अन्य जातिको बारेमा प्रष्टसँग उल्लेख गरिएको पाईंदैन। यसरी प्रमाणहरुको आधारमा नेपालमा सर्वप्रथम क्षेत्रीहरु नै देखिएका छन्। नेपालमा हालसम्म पाइएका लिच्छवीकालको अभिलेख सहितको मूर्तिमा महाराज जयवर्मा को नाम परेको छ, जुन मिति सहितको पहिलो

अभिलेख हो । हाल राष्ट्रिय संग्राहालय छाउनीमा राखिएको उक्त मूर्तिको पादपिठमा सम्वत् १०७ (इ.सं. १८५), महाराज जयवर्मा उत्किर्ण गरिएको छ (रेग्मी, २०५३:८, बाङ्देल, २०६२:१) यस मूर्तिको अभिलेखमा नामसँगै वर्मा शब्द जोडिएको छ । यो क्षेत्रीयवाची शब्द हो र पछि यो जात विशेषमा सिमित भएको थियो (तमोट, २०४९ :ख) । लिच्छविकालका ऐतिहासिक शासक मानदेव प्रथम, इ.सं. ४६४-५०५) पछि अंशुवर्मा (इ.सं. ६०५-६२१) जस्ता शक्तिशाली तथा प्रतापी शासक भएका थिए भने नेपालको इतिहासमा आफूलाई सर्वप्रथम महाराजधिराज मुद्रामा समेत अंकित गराएका थिए । यसरी इसाको दोस्रो शताब्दीदेखि नै नेपालमा क्षेत्रीहरुले शासन गरेको पुष्टि हुन आउँ छ ।

लिच्छवीकालका ऐतिहासिक राजा मानदेव प्रथम -इ.सं. ४६४-५०५) को चाँगुनारायणको शक संवत् ३८६ (इ.सं. ४६४) को अभिलेखमा कोशी क्षेत्रका किराँत सामन्तहरु र पश्चिम कर्णालीसम्म आधिपत्य जगाएका मल्लपुरीका मल्लहरुले विद्रोह गरेपछि उनीहरुलाई सैन्यवलले बहादुरीसाथ अधिनस्त पारी चाँगुनारायण विष्णुको आरधना गरी आमा सहित ब्राम्हणहरुलाई दानभोज गरेर शिलालेख राख्न लगाएका थिए (बज्राचार्य, २०३०:१५) । यसरी इसाको पाँचौं शताब्दी भन्दा अघिदेखि कायम रहेको नेपालको सीमा कोशीदेखि कर्णालीसम्म कायम राख्न सफल भएका थिए । उक्त अभिलेखमा उनले आफूलाई क्षेत्रीय भएकोमा गर्वसाथ उल्लेख गराएका छन् भने उनकै छोरी विजयवतीको पशुपति सूर्यघाटको शक संवत् ४२७ (इ.सं. ५०५) को अभिलेखमा समेत आफ्ना पिता लिच्छविकालमा जन्मेको कुरा उल्लेख गरिएको छ। (ऐजन: १५,८३) । अझ मानदेवका नाती वसन्तदेवको थानकोटको संवत् ४२८ (इ.सं. ५०६) को अभिलेखमा आफ्नी बहिनी जयसुन्दरीलाई जयपल्लिका नाउँ दान दिई चाटभाट -कर्मचारी) पस्न नपाउने व्यवस्था गर्नुका साथै ब्राम्हण लगायत आठौं प्रकृति -जाति) का गृहस्थीहरुलाई सम्बोधन गरिएबाट (ऐजन: ९३) लिच्छविकालमा ४ वर्ण १८ प्रकृति अर्थात् जात जातिका मानिसहरु भएको प्रष्ट हुन आउँछ ।

हाल नेपालमा हिन्दु धर्मावलम्वी शाह राजाहरु र राणा शासकहरुले धार्मिक तथा सांस्कृतिक चाल चलन लादेको कुरा जनजातिका विद्वानहरुले उल्लेख गर्ने गरेको पाइन्छ । तर यथार्थमा लिच्छविकालमा शासकहरुले आफ्ना अभिलेखहरुमा वर्णाश्रम व्यवस्थाको पालना गर्ने, धर्मशास्त्रहरुको आधारमा शासन गर्ने, धर्म, अर्थ र कामबाट मोक्षतिर लागेका र सबै जात जातिका जनताको कल्याण गरेर पुरुषार्थ कमाउनतिर लागेका भनेर तत्कालीन अभिलेखहरुमा उल्लेख गरिएको पाइन्छ । त्यसबेला जनताहरु सम्पन्न र सुखी थिए । पञ्चापराध (चोरी, जारी, हत्या, राजद्रोह र यस्तालाई साथ दिने) गर्नेको शरीर राजदरवार लाग्थ्यो भने जहान परिवार धन सम्पत्ति सामाजिक तथा धार्मिक संस्थाले पाउँथे । त्यसबेला पञ्चपराध गर्नेलाई कडा सजायँ हुने व्यवस्था थियो । त्यसैले आजभन्दा १४/१५ वर्ष अघिको समाज व्यवस्थित र अनुशासित थियो र त्यस्तो बनाउन शासकहरु तल्लीन थिए ।

नेपालको मध्यकालीन इतिहासमा शासकका रुपमा मल्लहरु देखिएका छन् । यी मल्लहरु पनि क्षेत्रीय (ठकुरी) वंशका नै थिए जसले लगभग पाँच सय वर्ष जति शासन गरेका थिए । इसाको एघारौं शताब्दीबाट बाह्रौं शताब्दीको बीचमा नेपालमा तीनवटा शक्तिको उदय भएको थियो, जसमा काठमाडौं उपत्यकामा मल्लहरु, दक्षिणतर्फ सिम्रोनगढमा नान्यदेवका वंशजहरु र पश्चिमतर्फ कर्णाली प्रदेशको सिंजाबाट नागराजका वंशज खस मल्लहरु थिए । वास्तवमा इसाको बाह्रौं शताब्दीबाट भारत शक्तिमा आएका मुसलमानहरुले यहाँका हिन्दु र बौद्ध धर्मावलम्वीहरुलाई तहस नहस पार्दा त्यहाँबाट हिन्दु र बौद्ध धर्मावलम्बीहरु भागेर सुरक्षित स्थलको खोजीमा नेपालको कर्णाली, गण्डकी र बागमती क्षेत्रतर्फ पसेका थिए । यसरी यहाँ पसेका यी दुवै धर्मावलम्वीहरु आप्रवासीका रुपमा काठमाडौं उपत्यकामा पस्दा सामाजिक जनजीवन अस्तव्यस्त भएकाले जयस्थिति मल्ल (इ.सं. १३८२-१३९५) ले सामाजिक जिवनको पुनर्गठन गर्नुका साथै कामको आधारमा पेशा निर्धारण गरिदिएका थिए । यस प्रसंगमा यसरी आएका ब्राम्हण क्षेत्री लगायत विभिन्न जात जातिको हिन्दु र बौद्धमार्गीहरुलाई

इसाको अठारौं शताब्दीतिर लेखिएको मानिने वंशावलीलाई डेनियल राइटले अंग्रेजीमा उल्था गरेर The History of Nepal भनेर सन् १८७७ मा लण्डनबाट छपाई दिएका थिए। उक्त पुस्तकमा भारतमा मुसलमानहरुको आक्रमणबाट इसाको तेह्रौं शताब्दीतिर बाहुन क्षेत्रीहरु भागेर नेपाल पसेका थिए भनेर लेखिदिएका भरमा हाल कतिपय विदेशी तथा स्वदेशी लगायतका जनजातिका विद्वानहरुले यसै आधारमा बाहुन क्षेत्रीहरु इसाको तेह्रौं शताब्दीमा आएका भनेर उल्लेख गरेको पाइन्छ। यथार्थमा नेपालमा कतिपय जातिहरु बसोवास गर्न नजानेको अवस्थामा क्षेत्री र बाहुनहरुले सभ्य र उत्कृष्ट शासन सञ्चालन गरेको कुरा लिच्छवीकालका अभिलेखहरुबाटै थाहा पाउन सकिन्छ।

उपत्यकाका मल्लहरु सुरुमा क्षेत्रीय (ठकुरी) भए पनि नेवारी भाषाको विकाससँगै नेवारी समाजमा घुलमिल भएका कारणले नेवार जातिको रुपमा परिवर्तित भएका थिए। मल्ल कालमा मैथली भाषाको व्यापक प्रभाव थियो। किनभने त्यसबेला हिन्दु धर्मावलम्वी मल्ल राजाहरुले तराईबाट ब्राम्हण पण्डितहरु ल्याएर दरवारमा राख्ने गर्दथे। त्यसैले संस्कृत, मैथली, नेवारी र नेपाली भाषाको प्रयोग हुने गर्दथ्यो-यहाँ। नेवार समुदाय एउटा जाति नभएर धेरै जातिहरुको मेल भएर नेवारी भाषाको माध्यमबाट संस्कृतिको विकास गरेको थियो। वास्तवमा काठमाडौं उपत्यकामा आएर बसोवास गर्ने गोपाल, अभिर, किराँत, लिच्छवी, नाग, कोल मल्ल, शाक्य, खस, बाहुन लगायत विभिन्न जातिका मानिसहरु भाषाको माध्यमबाट नेवार बन्न गएका थिए। यथार्थमा नेवार न यो एउटा जाति हो न यसमा एक जातीय प्रणाली नै कायम छ। बरु हनुमानढोकाको इ.सं. १६५४ को एउटा अभिलेखमा पहिलो पटक नेवार शब्द आएका छ भने यसै शताब्दीतिर आएका केपुचिन पादरीले पहिलोपटक नेवार शब्द प्रयोग गरेको उल्लेख पाइन्छ। फेरी मध्यकालमा शासन गर्ने शासकहरुले आफ्नो बिहेवारी समेत भारतका राजपूतहरुसँग गर्ने गरेको देखिन्छ। फेरी मध्यकालमा शासन गर्ने शासकहरुले आफ्नो बिहेवारी समेत भारतका राजपूतहरुसँग गर्ने गरेको देखिन्छ। यस आधारमा मल्लकालका मल्ल शासकहरु क्षेत्रीय वंशी थिए भन्ने कुरामा कुनै शंका गर्ने ठाउँ छैन।

यी कुराहरुको अलावा शाहकालमा राणा शासनका प्रवर्तक जंग बहादुर राणाले समेत सन् १८५४ मा पहिलोपटक लिखित रुपमा कानुन बनाएर महत्वपूर्ण कार्य गरेका थिए। उनले कानुन बनाउन लगाउँदा सुरुमै मुलुकमा एकै किसिमको इन्साफ पद्धति विकसित होस् भनी लागू भएको र सबैलाई एकै किसिमको न्याय होस् भनी कानुन बनाएको कुरा परेका छन्। उनले कुनै पनि जात जातिलाई तल र माथि पारेको नभइकन सामाजिक प्रचलन अनुसार प्रचलित थितिलाई संकलन गरेर कानुनको रुप ल्याएको बुझिन्छ। वास्तवमा गोर्खाली शाहवंशीय राजा पृथ्वी नारायण शाहले काठमाडौं, भक्तपुर र ललितपुरलाई अधिपत्य गरेपछि टुक्रा टुक्रा भएर ५२ भन्दा बढी राज्यमा विभाजित नेपाल पुनरएकीकरण गर्ने अभियान चलाएर बहादुर शाह, राजेन्द्रलक्ष्मीको प्रयासले विशाल नेपाल बनाउन सफल भएका थिए। तर, त्यो लामो समयसम्म नरहे पनि जङ्ग बहादुरले नयाँ मुलुक अंग्रेजबाट इनाम वा बक्सिस स्वरुप पाएपछि वर्तमान नेपालको सीमाना कायम हुन गएको देखिन्छ। यसरी प्राचिन गोपाल लिच्छवी लगायत मध्यकालमा मल्लहरुका साथै शाह तथा राणाहरु पनि क्षेत्रीय वंशी र आदिवासी नेपाल राष्ट्रका निर्माता क्षेत्रीहरुलाई आज आप्रवासी बनाउने प्रयास भइरहेको छ। यसलाई दुर्भाग्यपूर्ण भन्न सकिन्छ।

**४. निस्कर्ष :**

नेपालको स्थापना भएदेखि यसलाई कायम राख्न धेरै क्षेत्री, बाहुन, गुरुङ, मगर, लगायतका जात जातिहरुको महत्वपूर्ण योगदान रहेको छ। त्यसैले यसलाई आदिवासी वा शासक भनेर कुनै पनि जातिको हालिमुहाली हुन सक्दैन। जे होस्, नेपालको जग राख्दा टुक्रा टुक्रा ढुङ्गा र माटोमा बढी भन्दा बढी क्षेत्रीहरुको रगत र पसिना परेको छ। लगभग तीन हजार वर्षको लामो इतिहासमा जुन जातिले यो देशका लागि रगत र पसिना बगायो उही जातिलाई पाखा राखेर अगाडि बढ्न खोज्नु कहाँसम्म न्यायसंगत हुन्छ। नेपालको

जनसंख्याको आधारमा पनि वि.सं. २०५८ को तथ्यांक अनुसार नेपालमा क्षेत्रीहरुको जनसंख्या ३९,२७,६१६ (३५,९३,४९६ क्षेत्री र ३,३४,१२० ठकुरी) अर्थात् कुल जनसंख्याको १७.२७ प्रतिशतमा रहेको छ । केन्द्रीय तथ्यांक विभाग, २०६१/६२: २२, गुरुङ, २०६४:९) । दोस्रो संख्यामा बाहुन १२.७४ प्रतिशत र त्यसपछि मात्र मगर ७.१४ प्रतिशतमा रहेको देखिन्छ । यसरी सबैभन्दा पहिलेदेखि बढी जनसंख्या भएर रहेको क्षेत्री जातिलाई नेपालको वर्तमान परिवेशमा संघीयताको खका कोर्दा अन्यमा राखेर नगन्यमा पारेको परिणाम निश्चय पनि राम्रो हुन सक्दैन । वर्तमान गणनामा रहेका जात जातिहरुको सन्दर्भमा १०० देखि ६०० वर्ष अघिमात्र आएका जातिहरु आदिवासीमा दरिने स्थितीले गर्दा नेपालका जातीय विभेदको परिणाम स्वरुप द्वन्दको स्थिती आउने अवश्यंभावी छ। आदिवासी र जनजातीलाई अलग्याएर आदिवासी को हो र को होइन भनेर खोजी पर्गेल्ने कार्य अवश्य पनि राम्रो होइन । कुनै पनि लामो इतिहास भएको जातिको आफ्नो संस्कृति, सभ्यता र इतिहास प्रष्टै देखिन्छ । त्यसैले अहिलेको विश्व भाइचारा बनाउनुपर्ने अवस्थामा कतै हामी पुरानै अवस्थातिर फर्किरहेका त छैनौं । सबै जात जातिका राजनीतिज्ञ, प्रशासक, विद्वानहरुले गम्भीर भएर सोच्नु पर्ने अवस्था आएको छैन र ? अस्तु ।

**सन्दर्भ सामग्रीहरु :**


१. अधिकारी, डा. सूर्यामणि, खस साम्राज्यको इतिहास, काठमाडौं : भूँडीपुराण प्रकाशन, वि.सं. २०६१

२. आचार्य, बाबुराम, "प्राचीन नेपाल" नेपाली (त्रैमासिक), मदन पुरस्कार गुठी, पूर्णाङ्क ४२, २०५६ । ३. कुँवर, डा. धन बहादुर ऐतिहासिक परिप्रेक्षमा आदिवासी खस क्षेत्री बानियाँ दर्पण, गोरखा विशेष, अंक ८, २०६७ बानियाँ बन्धु सहयोग समिति के.का. काठमाडौं ।

४."नेपालका वास्तविक आदिवासी : खस क्षेत्री" खस क्षेत्री सन्देश, वर्ष १, अंक १, २०६६, खस क्षेत्री सन्देश प्रकाशन समूह, काठमाडौं ।

५. केन्द्रीय तथ्यांक विभाग, "नेपालएक चिनारी", तथ्यांक गतिविधि, वर्ष २६, पूर्णाङ्क २, २०६१/६२

६. गुरुङ, किरण "नयाँ नेपालको निर्माण", तमूवान, अंक १, २०६४ ।

७. तमोट, काशिनाथ, "जयवर्मा दोस्रो शताब्दीको हुन सक्ने एक आधार" गोरखापत्र, (२०४९ जेष्ठ ३१ गते)

८. नेपाल ज्ञानमणि, नेपाल निरुक्त, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४०

९. प्रश्रित मोदनाथ "सांस्कृतिक मन्थनमा चार दिन"

१०. विष्ट प्रो.डोर बहादुर फ्याटालिजमा एण्ड डेभलपमेन्ट हैदरावाद : ओरियन्ट लङम्यान लि.इ.स. २००१ ।

११. मिश्र तारानन्द "सम्राट अशोक र नेपालसँग उनको सम्बन्ध" प्रज्ञा, पूर्णाङ्क ८२, (ख) वर्ष-२६, २०५३ ।

१२. रेग्मी डा. जगदिशचन्द्र लिच्छवि इतिहास, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. वि.सं. २०५३ ।

१३. बज्राचार्य, धनवज्र लिच्छविकालका अभिलेख, कीतिपुर : नेपाल एशियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं. २०३० ।

१४. बज्राचार्य धनबज्र र कमल द गोपालराज वंशावली, काठमाडौं : फ्रेन्स स्टेनर पी. मल्ल बोर्लाग वाइजवाडेन जीएमबीएच, इ.सं. १९८५ ।

१५. वाङ्देल, लैनसिंह
जयवर्माको मूर्ति र नेपालको वर्मा वंश, काठमाडौं : मण्डला प्रकाशन, वि.सं. २०६२ ।

१६. शेफर, आर
इथ्नोग्राफी अफ एनसेन्ट इण्डिया, वाइशादेन : १९५४ ।

# क्षेत्रीहरुको एकता आजको आवश्यकता

प्रा.डा. कृष्ण बहादुर थापा

सामूहिक प्रगति र प्रगतिका लागि एकताको आवश्यकता पर्दछ । एकताको अरु बढी आवश्यकता अस्तित्व रक्षाको घडिमा हुन्छ । वर्तमान अवस्थामा क्षेत्रीहरुको अगाडि अस्तित्व रक्षाको यावत कार्य र आवश्यकता परे बलिदान समेत गर्न नसके अस्तित्व नै समाप्त हुने अवस्था आउने स्थिति छ । यस्तो अवस्थामा समानताको हक त धेरै परेको विषय हुनेछ ।

अनेकताभित्रको एकताबाट प्रारम्भ भएको क्षेत्रीहरुको संगठनहरु फेरी अनेकता तर्फको मार्गमा अग्रसर भएको अवस्था छ । वि.सं. २०४७ सालको राजनैतिक परिवर्तनसँगै अनेक थरका क्षेत्रीहरुले आ-आफ्नो वंशको सामाजिक संगठन निर्माण गरेका थिए । त्यस प्रकार त्यसबेला क्षेत्रीहरुको अनेकताभित्र पनि इकाईका रुपमा एकता कायम भएको थियो । त्यसबेलाको प्रारम्भिक चरणमा आ-आफ्नै वंशमा पनि अनेकता भएको र अनेकतामा रहेका क्षेत्रीहरुमा एकाईबाट एकताबद्ध हुने क्रमको थालनी भयो । त्यो चरणमा सिंगो क्षेत्रीनीतिलाई एकतामा ल्याउने प्रयास भएको थिएन । त्यसपछि समयको प्रभाव र तत्कालीन समाजमा आएको आवश्यक/अनावश्यक जात जातीय जागरण र आन्दोलनको प्रभावले क्षेत्रीहरुमा व्यापक एकताको आवश्यकता महसुस भयो । सोही अनुसार एकता गर्ने कार्यको थालनी भयो । तर, देशका विभिन्न क्षेत्रमा फैलिएका क्षेत्रीहरुलाई एकै स्थानबाट एकैचोटी एउटै संगठनमा एकताबद्ध गर्न सजिलो कुरा थिएन र त्यसो गर्न सकिएन पनि । सबै क्षेत्रीहरुलाई एकै संगठनभित्र समेट्ने संगठनात्मक ढाँचामा पनि क्षेत्रगत हिसाबले फरक पऱ्यो । काठमाडौंबाट भएको एकताको प्रयासको ढाँचामा आ-आफ्नो वंश र थरको आधारमा संगठनमा आबद्ध भएका क्षेत्रीहरुलाई एकाई मानेर महासंघमा आबद्ध गर्ने प्रयास भयो र क्षेत्री समाज महासंघको स्थापना भयो । त्यसैबेला पोखरामा पनि क्षेत्री समाज नेपालको स्थापना भयो । त्यस्तै विराटनगरमा पनि खस क्षेत्री एकता समाजको नाममा अर्को संस्था स्थापना भयो । त्यसप्रकार क्षेत्रीहरुको उद्देश्यमा त्यति फरक थिएन । त्यसबेला ती सबै संस्थाहरु क्षेत्रीवन्धुहरुको सामाजिक, आर्थिक उत्थानका लागि संगठित भएका थिए । त्यसपछि परिस्थिती परिवर्तन हुँदै गयो । समय बित्दै जाँदा राजनीतिमा समेत जातजातिका कुराले प्रवेश पाउन थाल्यो । जातीयता भाषा, संस्कृति आदिको संरक्षण र सम्बन्धिको कुरा मात्र होइन जातीय विशेषाधिकारको कुरा समेत उठ्न थाल्यो । त्यसको साथै आदिवासी र जनजाती दुई भिन्न कुरालाई एकै ठाउँमा मिसाएर आदिवासी जनजाती एउटै बनाइदियो र उनीहरुको विशेष अधिकार सहितको छुट्टाछुट्टै राज्य बनाउने कुरा अगाडि आयो । आदिवासी, जनजातिको सूचिकत गर्दा विल्कुलै पूर्वाग्रही र नस्लवादी धारणा राखियो । जुनकुरा नेपालको सामाजिक संरचनामा मेल खाँदैनथ्यो र त्यसमा ऐतिहासिक तथ्य पनि थिएन । नेपालमा आदिवाल देखि बस्दै आएका खसजातिसँग सम्बन्धित सबै नागरिकलाई आदिवासी मानिएन । अर्कातिर आदिवासी भएको कुनै ऐतिहासिक प्रशंसा नभएका वा आदिवासी होइनन् भन्ने स्पष्ट प्रकरण भएका कतिपय जातजातिलाई भने आदिवासीका सूचिकृत गरियो । पछिल्लो चरणमा त्यसैको आधारमा तर, आदिवासी सूचिकृत भएका मध्ये पनि केही जातजातिले रकम पाउने गरी उनीहरुको विशेषधिकार सहितको राज्य संरचना गर्ने कार्यलाई निकै अगाडि बढाइदियो । यस्तो भेदभावपूर्ण कार्यमा देशको सबभन्दा ठूलो दलले सबभन्दा बढी भूमिका खेलेबाट अन्य जातजातिका लागि यो अवस्था चूनौतीपूर्ण हुन गयो । वास्तवमा विशेष अधिकार सहित जातीय राज्य पाउने प्रस्ताव भएका जातजाति बाहेक यो देशका अन्य सबै जातजातिका लागि यो "गर मार" को हो । क्षेत्रीहरुका लागि पनि यस्तै अवस्था सिर्जन भएको स्प्ट नै छ । यस्तो अवस्था सिर्जना भएपछि क्षेत्रीहरुले आफ्नो अस्तित्वको लागि लडाई लड्नु पर्ने वाध्यता भयो । देशको सीमाना र जनताका रक्षाका लागि हतियारद्वारा लडाई लडेका र जातजातिका कुरा कहिल्यै नगर्ने क्षेत्रीहरुले पनि वाध्यतावश आफ्नो जातिको कुरा गर्नुपर्ने अवस्था आयो । त्यस्तै आदिवासी, जनजातिको सूचिकरण

गलत छ, त्यसलाई सच्याउँ र सबै आदिवासी र सबै जनजातिको अवस्था स्पष्ट गरौं भन्नुपर्ने अवस्था आयो । त्यसैगरी अल्पसंख्यकले बहुसंख्यकमाथि शासन गर्ने, राज्य पुन: संरचनाको खाका बन्द गरौं भन्नुपर्ने अवस्था आयो तर, अवस्था यस्तो आयो भनेर मात्रै नपुग्ने भयो । त्यसको लागि आन्दोलन नै गर्नुपर्ने भयो । त्यसैले क्षेत्रीहरुबीचको एकता हुन अनिवार्य भयो । क्षेत्रीहरुको एकताबद्ध संघर्षले बाहेक अन्य उपायले क्षेत्रीहरुको अस्तित्व रक्षा गर्न सक्ने अवस्था नरहेको स्पष्ट भएको छ ।

जहाँसम्म क्षेत्रीहरुको एकताको प्रश्न छ । वर्तमान अवस्थासम्म क्षेत्रीहरु र उनीहरुको संगठनका बीचमा एकता शुत्रहरु प्रवल रुपमा रहेको पाइन्छ । एकताविरोधीहरु अपवादका रुपमा मात्र रहेको अवस्था छ । अपवादका रुपमा रहेका एकताविरोधीहरु पनि खुलेर आउन सकेको अवस्था छैन । यस प्रकार एकताको कडी मजबुत भएता पनि एकता नभैरहेको अवस्था छँदैछ र भित्रभित्र रहेका विविध छहराले एउटा हुन नसकेको अवस्था पनि दृष्टिकोण हुन्छ नै । एकता विरोधी त्यस्ता कारण प्रवल रुपमा छैन र तर कमजोर अवस्था भए पनि केही कारण भने धटी त्यस्ता एकताका वाधक धारणालाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

शक्तिहरु सबै आदिवासी हुन् । र उनीहरुलाई आदिवासीमा सूचीकृत गर्नुपर्दछ भन्ने कुरा प्रमाणित गर्न उनीहरुको सम्बन्ध खस नीति रहेको कुरा स्पष्ट गर्न र स्पष्ट हुन आवश्यक छ तर, जब भने कुरा आउँछ त्यसमा पूर्ण सहमति आउँदैन । अझै पनि कतिपय क्षेत्रीहरु आफूलाई खस जातिसँग सम्बन्धित भएको स्वीकार गर्न तयार छैनन् । यसले क्षेत्रीहरुको एकतामा केही वाधा पुऱ्याएको अवस्था छ । यस्तो भ्रमको निवारण गर्न यस्तै छलफलको कार्यक्रम आवश्यकता छ । यस्ता छलफलले भ्रम निवारण गर्नेछ र एकता कायम गर्न सहयोग पुग्नेछ ।

एकताका लागि क्षेत्रीहरु वंशज गुण/अपगुण पनि केही मात्रामा वाधकबाट क्षेत्रीहरु आफ्नै कामका लागि रहने अर्काको वास्ता नगर्ने हुन्छन् । यस्तो मावलले गर्दा उनीहरुलाई कुरा बुझाउन पनि अप्ठ्यारो हुन्छ । कुरा नबुझी कोही पनि बन्न तयार हुँदैनन् । यसले गर्दा एकता चाँडो हुँदैन । यस्तो क्षेत्रीहरुका अपगुणहरु आवेगमा आउने, असहमत राख्ने, आफैंमा पनि नमिल्ने आदि छन् । यसले पनि एकतामा थोरै-थोरै वाधा पुऱ्याएकै छ । यस्ता चरित्रहरुलाई त्याग्नु पर्दछ । अन्यथा उनीहरुले सबैलाई एकताबद्ध गरेर लैजान सक्दैनन् । नेतृत्व गर्नेले धैर्यपूर्वक सबैको कुरा सुन्न पर्दछ । राम्रा-राम्रा कुरा चाँडै ग्रहण गर्नु पर्दछ र आफ्ना सहिकरा अरुलाई बुझाउन सक्नु पर्दछ । अनिमात्र एकता चाँडा सम्भव हुन्छ ।

वर्तमान परिप्रेक्ष्यमा नेतृत्व तहमा रहेका क्षेत्रीहरुले दलगत जातजातीय राजनीति भन्दा माथि उठ्नु पर्दछ । नेतृत्व वर्गले कुरा स्पष्ट बुझ्नु पर्दछ भने हामीले उठाएका क्षेत्रीहरुका कुरा जातीय राजनीतिमा विश्वास गरेर होइन बरु जातीय राजनीतिको विरुद्धमा हो । हामीले उठाएको क्षेत्रीहरुको कुरा वाध्यताले हो रहर र स्वार्थले होइन र यो क्षेत्रीहरुका भलाईका लागि मात्र होइन । हामी सबै जातजातिको भलाई चाहन्छौं, एकता चाहन्छौं र समानता चाहन्छौं, क्षेत्रीहरुको भलाई मात्र हामी अभिष्ट र अभिमान होइन । यी कुरा नेतृत्व वर्गले स्पष्ट गर्न र लागू गर्न सके क्षेत्रीहरुसँग सम्बन्धित संस्थाहरुको बीचमा मात्र एकता हुने छैन, यसले यस्ता कुराको पक्षमा रहेका सारा मानिस र संघ-संस्थाका बीचमा पनि एकता हुनेछ । यसबाट जातजातिवाद, नस्लवाद, स्वार्थी क्षेत्रीयतावाद, राष्ट्रिय विखण्डनवाद सबैलाई परास्त गर्न सकिनेछ । यस सन्दर्भमा क्षेत्रीहरुको एकता र गतिविधिलाइ थोरै मानिस र संघ संस्थाले चाखपूर्वक, सहानुभूतिपूर्वक र आशा भरोसाकासाथ हेरिरहेका छन् । त्यसैले यी कुरालाई हामीले ध्यान दिनै पर्दछ र एकताबद्ध हुनै पर्दछ । यसले क्षेत्रीहरुलाई अन्य जातजातिका मानिसलाई समेत नेतृत्व प्रदान गर्ने मौका दिनेछ ।

क्षेत्रीहरुमा जे एकता छ त्यसलाई टुटाउन समेत अनेक किसिमका भ्रम पैदा गर्ने कार्यहरु पनि भैरहेको छ । नेपालमा सधैं नै शासन गरे, त्यसैले उनीहरुलाई शासक र शोषक वर्गमा पर्दछन् भने जसमा भ्रम छरिएको छ । सही कुरा के हो भने नेपालको इतिहासमा क्षेत्रीहरुले शासन गरे तर, निश्चित थर र वंशका क्षेत्रीहरुले मात्रै शासन गरेका थिए । अन्य सबै क्षेत्रीहरु जनसाधारण

नै थिए । नेपालमा शासन गर्ने क्षेत्रीहरुमध्ये मख्यतया प्राचीन कालमा लिच्छवीहरु, मध्यकालमा मल्ल र शाहहरु र आधुनिक कालमा शाह र राणाहरु थिए । ती देशका मानिस मध्येमा पनि सीमित राजपरिवारले मात्र शासन गरेको स्पष्ट छ । ती वंशका अन्य क्षेत्रीहरु भने साधारण जनता नै थिए । त्यसकारण नेपालमा धेरै वंश र जातमा रहेको सबै क्षेत्रीहरु शासक र शोषक थिए भन्नु भ्रम फैलाउनु मात्रै हो । अहिलेको परिप्रेक्ष्यमा भन्ने हो भने क्षेत्रीहरु कतिपय कथाकथित शोषित-पिडित जाति भन्दा पनि निम्न स्तरमा भूमिसकेका छन् । यसप्रकार सिंगो जातिका रुपमा क्षेत्रीहरु सबै कहिल्यै शासक भएनन् बरु तत्कालिन शासक र शोषकद्वारा विविध किसिमले शोषित र पीडित नै रहे । यो कुरा हामीले बुझ्नु पर्दछ । र हिजोका शोषकसँग हामीलाई जोडेर कुप्रचार गर्ने कुराको खण्डन गर्नु पर्दछ । अनि मात्र हामी एकताको नजिक पुग्दछौं । अन्यथा हामी शासकै रहेछौं कि या शोषकै रहेछौं कि या पछाडी नै रहेछौं कि भन्ने भ्रममा पर्‍यौं भने हामी एकताबाट टाढिन्छौं ।

अन्य कतिपय तथा कथित आदिवासी/जनजातीको एकता समेत हामीले सिक्नु पर्दछ । हामीमा भन्दा धेरै अनेकता उनीहरुमा छ । तर, उनीहरु एकताबद्ध भएका छन् । उनीहरुमध्ये कतिको त आदिवासी/जनजातीको अवस्था समेत स्पष्ट छैन र बनावटी अवस्था सिर्जना गरेका छन् । तर, उनीहरुमा एकता कायम छ । हामीहरुसँग आदिवासी भएको प्रमाण स्पष्ट छ । हामी सबै राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, जातजाति बीचमा मेलमिलाप, एकता र समानताको पक्षमा छौं । यही हाम्रा आदर्श हामी सबैले बोकेर हिंडिरहेका छौं । तैपनि हामीमा एकता छैन । हामीले यी कुरालाई गम्भीरतापूर्वक लिएर एकताका लागि अग्रसर हुनै पर्दछ ।

यी सबै छलफलको निचोडमा के भन्न सकिन्छ भने क्षेत्रीहरुको एकताको प्रश्नमा सकारात्मक पक्ष बलियो रुपमा छ । तर, यसलाई व्यवहारमा उतार्न सबै तर्फबाट इमान्दार प्रयत्न हुनु आवश्यक छ । इमान्दारीको कुरा नेतृत्वसँग बढी सम्बन्धित छ । अहिलेसम्मको व्यवहार र अनुभवले के स्पष्ट गरेको छ भने एकताको बढी बाधक क्षेत्रीहरुका विभिन्न संस्थामा रहेका नेताहरु नै छन् । यस मामलामा केही बढी दोषी होलान् र कोही कम तर, दोषका भागीदार उनीहरु नै देखिन्छन् । यो वहानामा वा उ वहानामा उनीहरुनै एकताका बाधक भएका छन् । एकताका बाधकका रुपमा उनीहरुमा रहेका कमजोरी मुख्यतयाः तीन प्रकारका छन् । सर्वप्रथम क्षेत्रीहरुकै उद्‌गमको बारेमा केही स्पष्टता छैन । क्षेत्रीहरुको सम्बन्ध खस जातिसँग छ भन्ने कुरा मान्दै नमान्ने कोही छ भने क्षेत्रीहरु मात्र होइनन् जनजाति पनि हुन् भन्ने पक्षमा कोही मानिस छन्/उनीहरु आ-आफ्ना मान्यता बदल्न तयार छैनन् । यस्ता आवश्यक/अनावश्यक अडानले एकतामा बाधा परेको स्पष्ट नै छ । केही व्यक्तिका बढी महत्वाकांक्षा पलाएको पनि छ र केही पाउने आशामा मात्रै सक्रिय भएको अवस्था पनि छ । त्यसो भएकाले कुनै पनि कुरामा आफै पहिले हुनको लागि एक्लै दौडने प्रवृत्ति देखा परेको छ । क्षेत्रीको संस्था मुख्यतः सामाजिक हो कि राजनीतिक भन्ने विषयमा पनि कतिमा भ्रम छ । संस्था जस्तो स्वरुपको भएता पनि त्यसबाट प्रतिफलको आशामात्र गर्नेहरु पनि संस्थाभित्र रहेका छन् । यसले गर्दा एकतामा बाधा भैरहेको अवस्था छ । यस्तो महत्वकांक्षाको प्रतिविम्व उनीहरुको बोलाइबाट होइन बेला-बेलामा गरिने गतिविधिले स्पष्ट पारेको छ । अर्को एकताको विरोधी तत्वको रुपमा क्षेत्रीमा संस्था भित्रका मानिसमा प्रत्यक्ष वा परोक्ष रुपमा रहेको अपरिपक्व राजनीतिक तर मान्यता र चलखेल हो । वर्तमान अवस्थामा भिक्षुहरु गैर राजनीतिक मान्छे पाउन गाह्रो छ । तर क्षेत्रीहरुको संस्थाको नेतृत्वमा बस्ने व्यक्तिले त्यस्ता संस्थामा राजनैतिक चलखेल हुनुहुन्न भन्ने कुरा बुझेको हुनु पर्दछ । र सोही बमोजिम कार्य गर्न सक्नु पर्दछ । कतिपय संगठनको साधारणसभा हुँदै र नेतृत्व चयन गर्दा राजनैतिक दलगत भावनाबाट समेत प्रेरित हुने गरेको उदाहरण भेट्न सकिन्छ । यस्ता कुराले समेत एकतामा बाधा परेको अवस्था छ ।

कुनै संगठनको नेतृत्वमा रहेको कतिपय व्यक्तिको आवश्यकताभन्दा बढी बढपान र घमण्ड प्रदर्शनले पनि एकतामा बाधा पुर्‍याएको अवस्था छ भने अर्कोतिर सांगठानिक क्षमता भन्दा बढी मोलतौल गर्ने र पद लोलुपता देखाउने प्रवृत्तिले पनि एकतामा बाधा परेको

अवस्था छ ।

उपरोक्त यस्ता गतिविधिमा जो कोही समावेश छन् उनीहरुलाई थाहा नभएको हुन सक्छ । उनीहरु आम क्षेत्रीहरुको चाहना भन्दा बाहिर गैरहेका छन् र आम क्षेत्रीहरुको साझा धारणा विपरित काम गरिरहेका छन् । यस्ता गतिविधिमा समावेश हुनेहरुले यी कुरा बुझेर आफूलाई चाँडै नसच्याए उनीहरुले क्षेत्रीहरुको आन्दोलनलाई लक्ष्यमा पुऱ्याउन सक्ने अवस्था हुँदैन र यस्तो प्रवृत्तिले एकता हुन सक्ने अवस्था पनि सिर्जना गर्दैन । अन्यमा के भन्न सकिन्छ भने एकता आजको आवश्यकता हो तर, दु:ख साथ भन्नु पर्दछ, यसका लागि उचित वातावरण छैन र तत्कालै उनीहरुमा पूर्ण एकता पनि सम्भव देखिँदैन । तत्काललाई उनीहरुका बीचमा कार्यरत एकता भने सम्भव छ र यसको अनिवार्यता पनि छ । यसैको आधारमा काम गर्दै जाने र वृहत्तर एकताको प्रदान गर्दै जानु पर्दछ । वर्तमान सन्दर्भमा व्यक्तिगत एकता, क्षेत्रगत एकता र राष्ट्रव्यापी एकता, यो मोडेलमा जानु नै उपयुक्त हुने देखिन्छ तर, सबैमा इमान्दारिता भयो भने एकैचोटी पूर्ण एकता सम्पन्न नहुने अवस्था पनि छैन । आशा गरौं सबैमा यो चेतना आउनेछ । चाँडो भन्दा चाँडो एकता कायम हुनेछ ।


रजिष्टर्ड नं. ४३७/०५५/०५६ सुरक्षित बचत आकर्षक ब्याजदर पान दर्ता नं. ३०१५८४४२१

सरल एवं सुलभ कर्जाका साथै

छरितो र भरपर्दो वित्तिय कारोवारको लागि





हार्दिक

शुभ-कामना

विजयादशमी तथा दिपावली २०७० को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पिस सेभिङ्ग को-अपरेटिभ लिमिटेड

जि.पि.ओ. बक्स: ८०३९, वटु, भि.आई.पि चोक, काठमाडौं नेपाल

फोन : ४२४२५८९, फ्याक्स : ४२२३३९७

email : peacesaving@hotmail.com

# विभिन्न समयमा राज्यको शासन सञ्चालनमा खड्का क्षेत्रीको भूमिका



**चन्द्र बहादुर खड्का**

नेपाल अधिराज्यमा बिभिन्न थर, गोत्रका क्षत्रीहरु पाइन्छन् । त्यस मध्ये खड्का क्षेत्री पनि एक हुन । अहिले बिभिन्न भागमा खड्का क्षेत्रीहरुको बसोबास प्रशस्त मात्रामा पाइन्छ । यति मात्र होइन, यी खड्का क्षेत्रीहरुले देशको बिभिन्न भागमा विभिन्न कालखण्डमा शासन समेत चलाउदै आएको कुरा पनि इतिहासले बताउछ । त्यस्ता केही उदाहरणहरु तल प्रस्तुत छन् ।

कुनै समयमा डोटीको डिक्पुर्चुण्डीमा खड्का क्षेत्रीहरुको राज्य थियो भन्ने कुरा त्यहा सुन्न पाइन्छ । यस कथनको तलका तथ्यहरुबाट पुष्टि हुन आउछ । पहिले स-साना राज्यका शासकहरुलाई रजवार भन्ने चलन थियो । डोटी जुनबेला एक बिशाल राज्यको रुपमा थियो र यो झण्डै अहिलेको सम्पूर्ण सेती महाकाली अञ्चल क्षेत्रमा बिस्तारित थियो । त्यस अवस्थामा त्यहाँ बिभिन्न नामका रजवार थिए । त्यस मध्ये 'पुर्चुण्डा' रजवार पनि एक थियो । यसबाट डोटीको पुर्जुडा (पुर्चुडी) मा पहिले रजवार रहेको देखिन्छ र डोटीको फुलौटा शिरसेन भुवनेश्वरी माइलाई चढाएको घण्टमा चौकी फुलौटा निवासी श्री खड्गसिंहका पुत्र श्री ह. रण बहादुर, वीर बहादुर खड्का रजवारले चढाएको घण्टा भन्ने लेखेको पाइएको हुदा त्यहाका रजवार खड्कानै भएको तथ्य खुल्न आउछ ।

यस बाहेक कोटकाँडा नजिकको चौकोटलाई पनि खड्काहरुको पुरानो राज्य हो भनि उल्लेख भएको छ । त्यस्तै डोटीकै मकारीकोटमा पनि कुनै समयमा पुँवारबंशी राजा चतुरी खड्काले राज्य गरेका थिए भन्ने पूर्ण प्रकास नेपाल यात्रीको कथन रहेको छ ।

थलहरा (हाल बझाङमा पर्ने) मा पनि पहिले खड्काहरुले राज्य गरेका र पछि बझाङ्गी राजा शक्तिसिंहका भाई जक्तिसिंहले थलहराको मोटु/मोटो खड्कालाई मारी आफू त्यहाको राजा भएको कुरा त्यहाको बंशावलीबाट देखिन्छ । यसबाट थलहरामा पहिले थनालहरुको त्यस पछि खड्काहरुको र त्यस पछि मात्र सिंहहरुको शासन भएको कुरा प्रष्टिन्छ ।

कुनै समयमा जुम्लाको फानचौर भन्ने टाकुरामा पनि खड्काहरुले राज्य गरेको कुरा जुम्ला तर्फ जनतामा किंबदन्तीको रुपमा रहेको छ । त्यहा त्यस बखतका मन्दिरहरुको भग्नावशेष पनि देख्न पाइन्छ ।

त्यस्तै कालीकोटमा पनि पहिले खड्काहरुको राज्य थियो र त्यहाँका अन्तिम खड्का राजा अर्जुनसिंह खड्कालाई जितेर मलयवमका छोरा मेदिनी बर्माले राज्य गरेको कुरा त्यहा चर्चित रहेको छ भन्ने योगी नरहरिनाथको कथन थियो ।

वि.स.१६०५ मा पाल्पाका राजा मुकुन्दसेनले काठमाण्डौ उपत्यका माथि आक्रमण गर्दा बिशाल सेना साथ लिएका थिए । सो आक्रमण गर्दा उनी गोरखाको बाटो भएर गएका थिए । त्यतिखेर गोरखामा खड्का थर भएका मगर राजाहरु थिए । आफ्ना सेनाद्वारा ती मगर खड्का राजालाई सबपरिवार नष्ट गरी सो ठाउँमा मनोहर खड्का क्षेत्रीलाई स्थापना गरिदिए । ती अपदस्त खड्का मगरहरुले गङ्गाराम रानामगरको नेतृत्वमा लम्जुङ्गका कान्छा राजकुमार द्रव्यशाहलाई लिगलिगको दौड जित्न लगाएर गोरखाको तल्लोकोटमा पनि आक्रमण गर्न लगाए । ११ बर्षसम्म खड्का क्षेत्रीहरुले राज्य गरे पछि द्रव्यशाह वि.स.१६१६ मा क्षेत्री खड्काहरुलाई धपाएर आफू राजा भए । यसरी गोरखा राज्यबाट भागेका खड्काहरु त्यहाबाट यत्रतत्र लागेका रहेछन् ।

त्यसैगरी वीरेन्द्र प्रज्ञा अलंकार प्राप्त प्रा.डा. क्रिष्टोफ भोन फुरर हैमण्डर्फले पनि आफ्नो 'युनिटी

एण्ड डाइभरसिटी इन दी क्षेत्री काष्ट अफ नेपाल' शीर्षक लेखमा गोरखाका ती राजालाई खड्का थरको क्षेत्रीनै भनेर उल्लेख गरेका छन् ।

अतः उपरोक्त ऐतिहासिक पृष्ठभूमितर्फ दृष्टिगत गरी हाल देशका बिभिन्न क्षेत्रमा बसोबास गरेका बिभिन्न उपथर तथा गोत्रका खड्का क्षेत्रीले आफ्नो उत्पत्ति, बिस्तार, आरोह, अवरोहका साथै धार्मिक, सामाजिक तथा, सांस्कृतिक रीतिरिवाज सम्बन्धमा अनुसन्धान गरी त्यसबाट प्राप्त जानकारीलाई आपसमा आदान प्रदान गर्ने परम्पराको थालनी गरेको खण्डमा माथि उल्लेख गरिएका खड्का शासकहरुको शासनकाल, बंश, गोत्र आदिको निर्धारण हुन सक्ने देखिन्छ किनकि निरन्तर अनुसन्धानबाट मात्र ऐतिहासिक तथ्य प्रकाशनमा आई इतिहास परिमार्जित हुने गर्दछ । यस बाहेक अनुसन्धानको दोश्रो बिषय हो बि.स. १६१६ को गोरखाको उक्त घटना पछिका कालखण्डहरुमा देशको शासकीय तथा प्रशासकीय क्षेत्रमा खड्का बाहेक अन्य बिभिन्न थरका क्षत्रीहरु उच्च भारदारका रुपमा देखिए पनि खड्का क्षेत्रीहरु चाँहि देखापर्न नसक्नुको कारण के थियो? त्यस अधिसम्म बिभिन्न कालखण्डमा स्वयं शासक समेत रहदै आएका खड्का क्षेत्रीहरुले आफ्नो शासकीय अभिमानलाई त्याग्न नसकेर पराधीनता स्वकार्नु भन्दा देशको राजनैतिक परिदृष्यबाटै हट्नु उचित ठानेर हो? आज जातीय अभिमानको लागि होइन, जातीय पहिचानको निरन्तरता कायम राख्नको लागि पनि हामी खड्का क्षत्रीहरुले पूर्वाग्रहरहित भएर यस तर्फ अनुसन्धान गर्नु जरुरी देखिन्छ ।

*लेखक : पूर्व डि.आइ.जि. एवं पुवाँर खड्का गुठीका के.सल्लाहकार हुनुहुन्छ ।*

सन्दर्भ सामाग्री सूची


१. *प्राचीन नेपाल अंक ३०-३९, पृष्ठ ६३, २०३१ माघ-२०३४ बैशाख ।*

२. *योगी नरहरिनाथ - इतिहास प्रकाशन सन्धिपत्र संग्रह पृष्ठ ७७९ ।*

३. *योगी नरहरिनाथ - इतिहास प्रकाशन सन्धिपत्र संग्रह पृष्ठ ७७९ ।*

४. *प्राचीन नेपाल अंक ३०-३९, पृष्ठ ६२, २०३१ माघ-२०३४ बैशाख*

*रत्नाकर देवकोटा-नेपाली त्रैमासिक, अंक ९२*

५. *सुवेदी वंशावली-पृष्ठ ६०-६१, सुवेदी कल्याण प्रतिष्ठान काठमाण्डौ, २०६३*

६. Kaste and Kin in Nepal, India and Ceylon # 20, Edited by: Christoph Von Haimendorf, Asia Publishing House, Bombay.



# हार्दिक शुभ-कामना

विजयादशमी तथा दिपावली २०७० को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





**होटल इको प्रा.लि.**

**ठमेल, काठमाडौं**

# नेपालमा सुशासन सम्बन्धि कानूनी व्यवस्था



**अधिवक्ता : टीकाध्वज खड्का**
(एल.एल.एम, अन्तराष्ट्रिय कानून)

**१. सुशासन के हो ?**

चुस्त सार्वजनिक क्षेत्रको व्यवस्थापन,उत्तरदायित्व, नि:शुल्क सूचना प्रवाह र विकास सम्बन्धि अवधारणा नै सुशासन हो । भनी विश्व बैंकले सुशासनको परिभाषा गरेको पाईन्छ । नेपालको कानूनहरुमा सुशासनको स्पष्ट परिभाषा पाईदैन तर नेपालमा सुशासन कायम गर्ने सम्बन्धमा भएका कानूनहरुको अवलोकन गर्दा सेवाग्राहिको हित र चाहना अनुसारको सेवा दिने गरी सार्वजनिक संस्थाहरुको संचालनलाई नै सुशासन अर्थात असल शासन भन्न सकिन्छ ।

सुशासनले योजना बनाउने, कार्यान्वयन गर्ने एवम् कानून र प्रक्रियालाई जनताको इच्छा र आवश्यकता अनुरूप सुधार गर्दै लैजाने प्रक्रिया समेतलाई बुझाउछ । जनतालाई सेवा दिने (सेवा प्रदायक) सार्वजनिक संस्थाहरुले सेवालिन आउने नागरिक अर्थात सेवाग्राहिलाई सेवा दिदा कसैलाई पनि भेदभाव नगरी, समान ढंगले विना स्वार्थ कानूनले तोकेको प्रक्रिया बमोजिम सरल र सहज तरिकाले सेवा दिने काम गरेमा सुशासन कायम भएको मानिन्छ । सुशासनले सरकारी कार्यालयको काममा आउने ढिला सुस्तिलाई हटाई सरकारी कार्यालयहरुलाई सेवामुखी समेत बनाउँछ ।

सुशासनको अवधारणाले सार्वजनिक प्रशासन, समुदाय, गैरसरकारी सामाजिक संघसंस्था, निजीक्षेत्र लगायत सबै क्षेत्रबाट प्रवाहित सम्पूर्ण सेवालाई समेट्दछ । उपर्युक्त क्षेत्रहरू मध्ये सार्वजनिक प्रशासन सबै भन्दा व्यापक र सरकारको ज्यादै महत्वपूर्ण अंग भएकोले सार्वजनिक प्रशासनलाई सुशासनको अवधारणा अनुरूप सञ्चालन गर्न सकेमा अन्य क्षेत्रहरूमा त्यसको प्रभाव सहजै पर्दछ । सुशासनको लागि सार्वजनिक संस्थाहरुको जवाफदेहिता,उत्तरदायित्व,सहभागिता, पारदर्शीता अति महत्त्वपूर्ण हुन्छ । संक्षेपमा निम्न कुराहरु भएमा सुशासन भएको मानिन्छ :

- जनताको हित, तथा कल्याणलाई बढाउने गरी सेवा प्रदायक संस्थाले काम गरेमा सुशासन भएको मानिन्छ ।
- जनतालाई प्रभाव पार्ने विषयको निर्णय प्रक्रियामा स्वयम् उनीहरुलाई सहभागी गराउने कुरा पनि सुशासनसंग सम्बन्धित छ ।
- स्थानीय निकायको निर्णय प्रक्रियामा जनताको सहभागिता, सुनिश्चित गराउने कुरा पनि सुशासन संग सम्बन्धित छ ।

**२. उत्तरदायित्व के हो ?**

उत्तरदायित्व भनेको कर्तव्य अर्थात जवाफदेहिता वा जिम्मेवारी समेत हो । देशमा भएका प्रचलित ऐन कानूनहरुको सम्मान तथा पालन गर्नु हरेक नागरीकको कर्तव्य हो भने सुशासनको आधारभूत मँपदण्ड बमोजिम सेवाग्राहिलाई सेवा दिनु सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको कर्तब्य अर्थात उत्तरदायित्व हो । उत्तरदायित्वलाई अर्को शब्दमा जनताप्रतिको जवाफदेहिता वा जिम्मेवारी समेत भनिन्छ ।

सरकारी संस्था एवम् निकायहरुले देशको संविधान एवम् कानूनमा तोके बमोजिम इमान्दारिता पूर्वक कर्तव्यनिष्ट भई काम र जिम्मेवारी निर्वाह गर्नु पर्दछ र त्यसरी गरिएको कामको र काम गर्न नसकेमा नसक्नुको कारण समेत जनतालाई दिनु पर्दछ ।

**३. पारदर्शीता के हो ?**

पारदर्शिता भन्नाले सार्वजनिक सरोकारको विषयमा सरकारी तथा गैर सरकारी क्षेत्रको काम कारवाहीको सूचनामा सर्वसधारणले पहुँच राख्न पाउनु

हो । जसले सार्वजनिक संस्थाहरुको कामकारवाहीलाई स्पष्ट र छलङ्ग पार्दछ । सरकारी तथा गैर सरकारी निकायहरुको काम कारबाहीलाई पारदर्शी बनाउनको लागि नेपालमा सूचनाको हक सम्बन्धी ऐन नै बनिसकेको छ । उक्त ऐनमा "राज्यको काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउने" र "सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउने" उल्लेख गरिएको छ ।

**४. सुशासनको महत्त्व**

लोकतान्त्रिक शासन प्रणालीमा सरकारी तथा गैर सरकारी क्षेत्रले आफ्ना कामकारवाही सञ्चालन गर्दा जनताको सर्वोत्तम हित र कल्याणलाई प्रवर्द्धन गर्ने गरी गर्नु पर्दछ । त्यसैले पनि सुशासन, सेवा प्रदायक, सरकारी तथा गैर सरकारी संस्थाले जनताको चाहना बमोजिम सेवा प्रदान गर्न अपनाउने मापदण्ड पनि भएकोले यस्ता मापदण्डको जति बढि पालना गर्न सक्यो त्यतिनै मात्रामा जनताले सुशासन प्राप्त गर्दछन् । जनताले सुशासन प्राप्त गरेको अनुभूति गरेमा मात्र राष्ट्र, प्रजातन्त्र र मानव अधिकारको जगपनि बलियो हुन्छ । अतः सुशासन प्रजातन्त्र र मानव अधिकार कै महत्त्वपूर्ण मापदण्ड भएकोले समाजमा सुशासनको महत्त्व निम्न अनुसार छन् :

- सुशासन कायम भएमा सर्वसाधारणले सरकारी तथा गैर सरकारी निकायबाट सेवा सरल, छिटो, छरितो र पारदर्शी ढंगबाट पाउन सक्दछन् ।
- सुशासनले सर्वसाधारण जनता र सरकारी निकाय बीचको सम्बन्धलाई घनिष्ट र बलियो बनाउँछ ।
- सुशासनले सरकारी र गैर सरकारी निकाय प्रति जनताको आस्था, विश्वास र अपनत्व बढाउँछ ।
- सुशासनले सरकारी र गैर सरकारी निकायका पदाधिकारी तथा कर्मचारीलाई सेवाग्राहि जनसाधारण प्रति जिम्मेवार र उत्तरदायी बनाउँछ ।
- सुशासनको कारणले सरकारी तथा गैर सरकारी निकायको काम कारवाहीको वारेमा जनसाधारणले सजिलै थाहा पाउछन् ।
- सुशासनको अबधारणले जनतालाई आफूलाई प्रभावपार्ने विषयको निर्णय प्रक्रियामा सहभागी गराउनमा जोड दिन्छ ।

**५. सुशासन तथा भ्रष्टाचारका सम्बन्धमा नेपालका कानूनी व्यवस्थाहरु**

क. नेपालको अन्तरिम संविधान २०६३

नेपालको अन्तरिम संविधान अन्तरगत सुशासनको वारेमा यसरी उल्लेख गरेको पाइन्छ ।

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।

विश्वव्यापी रुपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिष्प्रधात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौम सत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानूनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनैतिक दलहरुका क्रियाकलापहरुमा पारदर्शिता र जवाफदेहीता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरुको पूर्ण परिपालना गर्ने, राजनैतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहिनताको अन्त्य गरी सुशासन कायम गर्ने ।

ख. सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागिता मूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउने, कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्सात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने व्यवस्था सिर्जना गर्ने । तथा सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गर्ने कुरा ऐनमा उल्लेख गरिएको छ ।

**उक्त ऐनमा भएका सुशासनसँग सम्बन्धित मुख्य व्यवस्थाहरु निम्न अनुसार छन् :**

**सुशासनका लागि प्रशासनिक कार्य सञ्चालनका आधार**

मुलुकमा सुशासन कायम गर्न सरकारी निकायका पदाधिकारी तथा कर्मचारीहरूले कार्य सम्पादन गर्दा जनताको बृहत्तर हित समन्याय र समावेशिकरण,

कानूनको शासन मानवअधिकारको प्रत्याभूति,. पारदर्शीता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दरिता,आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन, प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षतालाई आधारमानी गर्नुपर्दछ ।

**सुशासनको लागि नेपाल सरकारले अख्तियार गर्ने नीतिहरु:**

नेपाल सरकारले प्रशासनिक कार्य संचालन गर्दा आर्थिक उदारिकरण, गरीबि निवारण, सामाजिक न्याय, प्राकृतिक तथा अन्य सार्वजनकि स्रोतको दीगो तथा कूशल व्यवस्थापन, महिला सशक्तिकरण तथा लैङ्गिक न्यायको विकास, वातावरणीय संरक्षण, जनजाति, दलित तथा आर्थिक तथा सामाजिक रुपमा पिछडिएका बर्गको उत्थान,लगायतका नीतिहरू अख्तियार गर्नुपर्छ ।

सुशासन कायम गर्नको लागि सार्वजनकि पदधारण गरेका व्यक्तिको जिम्मेवारी

सार्वजनिक पदधारण गरेको व्यक्तिको जिम्मेवारी अन्तरगत सेवा प्रदायक संस्थाका प्रमुख तथा कर्मचारीहरूले आफू बहाल रहेको कार्यालयबाट जनसाधारणलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउनुपर्ने उल्लेख गरेको छ ।

**सुशासनको लागि प्रशासनिक कार्य सम्पादन गर्दा अनपनाउनु पर्ने कार्यविधि**

सुशासनकायम गरी सेवाग्राहिलाई प्रभावकारी, सरल र सहज ढंगबाट सेवा प्दान गर्ने सेवाप्रदायक संस्थाका प्रमुख तथा कर्मचारीहरूले कुनै निर्णय गर्नु पर्दा कानूनमा तोके बमोजिमको समय भित्र निर्णय गर्नुपर्ने, कुनै कारणवस समय भित्र निर्णय गर्न नसके सो को कारण खुलाई निर्णय गर्नुपर्ने पारदर्शी ढंगले निर्णय गर्नुपर्ने, तथा आफ्नो स्वार्थ बाझिएको वा आफ्नो स्वार्थसँग सम्बन्धित निर्णय गर्नु नहुने व्यवस्था गरेको छ ।

**नागरिक बडापत्र राख्नुपर्ने**

सर्वधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने सबै सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा कार्यालयले दिने सेवा र त्यसको प्रकृत्ति,सेवा ग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने प्रक्रिया (कार्यविधि),सेवा प्रदान गर्न लाग्ने समयसिमा,सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण,सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण समेत खुलाएर नागरिक वडापत्र राख्नु पर्ने व्यवस्था गरेको छ ।

ग. सुशासन व्यवस्थापन तथा संचालन नियमावली २०६५ ऐनमा भएको व्यबस्थालाई प्रभावकारि ढंगले कार्यान्वयन गर्नको लागि नियमावलीले सेवा प्रदायक संस्थाले सेवाग्राहिलाई प्रभावकारी सरल र सर्वसुलभ ढंगले सेवा प्रवाह गर्नको लागि सरकारी कार्यालयका कर्मचारीले सार्वजनिक चासोको विषयको कार्यान्वयनको शीलशीलामा परामर्श गर्दा सरोकारवाला तथा नागरिक समाजका सदस्य वा प्रतिनिधिलाई विषयको प्रकृति हेरी मनासिव समय दिई उपस्थितिको लागि सूचना दिनु पर्ने, अनुशासनमा रही इमान्दारी र तत्परताका साथ कर्तव्य पालन गर्नुपर्ने, कम्पनी स्थापना, संचालन तथा व्यापार व्यवसाय गर्न नहुने, निर्वाचनमा कुनै राजनैतिक दलको प्रचार गर्ने र समर्थक भई भागलिन नहुने र कर्तव्य पालना गर्दा शिष्ट र मर्यादित व्यवहार गर्नुपर्ने, तोकिएको जिम्मेवारी निर्वाह गर्दा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी दान उपहार चन्दा प्राप्त गर्न र सापटी लिन दिन नहुने, थप व्यवस्था गरेको छ ।

नागरिक वडापत्र सम्बन्धी व्यवस्था अन्तरगत ऐनमा उल्लेख भए बमोजिम बाहेक सेवाप्राप्त गर्ने सेवाग्राहिले पेश गर्नुपर्ने कागजात, सेवाग्राहिले सेवा सम्बन्धमा गरेको गुनासो सुन्ने अधिकारीको पद र नाम, सेवा प्रदायक निकायको तालुक (ठाउँ), कार्यालय र टेलिफोन नम्बर समेत नागरिक वडापत्रमा खुलाउनु पर्ने कुरा उल्लेख गरेको छ ।

परियोजना र आयोजनामा जनताको सहभागिता र स्वामित्व

परियोजना वा आयोजनामा जनताको प्रत्यक्ष सहभागिता र स्वामित्व सम्बन्धी व्यवस्था कायम गर्न सेवा प्रदायक संस्थाले परियोजना वा आयोजनाको छनौट गर्दा जनताको माग र आवश्यकताको आधारमा गर्ने, परियोजना वा आयोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा जनसहभागिता सुनिश्चित गर्ने व्यवस्था मिलाउने व्यवस्था नियमावलीले गरेको छ ।

सेवाग्राहिको गुनासो व्यबस्थापन सम्बन्धी व्यबस्था

यस व्यबस्था अन्तरगत प्रत्येक सरकारी कार्यालयमा गुनासो सुन्ने जिम्मेवार अधिकारी (नोडल अफिसर) तोक्नु पर्ने, गुनासो सुन्न निशुल्क टेलिफोन सेवा उपलब्ध

गराउनु पर्ने,प्राप्त भएका गुनासो २४ घण्टा भित्र कार्यालय प्रमुख समक्ष पेश गरी गुनासोको उचित व्यबस्थापन गर्नु पर्ने व्यबस्था गरिएको छ ।

घ. सूचनाको हक सम्बन्धी ऐन, २०६४ राज्यको काम कारबाही लोकतान्त्रिक पद्धती अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन र नागरिकको सुसुचित हुनेहकलाई संरक्षण तथा प्रचलन गराउने मुख्य उद्देश्य सूचनाको हक सम्बन्धी ऐनको रहेको कुरा ऐनमा उल्लेख गरिएको छ ।

“सूचनाको हक” भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सम्झनु पर्दछ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने सार्वजनिक महत्त्वको निर्माण कार्य भई रहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणिक नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने अधिकारलाई जनाउँछ भनी उल्लेख गरिएको छ ।

यसैगरी “सूचना” के हो भनी परिभाषा गर्ने क्रममा ऐनमा सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्त्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी नै सूचना हो भनी उल्लेख गरिएको छ ।

उक्त ऐन ले सार्वजनिक निकायको सूचना प्रत्येक नेपाली नागरिकले पाउने कुराको व्यवस्था गरेको छ । तर उक्त सूचना पाउनको लागि सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले सूचना अधिकृत समक्ष निवेदन दिनु पर्दछ ।

ङ निजामति सेवा ऐन,२०४९

निजामति कर्मचारिको आचरण अन्तरगत ऐनमा निजामति कर्मचारिले दान,उपहार,चन्दा तथा सेवाग्राहिबाट सापटी लिन नहुने, आफनो कार्यालयमा काम गर्दा सबै संग शिष्ट व्यबहार गर्नु पर्ने । मर्यादापूर्बक, निष्पक्ष,स्वच्छ र छिटो छरितो रुपमा कार्य सम्पादन गर्नु पर्ने । सेवाग्राहि संग मर्यादित व्यबहार गर्नु पर्ने र सेवाग्राहिको काम गर्दा काम संग सम्बन्धित विषय,प्रकृया र काम सम्पादन गर्न लाग्ने समयको स्पष्ट जानकारी सेवाग्राहिलाई दिनु पर्ने व्यबस्था गरेको छ ।

च. निजामति सेवा नियमावली, २०५०

निजामति कर्मचारिको नैतिक दायित्व अन्तरगत सेवाग्राहिप्रति समान व्यबहार गर्ने, राष्ट्र र जनताको बृहत्तर हितलाई प्राथमिकता दिने,वस्तु तथा सेवाको वितरणको मापदण्ड र कार्यविधिको पारदर्शीता कायम गर्ने,न्यूनतम समयमा जिम्मेवारी सम्पादन गर्न प्रयत्न गर्ने तथा आधारभूत मानवीय मस्ल्य मान्यता प्रति सम्मान गर्ने जस्ता सुशासन सम्बन्धी व्यबस्था गरिएको छ ।

निजामति कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ उक्त नियमावलीमा निजामति कर्मचारीले आफ्नो कार्यालयबाट प्रदान गरिने सेवा सुविधा आपूर्ति गर्ने वा उपलब्ध गराउने सामाग्री वा निर्माण कार्य संचालन गर्ने भए सो सम्बन्धी तौर तरिका र त्यसको निर्णय प्रक्रियालाई पारदर्शी बनाउनु पर्ने व्यवस्था गरेको छ।

यसैगरी निजामती कर्मचारीले आफूलाई सुम्पिएको जिम्मेवारी छिटो, छरितो, पूर्ण र गुणस्तरीय रुपमा गर्न प्रयत्नशील रहनु पर्ने र सेवा दिँदा बृद्धा, अशक्त, अपाङ्ग, सुत्केरी वा गर्भवती महिला, बालबालिका र असहायलाई प्राथमिकता दिनुपर्ने, सेवाग्राहिको काम समयमै गरीदिनु पर्ने कुनै कारणबाट समयमै काम गर्न नसकेमा वा काम गर्न नमिल्ने भएमा त्यसको आधार र कारण सक्दो चाडो सेवाग्राहिलाई दिनुपर्ने, सेवाग्राहिलाई सकेसम्म सरल र सहज,सजिलै बुझ्नसक्ने भाषामा जानकारी तथा सल्लाह दिनुपर्ने व्यवस्था गरेको छ ।

यसैगरी सेवा प्रवाहमा नागरिकहरुको कार्यालय प्रति कुनै गुनासो रहेमा उक्त नागरिकको गुनासो प्रति संवेदनशील रहनुपर्ने र सकेसम्म गुनासो नआउने गरी आफूले काम गर्नुपर्ने र सरकारी कार्यालयको कामवारे कुनै नागरिकले जानकारी लिन चाहे उपयुक्त र प्रभावकारी जवाफ शिष्टताको साथ दिनुपर्ने समेत व्यवस्था गरेको छ ।

ज.स्थानीय स्वायत्त शासन ऐन,२०५५ विकेन्द्रिकरणको माध्यमबाट सार्बभौम जनतालाई शासन प्रकृयामा बढि भन्दा बढी सहभागि हुने अवशर जुटाई प्रजातन्त्रको लाभ उपभोग गर्न सक्ने ब्यवस्था गर्ने,विकास प्रकृयामा समग्र जनताको सहभागिता अभिबृद्धि तथा जवाफदेही

स्थानीय निकायको विकास गर्ने कुरा ऐनमा उल्लेख गरिएको छ।

● स्थानीय स्वायत्त शासनका सिद्धान्त तथा नीति अन्तरगत स्थानीय निकायमा स्थानीय जनताको लागि सोच्ने र जवाफदेही बहन गर्न सक्ने संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण गर्ने, स्थानीय निकायलाई अधिकार दिदा प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यबहार, जनउत्तरदायित्व र जनताको सहभागितामा आधारीत नागरिक समाजको स्थापना गर्ने कुरा उल्लेख गरिएको छ।

● यसै गरी आयोजना छनौट गर्दा संचालन गर्दा बढि भन्दा बढी स्थानीय जनताको सहभागिता हुने गरी गर्ने, छनौट भएका आयोजनाको जानकारी गाउँवासी बीच गराउनु पर्ने,सेवा क्षेत्रमा लगानी गर्दा,आयोजना र सेवा कार्यक्रम तर्जुमा गर्दा गाउ विकास समिति र सरकारी, गैर सरकारी निकायहरुबीच समन्वय गर्ने,गाउ परिषदबाट वार्षिक बजेट तथा कार्यक्रम पारित नगरी कोषबाट रकम खर्च नगर्ने र योजानहरु उपभोक्ता समिति मार्फत संचालन गर्नु पर्ने व्यबस्था समेत स्थानीय स्वायत्त शासन ऐनले गरेको छ।

झ. सार्वजनिक खरिद ऐन, २०६३

सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाइ अझ बढी खुला, पारदर्शी,वस्तनिष्ठ र विश्वसनीय बनाउन,सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारीता, जवाफदेहीता र विश्वशनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न र सार्वजनिक निकायले निमार्ण कार्य गर्दा गराउदा, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा उत्पादक, बिक्रेता, आपूर्तिकता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हने समान अवसर सुनिश्चितगरी सुशासनको प्रत्याभूति दिलाउने उद्देश्य यस ऐनको रहेको छ।

**६.नेपालमा सुशासनको अवस्था**

आ.व.२०६८।०६९ मा नेपालका विभिन्न जिल्लामा कामको सिलसिलामा आएका मध्ये संखुवासभामा १६,सोलुखुम्बुमा १२.२८,मोरङमा ५६,बागलुङ्गमा १८.७५, बैतडीमा ९, बझाङमा ७,पर्वतमा ९.३७,कास्कीमा २८.१२,रोल्पामा ६,अर्घखाचीमा ३.३३,चितवनमा ३१,मुगुमा २९,स्याग्दिमा १९,कपिलवस्तुमा ३६,जुम्लामा १४ र बर्दियामा ४.४४ प्रतिशत सेवाग्राहीले कामको सिलसिलामा अतिरिक्त रकम (घुस) दिनु परेको बताएका छन्। यसरि खुलेआम रुपमा घुस लिने सेवा प्रदायक संस्थामा ढिला सुस्ति,अपारदर्शीता तथा सुशासनको प्रत्याभूति नभएको गुनासो सेवाग्राहीले गर्ने गरेका छन्।

नेपालको अन्तरिम संविधान, २०६३ मा कानूनको शासन जनताको सूचनाको अधिकार, पारदर्शीता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रको अवधारणाको परिपालना गरी भ्रष्टाचार र दण्डहिनताको अन्त्य गरी सुशासन कायम गर्ने कुरा प्रष्टसँग उल्लेख गरेको छ। संविधानको उक्त उद्देश्यलाई मूर्त रूप दिन र प्रभावकारी कार्यान्वयन गर्न सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४, नियमावली,२०६५, निजामति कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ समेत निर्माण भई कार्यान्वयन भई रहेको पाईन्छ भने यी नयाँ कानूनका अतिरिक्त २०६२/०६३ को जन आन्दोलन पूर्वनै निर्माण भएका स्थानीय स्वायत्त साशन ऐन, २०५५ भ्रष्टाचार निवारण ऐन, २०५९ अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ लगाएतका कानूनहरू पनि क्रियाशील रहेका छन्।

उल्लेखित कानूनी प्रावधान तथा जनतालाई सुशासनको अनुभूति दिलाई छिटोछरितो, गुणस्तरयुक्त र सुलभ ढंगमा सेवा प्रवाह गर्ने सरकारको प्रतिबद्धता हुँदाहुँदै पनि लोकतन्त्रको प्राप्ती पछि जनताले आशा गरे अनुरूप सुशासन, जवाफदेहिता, पारदर्शीताको सुनिश्चितता भ्रष्टाचारको न्यूनिकरण भएको पाइदैन जसले गर्दा गरीबीको रेखामुनी रहेका जनताको जीवन स्तरमा प्रत्यक्ष नकारात्मक असर परेको छ।

वर्तमान राष्ट्रिय अबस्थालाई नियाल्दा

व्यबस्थापिका-संसदको रुपमा समेत काम गर्ने गरी गठन भएको संविधान सभाको विघटन भएपछि भ्रष्टाचार नियन्त्रणका लागि गठन भएका राज्यका संयन्त्रहरु, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक लेखा समिति नेतृत्व बिहिन अबस्थामा पुगेका छन भने विशेष अदालत,सर्वोच्च अदालत पनि न्यायधिश विहिन अवस्थाको निकट छन । सरकारी हिसाबकिताब केलाउने महालेखा परीक्षक विभाग २०६३ पुस १७ देखि नेतृत्व विहिन छ । यी कारणहरुले गर्दा भ्रष्टाचार झन मौलाएको कुरा ट्रान्सपरेन्सि ईन्टरनेसनलको वार्षिक प्रतिवेदन २०१२ मा विश्वमा नेपाल भ्रष्टाचारमा १३९ औं स्थानमा रहेको कुराले पनी पुष्टि गर्दछ । त्यसैगरी सेवा प्रदायक संस्था र सेवाग्राहिको सम्बन्धलाई आधार मानेर अहिलेको अवस्थाको विश्लेषण गर्दा सेवाग्राहिले सेवा प्रदायक संस्थाको कार्यशैलि प्रति निम्न अनुसारको गुनासो व्यक्त गर्ने गरेको पाईन्छ :

क. सुशासन कायम गर्ने सम्बन्धमा भएका कानूनी ब्यवस्थाहरुको कार्यान्वयन प्रभावकारी रुपमा भएको छैन ।

ख. सेवाप्रदायक संस्थाबाट बहुसंख्यक सेवाग्राहिले सरल, सहज र छिटोछरितो ढंगले सेवा प्राप्तगर्न सकेका छैनन् ।

ग. सार्वजनिक सेवाको गुणस्तर अत्यन्तै न्यून छ ।

घ. सुशासन कायम गर्ने सम्बन्धमा भएका कानूनी ब्यवस्थाहरुको बारेमा जनतालाई न्यून जानकारी छ ।

ङ. स्थानीय विकास प्रकृयामा सम्बन्धित निकायले जनताको सहभागिता सुनिश्चित गरेको पाईदैन ।

च.सेवाग्राहिले निर्धारित समयमा सेवा नपाउदा पुगेको क्षति वापत क्षतिपूर्ति र ढिलासुस्ति गर्ने कर्मचारीले सजाय पाएको पाईदैन ।

यी माथी उल्लेखित अबस्थाको आधारमा कार्यालयका प्रमुख तथा कर्मचारीहरुले सेवाग्राहिलाई सेवा दिनु आफ्नो कर्तव्य हो र सेवाग्राहिको सेवा पाउने अधिकार हो । र आफूहरु सेवाग्राहिको सेवक हो भन्ने सुशासनको मर्मलाई अझै आत्मसात गर्नसकेका पाईदैन जसले गर्दा जनताको सरकार तथा सरकारका निकाय (सरकारी कार्यालय) हरु प्रति आस्था घटेको छ । यसरी जनताको राज्यमा निकायप्रतिको विश्वास र अपनत्वको कमीले लोकतन्त्र र राष्ट्रियतालाई नै कमजोर बनाएकोछ ।

गैरसरकारी क्षेत्रबाट पनि सुशासन कायम गर्ने सन्दर्भमा भएका कानूनी व्यवस्था तथा सेवाग्राहिको अधिकार र सेवा प्रदायक संस्थाको कर्तव्यको बारेमा भएका व्यवस्थाहरु प्रति जनतालाई सुसुचित गर्ने,सुशासनको कार्यान्वयन भए नभएको निगरानी राख्ने, सेवाग्राहि र सेवा प्रदायक संस्थाबीच अन्तरक्रिया तथा सार्वजनिक सुनुवाई गराउने तथा आफ्नो संस्थाभित्रका कृयाकलाप संचालन गर्दा सुशासनको मूल्यमान्यता बमोजिम गर्ने कार्य प्रभावकारी ढंगबाट हुन आवश्यक देखिन्छ । जसको लागि सरकारी तथा गैर सरकारी क्षेत्रबाट निम्न कार्यहरु हुन आवश्यक देखिन्छ :

### ७. सुशासनकालागि सरकारको भूमिका

सरकारको मुख्य अंगको रुपमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका रहेको हुन्छ । व्यवस्थापिकाको काम कानून बनाउने, कार्यपालिकाको काम व्यवस्थापिकाले बनाएको कानूनको कार्यान्वयन गर्ने तथा दैनिक प्रशासन संचालन गर्ने, न्यायपालिकाको काम व्यवस्थापिकाले बनाएको कानूनको उलंघन भएमा त्यसबाट मर्का पर्ने पक्षबाट उजुरी लिने र न्याय प्रदान गर्ने तथा व्यवस्थापिकाले बनाएको कानूनको व्याख्या गर्ने हुन्छ । अत:सुशासन कायम गर्ने सन्दर्भमा समेत सरकार (राज्यका तीन वटै अंग) को भूमिका महत्त्वपूर्ण हुने कुरा निष्पक्ष, सक्षम तथा

स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरुको पूर्ण परिपालना गर्ने, राजनैतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहिनताको अन्त्य गरी सुशासन कायम गर्ने । भन्ने अन्तरिम संविधानमा भएको व्यबस्थाबाट पनी प्रष्ट हुन्छ । सुशासन कायम गर्नको लागि सरकारले निम्न भूमिका गर्न आवश्यक देखिन्छ :

क. सुशासन कायम गर्नको लागि आवश्यक पर्ने कानूनहरुको निर्माण,आवश्यकता अनुरुप भएका कानूनहरुको परिमार्जन तथा संशोधन गर्ने ।

ख. सुशासन कायम गर्नको लागि आवश्यक पर्ने कानूनी संयन्त्रहरुको निर्माण र भएका संयन्त्रहरुको प्रभावकारि कार्यान्वयन गर्ने ।

ग.कानूनी प्रावधान बमोजिम सेवाग्राहिलाई सेवा प्रवाह नगर्ने कर्मचारीलाई दण्ड दिई मर्का पर्ने सेवाग्राहिलाई क्षतिपूर्ति तथा अपचारको व्यबस्था गर्ने ।

घ.सुशासन कायम गर्ने सम्बन्धमा भएका कानूनहरुको बारेमा आम जनतालाई सुसुचित गर्ने ।

ङ..सुशासन कायम गर्नको लागि कृयाशिल नागरिक संस्थाहरुको बीचमा आवश्यक समन्वय र सहयोग गर्ने ।

८. सुशासनको लागि गैर सरकारी क्षेत्रको भूमिका

गैरसरकारी क्षेत्र भनेको सरकार र नागरिक दुबैलाई सहयोग पु-याउने र जनतालाई सु-सूचित गर्ने महत्त्वपूर्ण क्षेत्र हो । यसले स्थानीय तहका जनतासँग प्रत्यक्ष सम्पर्क र सम्बन्धकायम गरेको हुन्छ र जनताको हितलाई प्रोत्साहन गर्न प्रयत्नशील हुन्छ । जनतालाई सुशासनको प्रत्याभूति दिलाउने सेवा प्रदायक संस्थाले आफनो कामको मूल्याङ्कन आफैले गर्दा वा आफु विरुद्धको गुनासोको संबोधन गर्दा उसको निष्पक्षता प्रति प्रश्न पनि उठ्न सक्ने हुदा सेवा प्रदायक संस्थाको काम कारबाही उपर गैर सरकारी क्षेत्रले निगरानी समुहको रुपमा काम गर्नु बढी सान्दर्भिक हुन्छ । भ्रष्टाचार, सुशासन,पारदर्शीता जस्तो ब्यापक र संवेदनशिल क्षेत्रको काम प्रभावकारी ढंगले संचालन गर्न केबल राज्यको प्रयत्नले मात्र संभव हुन कठिन हुने हुदा पनी गैर सरकारी क्षेत्रको भूमिका अपरिहार्य छ । अत:सुशासन कायम गराउने सन्दर्भमा गैरसरकारी क्षेत्रले निम्न भूमिका खेल्न सक्दछन्:

क) सुशासन कायम गर्ने सन्दर्भमा भएका ऐन कानूनका व्यवस्थाहरु बारे जनतालाई चेतना जगाउने ।

ख) सुशासन कायम राख्नको लागि सेवा प्रदायक संस्थाले गरेको कामको निगरानी राख्ने ।

ग) सेवाग्राहिको गुनासो सुन्न र उक्त गुनासोको संबोधन गराउन सेवाग्राहि र सेवाप्रदायक बीच अन्तरकृयाको लागि सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु आयोजना गर्ने ।

घ) सेवाग्राहिले आवश्यकता महसुस गरेको विषयमा आवश्यक परामर्श दिने ।

अत: उल्लेखित कार्यहरु मार्फत सुशासनको प्रभावकारी कार्यान्वयन गरी सेवाग्राही आम जनताको हितको संरक्षण गर्न सके अन्तत: लोकतन्त्रको जग पनी बलियो हुन्छ ।

***सन्दर्भ सामाग्री सूची***


निजामति सेवा ऐन, २०४९

निजामति सेवा नियमावली, २०५०

निजामति कर्मचारीको आचरण सम्बन्धी नियमावली-२०६५

नेपालको अन्तरिम संविधान २०६३

स्थानीय स्वायत्त शासन ऐन, २०५५

सार्वजनिक खरिद ऐन, २०६३

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४

सुशासन व्यवस्थापन तथा संचालन नियमावली २०६५

आ.व.२०६६-०६७ को बजेट वक्तव्य,नेपाल सरकार,अर्थ मन्त्रालय

असल शासन वर्ष पुस्तक २०६५, प्रो पब्लिक

विषेश बुलेटिन पारदर्शी, ट्रासपरेन्सी इन्टरनेसनल नेपाल, २०६७ माघ

राष्ट्रिय सतर्कता केन्द्रको दश बर्ष, नेपाल सरकार, राष्ट्रिय सतर्कता केन्द

संयुक्त राष्ट्र संघ, आर्थिक तथा सामाजिक परिषदको २००६ मा न्यूयोर्कमा सम्पन्न पाँचौं सेशनमा गरिएको शासन र सार्वजनिक प्रशासन को आधारभूत परिभाषामा आधारित

# मानव सभ्यता र संस्कृतिको विकास



निरञ्जन खड्का

आधुनिक परिभाषा र व्याख्या अनुसार सस्कृतिको बिकास सामाजिक, राजनैनिक, धार्मिक, आर्थिक, र प्राबिधिक रुपमा गरिएको हुन्छ । संस्कृति सधै निम्न अवस्थाबाट बिकसित हुदै जटिल अवस्थातर्फ उन्मुख भई रहेको हुन्छ । सामाजिक रीतिरिवाज, कार्य, भाइचारा, गेलमिलाप, सहसम्बन्ध, चालचलन, सत्भाव आदिको बिकास सामाजिक हो । खराव वा कुसल शासन व्यवस्था अवलम्बन गर्नु राजनीतिक संस्कृति हो । धार्मिक सम्बन्धी बिकास वा गतिबिधिलाई धार्मिक संस्कृति अन्तर्गतका रुपमा व्याख्या गरिन्छ । आर्थिक क्षेत्रको प्रगति वा बिकासलाई आर्थिक सस्कृति भनिन्छ । प्रबिधिले मानिसको जीवनसैलीलाई परिवर्तन गरिसकेको छ र यो आजको संस्कृति बिकासको महत्वपूर्ण पक्ष मान्न सकिन्छ । मानवले आफ्नो जीवन निर्वाहका लागि यी सबैको समुचित र सन्तुलित रुपमा विकास गरेको अवस्थालाई मानव सभ्यता भनिन्छ ।

**संस्कृतिको बिकासक्रमको इतिहास (Historical Development of Culture)**

मानिस बाच्नका लागि जे जे आवश्यकता पर्दछ ती बस्तुहरुको पूर्ति निम्न अवस्थाबाट आजको बैज्ञानिक अवस्था सम्म बिकास गर्दै जीवन सजिलो र सुखी पार्ने प्रकृयालाई संस्कृतिको बिकास भनिन्छ । Evolution चार्ल्स डार्विनको Origin of Species (1859) मा आधारित सिद्धान्त हो जहा प्राणीको उत्पत्ति इश्वरको सृष्टि नभई उद्‌बिकासको (Evolution) परिणाम हो भनिएको छ । मानव जातिको उत्पत्तिसंगै बिभिन्न काल खण्डमा मानिसले गरेका प्रगतिहरुलाई संस्कृतिको बिकासका रुपमा व्याख्या गरिएको हो जुन पहिलो Lithic Age भनि १० लाख बर्ष देखि चार हजार बर्ष सम्मको अवधिलाई नामाकरण गरी यसलाई तीन भागमा बिभाजन गरिएको छ ।

क) **Paleolithic Culture** लाई १० लाख बर्ष देखि १० हजार बर्षको अवधिका संस्कृतिको बिकासलाई व्याख्या गरिएको छ । यो मानव जाति जंगली वानरका रुपमा भएको युग हो । पशु सरहको मस्तिष्कबाट मानव मस्तिष्कमा बिकास हुनेक्रमको युग हो । शारीरिक अवस्था चार हात खुट्टा टेकेर हिड्ने देखि दुई खुट्टालेमात्र टेकेर हिड्न थालेको अवधि हो । जुनबेला ढुङ्गाका हतियार देखि धनुषवाण चलाई जनावरको सिकार गर्ने र अन्ततिर गुफा रंगाउने कन्दमूल संकलन गर्ने, जादु, टुनामुना गर्न सुरु भइसकेको, मृत शरीरलाई दाहसंस्कार गर्ने, पहिरनमा जनावरको छाला प्रयोग गर्ने सम्मको अवधिको समयलाई लिइएको छ । कन्दमूल संकलन गरेर जीवन निर्वाह गर्ने समय हो ।

ख) **Mesolithic culture** लाई १० हजार देखि छ हजार बर्षसम्मलाई लिइएको छ जुन बेला हतियार औजारहरु पहिलेका भन्दा बलिया बिड भएका, चम्किला, बस्ने गुफा सजाउने प्रचलन, समुहमा बस्ने र श्रम बिभाजन गरी कार्य गर्ने र संकलित बस्तुहरुप्रति सामुहिक सम्पत्तिको धारण बिकास भई सकेको अवस्था थियो । कम्युनिष्टको बिकास पनि यही सामूहिक भावनालाई लिएर भएको मानिन्छ जुन समाजलाई Primitive Communism भनि Karl Marx र Fredrich Engles ले नामाकरण गरेका हुन । ठूलो सानो, धनी गरिव कुनै भेदभाव नभएको अवस्था हो । यो युगमा मानिसहरु घुमन्ते जीवन बिताउथे । प्राकृतिक बिपत्ति र जंगली जनावरको आक्रमणबाट जोगिन समुहमा बस्ने गर्दथे ।

ग) **Neolithic Culture** छ हजार देखि चार हजार बर्षकोबीचको अवधिमा बिकास भएको सस्कृतिलाई मानिएको छ । यही अवधिमा ताम्रयुग वा तामाका हतियार र भाडाकुडा बनाउने युग, कास्य युग वा कास्यधातु जुन हतियारका लागि बलियो हुने भएकोले तामा भन्दा उत्कृष्ट मानिएको थियो र लौहा युग जुन फलामका हतियार र भाडाकुडाको बिकास भएको युगलाई मानिएको छ । कन्दमूल र सिकार गरेर खाने ठाउमा खोरिया खेती गरी निश्चित बालीनाली लगाउने प्रचलन यही युगमा भएको मानिन्छ । लुगा लगाउने प्रचलन र मानिसहरु घुमन्ते जीवनबाट एकै स्थानमा बसोवास गर्ने चलन यही युगबाट सुरुभएको मानिन्छ । सुरक्षाको लागि जंगली व्वाँसोलाई घर पालुवा बनाई कुकुरका रुपमा पाल्ने गरिन्थ्यो । यो युगमा भूत प्रेत, टुनामुनाको प्रचलन व्याप्त भएको थियो । धार्मिक संस्कृतिको बिकास यही युगबाट विकसित हुदै आएको मानिन्छ र जव मानिस एकै स्थानमा स्थाई रुपमा बस्न थाले उनीहरुको धर्मलाई चाडपर्वका रुपमा मान्ने चलन यही युगबाट सुरु भएको मानिन्छ । समुहमा बस्ने भएकाले जेठो र बलियो व्यक्तिलाई समुहको अगुवा छान्ने प्रथा थियो जस्ले आफ्नो समुहको

रक्षा गर्न सकोस ।

२) **Slavery Culture (दास संस्कृति)**

मानिसहरु जब परिवार, समाज बनाएर बस्न थाले तव समुहको अनुशासन कायम राख्न, सुरक्षा प्रदान गर्न मुखिया वा नाइके चुन्ने काम सुरु गरे तव यीनै मुखिया वा नाइकेहरुले विस्तार विस्तार भौतिक श्रोत साधनमाथि कम्जा जमाउन थाले र धनी भए, बलिया बने अनि त्यही समाजमाथि नियन्त्रण र दमन गर्न थाले । जुन समाजले नाइके बनाए तिनीहरुमध्येलेनै क्रमिक रुपमा महिला र निर्वलहरुलाई दास दासी बनाउन सुरु गरे त्यस पश्चात दास युग (Slavery Age) को सुरुवात भएको देखिनछ । यूरोपमा, अमेरीकामा दास दासीहरुको बजार लाग्थ्यो खसी बोकाभैं मोलतोल गरेर किनबेच हुन्थे । महिला र दास दासीहरु देशका नागरिक हुदैनथे र मालिकले जसरी प्रयोग गर्न चाह्यो त्यही गर्नु पर्थ्यो । दिनभरी काममा लगाएर पछि रातमा खोरमा थुनिन्थ्यो । आज पनि खाडीका इस्लामिक देशहरुमा घरेलु महिलाहरुलाई निजको राहदानी जफत गरी बाहिरी दुनियाबाट अलग हुने गरी बन्दी बनाइन्छ, यातना दिइन्छ किनकि ती महिलाका लागि दलाललाई मालिकले पैसा तिरेका हुन्छन् । यस खाले मानवता बिरोधी संस्कृति पनि यीनै मानवले देखे भोगे । त्यसरीनै यही दास युग २०औं सताब्दी सम्म कायम रह्यो । अमेरिकामा सन १८०८ जनवरी १ मा दास खरिद बिक्रि गर्न प्रतिबन्ध लगाइएता पनि त्यसको ५० बर्ष सम्म पनि निर्मुल हुन सकेन । युरोपमा बिसौं सताव्दीको प्रारम्भिक बर्षहरुसम्म दास प्रथा कायम रह्यो । युरोपका लागि एसिया र अफ्रिकाबाट समेत दास दासीहरु खरिद गर्ने चलन थियो । नेपालबाट श्री ३ चन्द्र शम्शेरबाट दास उन्मूलन बि.सं. १९८२ मा भएको थियो । सबै भन्दा पछिल्लो समय १९८१मा दास प्रथा उन्मूलन गर्ने देश मौरिटानिया रहेको छ । सम्युक्त राष्ट्रसंघले सन १९४८ को महाशन्धिको धारा ४ को घोषणा द्वारा विश्वबाट दास प्रथामाथि प्रतिवन्ध लगायो । मानव जातिमा दास सरकृति (Slavery Culture) आज एक्काइसौं सताव्दीमा समेत त्यसको नमुना कैयौ स्थानमा छदै छ । सबै भन्दा विकराल अवस्था भनेको यौन दासता (Sexual Slavery) आजको चुनौती हो यो संसार भरी व्याप्त छ । नेपालको हलिया, कमैया, कम्लरी आदि दास प्रथाकै नमुना हो । दास युगमा १५ प्रतिशत मालिक वा सामन्तहरुले ८५ प्रतिशत नागरिकलाई दास बनाउथे । त्यहि १५ प्रतिशतले राजनीतिक, धार्मिक, आर्थिक कार्यको नीति बनाउने, चलन चलाउने र बर्चस्व कायम राख्ने गर्दथ्यो । नेपालमा राणाकालमा आएर दास दासीहरुको झनै बिकाराल अवस्था भएको इतिहास छ । यो युगमा बिना मुल्य श्रम र नागरिकका छोरीहरुमाथि चरम यौन शोषण हुन्थ्यो । सामन्तबाट जन्मिएका बच्चाहरु दासले न्वारान गर्दथे वा नामाकरण गरिन्थ्यो । दासयुगमा आएर मानिसहरुलाई बिभिन्न जात जातिमा बिभाजन गरिएको इतिहासले बताउछ । उत्पादनका साधनहरुमाथि पूर्ण रुपमा शासक वा सामन्तको स्वामित्व रहन्थ्यो भने श्रम दासहरुबाट हुन्थ्यो । यस प्रकार राजनैतिक, सामाजिक र धार्मिक सबै संस्कृतिको शासक, सामन्त र मालिकको सोच, इच्छा अनुसार अपव्याख्या गर्ने, आफुलाई भगवान घोषणा गर्ने जस्ता कार्यहरु गरे । दास प्रथाको उन्मूलन भए पछि ती दास दासीहरु नागरिकका रुपमा रुपान्तरित भए । यो विश्वमा दास युगको इतिहास धेरै लामो र डरलाग्दो छ ।

३) **Feudal Culture (सामन्ती संस्कृति)** : यो पनि दास संस्कृतिको अन्ततिर आएर बिकास भएको अवस्था हो । संसारभरी दासहरुको उन्मुलन भए पछि ती शासकहरु र सामन्तहरुले नागरिकहरुलाई केही स्वतन्त्रता दिएर बिकास भएको संस्कृति हो जहा उत्पादनका साधनहरु केही हदसम्म ती नागरिकहरुलाई स्वामित्व हस्तान्तरण गरेको अवस्था थियो । महत्वपूर्ण निर्णय, अधिक भौतिक सम्पत्ति, राजकाजमा अधिपत्य आदि जस्ता बिषयहरुमा सामन्तको सहभागी हुने र स-साना बिषयहरुमा नागरिकलाई सहभागी गराउने व्यवस्था सामन्ती संस्कृतिमा हुन्थ्यो ।

४) **Capitalist Culture** (पुँजीवादी संस्कृति) : यो वर्तमान व्यवस्था हो । यो व्यवस्थामा पुँजी हुनेले आर्थिक गतिबिधिमा लगानी गर्ने र श्रमीकहरुले शीप र श्रम बेच्ने गर्दछन् । यो व्यवस्थामा पैसाले सबै सामाजिक, धार्मिक, राजनैतिक, प्राबिधिक संस्कृतिको निर्धारण गर्दछ । परिवर्तन गर्दछ र मानिसलाई संयुक्तबाट एकल बनाउछ । आजका कम्युनिष्टको मुकुण्डो ओढेकाहरु सामान्य बिरामी हुदा समेत स्वदेशमै उपचार हुने अवस्था हुदा हुदै एयर एम्बुलेन्स चार्टर गरेर थाइल्याण्ड, लण्डन, न्यूयोर्क जाने गरेका छन् यो पुजीबादी सस्कृतिमा हुन्छ । साम्यबाद वा समाजबादको सस्कृति केवल नियोलिथिक, मेसोलिथिक युगमा मात्र थियो त्यस पछि सबै सामन्ती र पुजीवादी संस्कृतिमात्र यो संसारमा बिकसित भयो । पुजीवादी संस्कृतिमा पुजीपति र श्रमजिवी बर्गबीच सधै टकराव भइरहन्छ ।

५) **Industrial Culture** (औद्यौगिक संस्कृति) मानवका आधुनिक जीवन शैलीका लागि आवश्यक पर्ने वस्तुहरु (Commodities) को उत्पादन गर्न राज्यमा भएका अनेकौ प्राकृतिक तथा उत्पादित बस्तुहरुमा आधारित बिभिन्न उद्योगहरु स्थापना गरिएको हुन्छ जहा मानव, पूँजी, मेसिन, प्रबिधिको प्रयोग गरिन्छ र अधिक्तम उत्पादन गरी राज्यको अर्थतन्त्र वृद्धि गर्ने काम हुन्छ त्यसैलाई औद्योगिक

सस्कृति बिकास भनिन्छ । यस अवस्थामा मानिसको बुद्धि र बलले सम्पूर्ण श्रोत साधनहरुको अधित्तम उपयोग गरी देशलाई औद्योगिकरण गर्ने काम हुन्छ । परम्परागत कृषि र उत्पादनमा लागेका देशहरु आर्थिक विकासमा धेरै पछाडि छन् तर आजका अधिकांस विकसित देशहरु औद्यौगिक विकासबाट मात्र त्यो उचाइमा पुगेका हुन् । प्ररम्परागत व्यवस्थाबाट औद्योगिक बिकासमा प्रवेश गरेका देशहरुका जनताका रहन सहन, भेसभूषा द्रुत गतिमा परिवर्तन हुन्छन् जुन संस्कृतिको बिकास हो । आजको विश्वमा पुँजीवादी औद्योगिक संस्कृसिको बिकास भइरहेको छ जहा पेशा रोज्न, उपभोग गर्न स्वतन्त्रता त हुन्छ तर जो पछाडि पर्दछन् ती जनता र अगाडि बढेका वा सफल भएका व्यक्तिहरुबीचको खाडल बढ्दै जादा समाजमा धनि र गरिवको अवस्था सृजना हुन थाल्दछ र द्वन्द्व बढ्न पुग्दछ । जस्लाई कार्ल मार्क्सले द्वन्द्वात्मक भौतिक बिकास भनि नामाकरण गरेका छ ।

राजनैतिक र आर्थिक संस्कृतिको बिकासको कुरा गर्दा फ्रान्सेली क्रान्तिले युरोपमा औद्योगिक क्रान्तिको सुरुवात गऱ्यो । अठारौ शताव्दीभन्दा अघि औद्योगिक उत्पादन मानव बाहुवलद्वारा गराइन्थ्यो भने प्रबिधिको बिकासले गर्दा मानवश्रोतलाई मेसिनले बिस्थापित गर्दा उत्पादन पनि दोव्वर बनाउने काम भयो भने उत्पादन लागत घट्न गई आर्थिक उन्नति पनि सोही अनुसार हुदै गयो । आधुनिक मानव र उस्को संस्कृतिको बिकासका लागि यूरोपको भूमिका अबिस्मरणीय छ । दोश्रो विश्वयुद्ध पछि सखाप भएको जापान १९९० को दशक सम्म आइपुग्दा भौतिक बैभव र आर्थिक समुन्नत्तिको शिखरमै पुग्यो । त्यो केवल अरुलाई सिध्याएर आफुमात्र बाच्ने हिंस्रक बिचार त्यागेर यही भौतिक दुनियामा श्रम गरेर संसारलाई उछिन्न सकिन्छ भन्ने शिक्षा लिई अगाडि बढ्दा सफल भएको हो । दोश्रो बिश्वयुद्धमा थलिएको चीन नाममा साम्यवादी शासन तर पुँजीवादी व्यवस्था अगालेर भए पनि अमेरिका सम्मिलित नेटो र रसिया सम्मिलित वार्सा सन्धिसंगठनबीचको लामो सितयुद्ध देखेको चीनले गोला युद्धलाई त्यागेर धनयुद्धतिर लाग्यो आज बिश्वमा चीनले आर्थिक साम्राज्यनै स्थापना गरिसकेको छ । चीन बाहेक एसियामा दक्षिण कोरिया, सिंगापुर, थाइल्याण्ड, मलेसियाले आर्थिक संबृद्धि हासिल गरी सकेका छन भने भारत संबृद्धि तर्फ अघि बढी रहेको छ । बिश्वमा अमेरिका, बेलायत, रुस, चीन, जर्मन, फ्रान्स त्यसै शक्ति राष्ट्र भएनन् तिनीहरुले प्रबिधि र राजनैतिक संस्कृतिको बिकास गरेर भएका हुन । जुन देशमा फरक फरक संस्कृति बोकेका धेरै जात जातीहरु र रुढिवादी धार्मिक समुहरु हुन्छन् त्यहा सामाजिक, राजनैतिक संस्कृतिमा अस्थिरता उत्पन्न भई आर्थिक बिकास गर्न सक्दैनन् ।

संस्कृतिको उद्‌बिकास पनि मानिसको आवश्यकताको सिद्धान्त अनुसार ढुंगे औजार देखि जेट प्लेन सम्म आइ पुगेको हो । ६०/७० बर्ष यताकै उदाहरण लिने हो भने पनि १० दिन लगाएर ढाकरमा नुन बोक्ने अवस्थाबाट आज गाडीले Home delivery गर्ने अवस्था सम्म पुगेको छ र चप्पल समेत नदेखेका खाली खुट्टाले एक स्थानबाट अर्को स्थानमा जानेहरु आज BMW कार नभई हिड डुल गर्न नसक्ने भएका छन् । द्रुत गतिले बिकास भएका प्रबिधि र सञ्चारका कारण मानवको जीवन शैलीमा अकल्पनिय परिवर्तन भएको छ । यही मानवले गरेको प्रगतिलाई संस्कृतिको बिकास भनिन्नछ । १० लाख बर्ष पहिले जव ढुंगाको औजार प्रयोग गर्थे त्यो समयमा किन फाइटर प्लेन बनाउन सकेनन् किनकि 'भाग्य भन्दा बढि र समय भन्दा पहिला केही हुदैन' भन्ने उक्ति सावित भएको मान्न सकिन्छ । मानिसको मस्तिष्कको क्षमताको विकास र सञ्चारले गर्दा एक ठाउँमा भएको कुनै परिवर्तन अर्को ठाउँमा प्रभाव पर्न गयो । आज जे मानवले जुन गतिमा प्रगति गरिरहेका छन् दुई सय बर्ष पछि के गर्लान् ? अवश्य चमत्कारनै गर्लान अथवा पृथ्वीलाई टुक्रा टुक्रा पारी देलान जे पनि हुन सक्ला ।

**मानव व्यवहार (Human Behaviour) बाट प्रभावित संस्कृति**

समाजका हरेक व्यक्तिको व्यवहारले समाजको विकास वा विनास निर्धारण गर्दछ । प्रत्येक मानिसको व्यवहार फरक फरक हुन्छ । तमोगुण, रजगुण र सत्वगुण भएका मानिसहरु एकै समाजमा बस्दा बेलाबखत द्वन्द्व भइरहन्छ । मार्क्सको शिद्धान्तले भन्दछ यदि समाजमा द्वन्द्व भएन भने परिवर्तन हुदैन र परिवर्तननै संस्कृतिको बिकास हो । संसारको द्वन्द्वको नमुना हेर्दा कुनै पनि द्वन्द्व फलदायी भएको देखिदैन । हरेक समाजमा तीनवटै गुण भएका मानिसहरुको बसोबास हुन्छ तर समाजलाई हाक्ने अग्र व्यक्ति यदि तमगुणी वा रजगुणी भएमा समाजलाई बिखण्डन र अराजकताको अवस्थातर्फ लैजान्छ । हाल नेपालको राजनैतिक अवस्था पनि सोही मार्गतर्फ उन्मुख छ किनकि राजनेताहरु रजगुणी, तमगुणी छन्। अहंकारी र म मात्र ठीक हु अरु सबै गलत छन् भन्ने मनस्थिति भएका समाजका अग्रव्यक्तिहरुको व्यवहारले गर्दा स्थापित संस्कृतिमा क्षति पुगिरहेकोछ । केही अपवाद बाहेक निश्कलङ्क शिसु उमेर चढ्दै जादा सामाजिक सञ्जालमा फस्दै जान्छ, बयस्क भए पछि गर्नु नगर्नु उबद्रो गर्न पछि पर्दैन र जब उमेर बयस्कको उत्तरार्धमा पुग्दछ उसमा इर्स्या, रिस, राग र अनेक कपटीपुर्ण काम गर्दछ र बृद्ध भए पछि जीवनमा पुरा नभएका कार्यहरु र गरेका कुकार्यको बिषयमा पश्चाताप गर्दै अन्तमा प्राण त्यागदछ । यसको मतलव जीवनभर उ कहिल्यै सन्तुष्ट

हुदैन । सर्बमान्य नीति के हो भने इश्वर र प्रकृति एक अर्काका पुरक हुन अथवा एकै हुन । इश्वर भक्तिमा जीवन अर्पण गरेका पशुपति नाथका साधुका बारेमा चर्चा गर्दा भगवान शिवका जटाबाट उत्पत्ति भएकी गंगाको पानी जुन सम्पूर्ण प्राणीहरुको जीवन रक्षागर्ने अमृत जल हो त्यही गई तिनै शिवभक्त साधुहरु नुहाउने, धोती धुने, तिनीहरुबाट त्याग गरेको मल मुत्र सोझै ती गंगामा मिसाइ दिने कार्यले ती साधु पनि निश्कलंङ्क छैनन् । प्राकृतिक चक्रको नियम अनुसार मलमुत्र जमिनमुनी माटोमा पुर्नु पर्दछ जुन बोट विरुवाका लागि मल मात्र हुन सकोस, त्यसको गन्ध हावामा, फोहर पानीमा पर्नु हुदैन जुन नियम बिरालोले मात्र पालना गर्दछ । जंगलका मुढामा धुनी बाली वायुमण्डलमा प्रदुषण बनाउने, भिक्षा नदिने व्यक्तिहरुमाथि असन्तुष्ट व्यक्त गर्ने र सराप पनि दिने आदि कार्य प्रकृति बिनासक र धूमिल व्यवहार, तमगुणीपन भन्न मिल्दछ । बैदिककालमा ऋषिमुनिहरुले अलिकता चित्त नबुझ्नेकि सराप दिने व्यवहार अवश्य तमगुणी थियो । सांसारिक रङ्गमञ्चलाई त्यागेका ती जोगी र ऋषिहरु पनि कुनै न कुनै प्रकारले असन्तुष्ट रहन्छन भने अन्य शासक र शासितहरुमा अह कार, लोभ, माया मोह, पक्षपात, छलकपट नहुने त कुरै हुदैन । मानवका यिनै अवगुण र व्यवहारले समग्र प्राकृतिक र सांस्कृतिक सम्पदा र संस्कृतिको बिनास गर्ने कार्य भइरहेको छ । हरेक मानिसको व्यवहारले समग्रमा समाजलाई लाभ वा हानी पुर्‍याउदछ त्यसका लागि सभ्य समाज र सन्तुलित संस्कृतिको बिकासका लागि अग्र व्यक्तिको कुशल अबिभावकत्वको आवश्यकता पर्दछ । खोटमुक्त नभए पनि यो समाजमा थोरै संख्यामा सम्पूर्ण जीवन त्यागेर मानव संस्कृति धर्मको जगेर्ना गर्ने पनि छन् र तिनीहरुको प्राय: सकारात्मक चरित्र हुन्छ । समाजमा सभ्य मानवको बिकास गर्न थोरै समयले पुग्दैन र यो क्रमिक रुपले बिकास हुदै जाने प्रक्रिया हो । आज भन्दा ५० बर्ष अगाडी सम्म समाजमा जातपात छुवा छुतको बिकराल रुप थियो । राणा प्रधानमन्त्री जंग बहादुर राणाले जारी गरेको १९१० को मुलुकी ऐनका अधिकांस दफाहरुमा जात अनुसारको बिभेदकारी दण्ड सजाएको व्यवस्था गरेका थिए जुन २०१७ साल सम्म आइपुग्दा धेरै जति खारेज भइसकेका थिए र हालको कुनै पनि कानुनमा जातपातको वकालत गरेको पाइदैन अथवा जातीय भेदभाव गर्नु कानुनत दण्डनीय छ । सहरमा प्राय: जातीय भेदभाव उन्मुलननै भइसकेको छ भने दुर्गम गाउँहरुमा बुढा पाकाहरु बाहेक शिक्षित युवाहरु जातीय भेदभाव गर्न छाडिसके । मानव व्यवहारमा परिवर्तनको उदाहरणको रुपमा १५/२० बर्ष पहिले बसमा यात्रा गर्दा चुरोट पिउनेले हैरान पार्थे भने आज भोलि कुनै पनि यात्रुले बस भित्र चुरोट पिउदैनन् । यो मानवको चेतानामा आएको परिवर्तनले गर्दा क्रमिक रुपले बिकास भएको सामाजिक सस्कृति हो । देशमा अतिवादी र उग्रवादीहरुले सस्कृतिको परिवर्तनमा छलांङ्गमार्ने हावा खुस्केको बहस गर्दछन् र आफ्नो आकांक्षा पुरा गर्न समाजलाई द्वन्द्वतिर धकेली दिन चाहन्छन् अथवा पुन: दास युग फर्काउन चाहन्छन् । तानाशाही मनोबृद्धिले बिकसित संस्कृति, सभ्य सामाजिक अवस्थालाई छताछुल्ल पारी आफ्नो निकृष्ट लक्ष पूरा गर्न अग्रसर हुन्छन् । यही मानवको व्यवहार र आचरणले गर्दानै आज विश्वमा मानव संस्कृतिमा विचलन आइरहेको छ ।

**आधुनिक मानवको हैसियतमा बिबिधिकरणले संस्कृतिको बिनास**

जब समाजमा प्रकृति प्रदत्त भौतिक सम्पत्तिको उपभोग गर्ने क्रममा बलियाको सर्बस्व र निर्धाको रित्तो हात हुने गर्छ तब सामाजिक सन्तुलन बिग्रन्छ । पृथ्वीले वा प्रकृतिले कसैका लागि धेरै र कसैका लागि थोरै भनि छुट्याएको वा अंश लगाएको हुदैन यो त चतुर्‍याई बुद्धि र बाहुबलको करामतले गर्दा हैसियत फरक पर्न गई एक अर्कामा बिभेद आउने हो । २०३० साल भन्दा अगाडी तराइमा आफुखुसी जंगल फाडेर वा पर्ती जग्गा कब्जा गरेर भूस्वामित्व कायम गर्न सकिन्थ्यो तर आज जो संग धन छ उसले कब्जा गर्न सक्छ । धन त्यो संग हुन्छ जो संग सिप, श्रोत र साधन बलियो हुन्छ । आजको युगमा बिभिन्न धर्मका र जातका मानिसहरु एकै थलोमा मिसिएर बसोवास गर्दा सामाजिक र धार्मिक सस्कृतिका पक्षहरु एकको अर्कोसंग मिसिएर खास जात वा धर्मको मौलिक संस्कृति हराएर जाने क्रम तीव्र भई रहेको छ । मानिसमा राजनीतिक विकृत मानसिकताको बिकास हुनु, शासकनै बन्न खोज्नु, सजिलै धन कमाउने र विलासिताको जीवत बिताउने महत्वकांक्षा बढ्दै जानु, जमीनमा उत्पादकत्व बढाउन प्रकृति बिनासक रासायनिक पदार्थको प्रयोग गर्नु, व्यापक बसाई सराई हुनुले धार्मिक, सामाजिक संस्कृति हराएर जाने वा नयाँ संस्कृतिको बिकास हुने गरेको छ । हरेक समाजमा हुने खाने र नहुनेबीचको बिभेदले पनि संस्कृतिमा असन्तुलन पैदा गरेको छ । चाड पर्व मनाउदा धनिका घरमा उत्सव हुने गर्छ भने गरिव पेट भरी खान समेत नपाउने अवस्था छ । जस्तै नेपालका पश्चिमी पाहाडी जिल्लाहरु, कर्णाली क्षेत्रका बासिन्दाहरु पेटभरी खान नपाएको खवर सुन्न पाइन्छ । धार्मिक संस्कृतिको गरिवले गक्ष अनुसार राम्रोसंग पालना गर्ने र धनिले धनको आडमा आडम्बर र भड्किलो संस्कृतिको अवलम्बन गर्ने गरेका छन् । कुल पूजा गरी बलीचढाएको बोकाको मासुका साथ अन्य संस्कृतिबाट आएको रक्सीलाई Re-mix गरिदिने काम गर्दछन् जुन संस्कृति विरोधी वा अशुद्ध मानिन्छ ।

आजकल सहरिया धनाढ्य महिलाहरुले शिवको ब्रत बस्नु अघिल्लो दिन खाने दरमा माछा मासु, रक्सी समेत समाबेस गर्ने गरेका छन् जबकि शिवको ब्रत बस्नु अघि नुहाई धुवाई शुद्ध भई दरका रुपमा शाकाहारी पोसिलो मीठो भोजन र फलफूलको सेवन गर्नु पर्ने हो । दुखनै नदेखेका सहरिया महिलाको गीतमा रोमान्सले भरिएका हुन्छन् भने ग्रामिण भेगका महिलाले बर्षभरी भएका दुखलाई गीतमा समेटेर माहादेवलाई सुनाउने गर्दछन् । यसरी परसंस्कृति र धर्मको अधिक्रमणले हाम्रो मौलिक धार्मिक संस्कृतिलाई नष्ट पार्दै गएको छ । कोही राज्यका बिभिन्न निकायमा उच्च पदमा रहेका मानिसहरु अथवा उच्च राजनैतिक, आर्थिक हैसियत बनाएका केही सीमित व्यक्तिहरु अन्य तल्लो श्रमिक बर्ग, कृषक वा आफ्नै बंशका भए पनि भुत्रे गाउले देख्दा बेलुन फुलेभैं फुल्ने अनि घृणा गर्ने चरित्र बोकेकाहरुबाट सामाजिक विभेद सृजना गराई रहेका हुन्छन् । यस प्रकारको संस्कृति नेपालमा तीव्र रुपमा बिकसित भएको छ । जसको परिणाम एकता नभएर बिखण्डनतर्फ समाज अघि बढ्ने गर्दछ र सभ्य संस्कृतिको बिकासमा बाधा पुगेको देखिन्छ । मानिस व्यक्तिगत हैसियत र महत्वकांक्षाकै कारण आज ठूलो समाजबाट स-साना समुहमा बिभाजन, संयुक्त परिवारबाट एकल परिवारमा बिभाजित हुदा हाम्रा परम्परा देखि चल्दै आएका सामुहिक सामाजिक तथा धार्मिक सस्कृतिको पालनामा विकृति र विसङ्गति देखिएका छन् भने त्यहा भएका मौलिक गुण हराएर गएका छन् । एउटै गोत्रका हामी पुँवार खड्काको यहि हिन्दु संस्कृति पालना गर्दा पूर्व मेची देखि पश्चिम माहाकालीसम्म बस्नेहरुको बार्षिक चाडपर्व मनाउने बिधि, प्रकृया, रहन सहन भिन्नता देखिएको छ । एउटै गोत्र भित्र एक रुपता छैन भने अरुलाई समेत समेटी एकरुपता ल्याउन त असम्भवनै देखिन्छ ।

**मानव सभ्यताको बिकास**

सभ्यता भन्ने बित्तिकै मानवले उस्को बुद्धि, बिवेक र शिपले सिर्जना गरेको भौतिक सम्पदा, समाज र देशको सम्बृद्धि, मानव आचरण र सभ्य संस्कृतिको बिकासलाई बुझ्नु पर्दछ । प्राचिन इजिप्टमा ३१५०bc, मिश्रमा १४६bc पूर्व, चीनको सांस्कृतिक इतिहास, भारतको बेदिककाललाई पौराणिक सम्यताको रुपमा चिनिन्छ । सो समयमा ती देशहरुमा ठूला ठूला कला युक्त मुर्तिहरु, स्मारक, भवनहरु बनाइन्थे । कुनै यातायातका साधन नभएको, आधुनिक औजार वा मेसिनहरु नभएता पनि मानिसका हातले, बलले ऐले सोच्नै नसक्ने कार्यहरु भएका थिए । नेपालमा पनि लिच्छवी, मल्लकालमा बनेका बिशाल ढुंगाका मुर्तिहरु, मन्दिरहरु, पाटी पौवाहरु र राणाहरुका दरवारहरु आदि बनाउदा लाग्ने सामग्रीहरु कसरी र कहाबाट ल्याए होलान आज हामी अचम्ममा पर्दछौ । त्यो समयको शासकको उर्दीको डरले हो वा शिप प्रदर्शन गर्ने अभिप्रायले गरेका हुन मानिसको अकल्पनिय योगदानलाई मान्नै पर्ने हुन्छ जुन प्रकृति अनुकुलनै देखिन्थ्यो । तर यहाँ मानव सभ्यताको कुरा गर्न खोजिएको हो । व्यवहारिक शिक्षा, नीति शिक्षा, प्राबिधिक शिक्षा, शिष्ट, मिजासिला नागरिक, प्रकृतिको विनास नहुने गरी सामाजिक कार्यमा सहभागी जनाउन उत्सुक व्यक्तिहरु, भ्रष्ट उदण्ड नेताको पछि नलागी राजनीतिक पार्टीले अवलम्वन गरेको नीति अनुसार राम्रो र खराव छुट्टाएर दण्ड र पुरष्कृत गर्न सक्ने विवेकशील जनता, कमजोर, वृद्धवृद्धा, बाल बालिकाहरुलाई माया गर्नु पर्छ भन्ने भावना भएका मानिसहरु, लोभ, क्रोध, भ्रष्ट आचरण, हिंसक बिचारमुक्त जनता, धार्मिक, सामाजिक संस्कृतिको बिकास गर्न अग्रसर हुने नागरिक, प्रकृतिमा (बन, जंगल, हावा, पानी) असर नपर्ने गरी आफुले उत्पादित फोहर आफै व्यवस्थापन गर्नु पर्छ भन्ने बुद्धि, सीप आदि जस्ता गुण भएका जनता जुन देशमा बस्तछन् त्यो देश सभ्य मानिन्छ । मानवीय र भौतिक दुबै बिकासलाई सभ्यताको बिकास भनि बुझनु पर्दछ । बिश्वका कैयों सभ्य देशहरुमा बाटोमा फोहर फाल्न त परैजावस, मुखमा थुक आयो भने कि त रुमालमा थुक्नु पर्दछ या त निल्नु पर्ने हुन्छ, हैन भने जथाभावी जमिनमा थुक्न समेत नपाईने कडा नियम छन् र जनता पनि उक्त नियमको इमान्दार भई पालना गर्ने, सभ्य र विवेकशील भएका हामी बिभिन्न माध्यमबाट सुन्न पढ्न पाउछौ ।

हामी खड्कधारी पुँवार वंशबाट असल नागरिकको नमुना प्रर्दशन गरी समाजमा अग्रणी भूमिका निवार्ह गर्दै मानव सभ्यताको बिकास गर्न सबैलाई हातेमालो गर्न उत्प्ररित गराउदै मिलिजुली सहकार्य गर्न अग्रसर गराउनु आजको आवश्यक भएको देखिन्छ । अन्तमा : हामी स्वस्थ, सभ्य, सम्पन्न, असल नागरिक भइरहन सम्पूर्ण वन्धुवान्धवहरुलाई विजया दशमी र दीपावली २०७० को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**सन्दर्भ साम्रीहरु**


१. गौतम, टीकाराम समाजिक संस्था र प्रक्रिया विश्लेषण प्रथम संस्करण, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार २०६०

२. चापागाई, निनु, समाज र सस्कृति, दोश्रो संस्करण, काठमाण्डौ, बिवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६४ ।

३. Bhattarai, Tika and Bhattarai, Sajal, Model of Culture, 2nd edition, National Book Centre, 2004.

४. Google Search.

**मेरो स्मृतिको पानामा विद्यमान:**

# राणा शासनका अन्तिम प्रधानमन्त्री श्री ३ मोहन शम्शेर ज.ब.रा.सँगको एउटा रोचक साक्षात्कार:



**रुद्र बहादुर खड्का**
अध्यक्ष

कुरा बिक्रम संवत २०२१ सालतिरको हो । म र मेरा अन्य दुई जना ब्राह्मण मित्रहरु कोलम्बो प्लान अन्तर्गत भारत सरकारबाट नेपाललाई प्राप्त भएको छात्रवृत्तिमा इन्जिनियरिङ्ग बिषय अध्ययन गर्न भारत सरकारले हामीलाई तात्कालिन मैसुर राज्यको बैङ्गलोर स्थित एस.जे.पि. कलेजमा व्यवस्था मिलाएको हुदा हामीहरु त्यहा अध्ययनरत थियौं ।

एक दिनको कुरा हो, शनिवारको पहिलो आधा सेसनको पढाई पश्चात हामीलाई छुट्टि भयो र होस्टेलमा आई मेसमा लन्च खाए पछि मेरो कोठामा हामी तीनै जना जम्मा भयौं र भोलि आइतवार विदाको दिन के गरी बिताउने भन्ने छलफलमा जुट्यौ । कोही भन्थ्यो सिनेमा जाने त कोही भन्थ्यो मन्दिर र बजार । एक्कासी हामी मध्यको उपाध्याय मित्रले एउटा सर्वमान्य प्रस्ताव भनिहाले - हामी यहा आएको निकैनै समय भइसक्यो नेपालका राणा प्रधानमन्त्री श्री ३ मोहन शम्शेर यतै टुमकुर जिल्लाको जलाहाली भन्ने स्थानमा बसेका छन् रे हामी उह समक्ष गएर भेट् गरौन । हामी नेपाली विद्यार्थीलाई देखेपछि खुसी हुनेनै छन् । हामीले उहासंग केही आर्थिक सहयोग मागेमा अवश्य दिनेनै छन् । नयाँ ठाउ पनि देखिने आर्थिक सहयोग पनि पाइने । मित्रको यो प्रस्ताव हामी सबैलाई समयोचित र फाइदामुलक लागेकोले भालिपल्टको बिहानै मोहन शम्शेरलाई भेट्न जाने निधो गऱ्यौं । बिहान होस्टेलमा ब्रेकफास्ट गरेपछि हामी टुमकुरतर्फ जान तयार भयौ र टुमकुरको लागि होस्टेल छेउकै स्टपबाट बस चढि रवाना भयौं । बसको टिकट प्रति व्यक्ति एकतर्फि भा.रु.७- लाग्ने रहेछ , हामी प्रत्येकले आ आफ्नो टिकट काटेर झ्यालको सिटबाट बाहिरको दृश्य हेर्दै अगाडि बढ्यौं । बसलाई टुमकुर पुग्न करिव तीन घण्टा लाग्ने रहेछ कारण त्यो लोकलबस थियो । टुमकुर बस स्टपमा ओर्लेपछि मोहन शम्शेरको दरवार कहाँ छ भनेर स्थानीयलाई सोद्धा दरवार क्षेत्र जलाहाली पुग्न अझै आधा घण्टा जति पैदल हिड्नु पर्ने रहेछ। आधा घण्टाको पैदल हिडाई पछि दरवार क्षेत्रको मूलढोका सम्मुख पुगियो । त्यस भित्र पस्न भने मोहन शम्शेरलाई जाहेरी दिए पछि मात्र आदेश भएमा पालेले भित्र पस्न अनुमति दिने रहेछन् । पालेले हामीलाई त्यही कुराई आफु जाहेरी गर्न गएको आधा घण्टा जति पछि भित्रबाट एउटा विलिस कम्पनीको खुलाजिपमा अर्को एकजना व्यक्ति आए र हामीलाई मुख्य भवनतर्फ लिएर गए ।

मलाई याद छ, हामीलाई लिएर जाने उक्त व्यक्तिको नाम हरि बहादुर थापा थियो र उनी बझाङ्गबाट काठमाण्डौ आई मोहन शम्शेरको दरवारमा आठ पहरिया पदमा जागिरे थिए र मोहन शम्शेरको भारत पलायन हुदा उनी पनि जागिर छाडि संगै गएका रहेछन् । हामी मोहन शम्शेरको बंगलामा पुगेपछि हामीलाई भुइतल्ला स्थित सानो बैठक कोठामा राखियो र हरि बहादुर हामी पुगेको जाहेरी दिन माथिल्लो तल्लामा उक्ले । केहीबेर पछि हामी पनि कोठाबाट बाहिर निस्की बंगलाको चारैतिर अवलोकन गऱ्यौ । बंगला र कम्पाउण्ड गरी जमिनको क्षेत्रफल करिव ७-८ बिघा जति हुँदो हो । बाहिर अवलोकन गर्दागर्दै हरि बहादुरले सरकारबाट वोलाहट भयो भनेर हामीलाई मोहन शम्शेर बसेको माथिल्लो तल्लाको ठूलो बैठकमा लिएर गए ।

बैठकमा मुठीभरीको फुलेको जुँगा भएको, होचो कदको, सेतै कपाल फुलेको बुढो भएपनि फुर्तिला देखिने व्यक्ति सिंहासन जस्तै आकारको गद्दावाल कुर्सिमा आसिन देखिए र हरि बहादुरले हाम्रो परिचय गराउदै उहाहरुनै हो नेपालका विद्यार्थी । सरकारको दर्शन गर्न आएका भनेर घुमाउरो पारामा मोहन शम्शेरको परिचय दिए । यति भनिसके पछि हामीलाई त्यही छाडि हरिबहादुर तल ओर्ले । कोठामा हामी तीनै जना लहरै उभिएका थियौं । मोहन शम्शेरले हामीलाई लहरै माथि देखि तलसम्म हेरे अनि बस सम्म पनि नभनि सोधे - तिमीहरुनै हौ नेपालबाट

पढ्न आएका विद्यार्थी ? नेपालको खवर के छ ? त्यो काठाले के के न गर्छु भन्थ्यो के के विकास गर्‍यो त ? त्यसलाई नेपालका जनता के भन्छन् त अहिले ? के विकास भएको छ त नेपालमा ? मोहन शम्शेरले सबै कुरा एकसासमा भनिदिए । काठा, भनेर नाम लिएको व्यक्ति अवश्य पनि पूर्व प्रधानमन्त्री श्री विश्वेश्वर प्रसाद कोइराला नै हुनु पर्छ भन्ने ठम्याउन हामीलाई गाह्रो परेन । हामीलाई भने मोहन शम्शेरको आक्रोशमा भन्दा इनले हामीलाई पैसा कति दिनेछन् भन्ने तर्फनै बढी ध्यान गएकोले मोहन शम्शेरको प्रश्नको उत्तरमा उनलाई खुसी पार्ने हिसावले अनायास लामिछाने मित्रले भनिदिए - के बिकास हुनु र सरकार ! राणा शासन जस्तो अहिले कहाँ छ र नेपालमा । जनता त राणा शासननै राम्रो थियो भन्छन् सरकार ! प्रजातन्त्र आए पछि त मुलुक झन विग्रियो भन्ने गर्छन भनेर मोहन शम्शेरलाई खुसिपार्ने बिचारले झुटमुटको नक्कली वाणी बोलिदिए । मोहन शम्शेरले केहीबेर हसिलो अनुहार लगाए र तत्पश्चात एक छिन घोरिएर लामिछाने मित्रलाई औंलाएर सोधे - तिम्रो जात के हो ? मित्रले म लामिछाने थरको ब्राह्मण हुँ सरकार ! भनेर हात जोडे । त्यसपछि उपाध्याय मित्रतर्फ आँखा लगाएर सोधे तिम्रो नि ? सरकार ! म उपाध्याय थरको ब्राह्मण हुँ भनेर हात जोड्दै जवाफ फर्काए । अव पालो मेरै थियो । म पट्टि आँखा फर्काएर सोधे अनि, तिम्रो चाहिँ जात के हो ? मैले पनि फुर्तिका साथ हात जोड्दै जवाफ फर्काए - सरकार ! म खड्का थरको क्षत्री हुँ । यति सवाल जवाफ भई सके पछि मोहन शम्शेरले एक छिन गम खाएर अनि पुनः प्रश्न गरे - तिमीहरु किन आयौ त यहाँ ? लामिछाने मित्र हामी मध्ये अलि बोलैया थिए र भनिहाले - सरकार ! हामी नेपालबाट छात्रवृत्तिमा इन्जिनियरिङ्ग पढ्न आएका हौ । छात्रवृत्ति थोरै भएकाले अहिले हामीलाई आर्थिक संकट परेको छ । सरकारबाट केही आर्थिक सहायता हुन्छकि भन्ने आशले सरकारको दर्शन गर्न आएका हौ भनेर उनलाई खुसि पार्ने पारामा हाम्रा कुरा राखे । मोहन शम्शेर एक छिन फेरी घोत्लिए र लामिछने मित्रलाई इंगित गरी कडा लवजमा भने - तिमी ब्राह्मण रहेछौ, तिमीलाई एक पैसा पनि दिन्न। अनि फेरी उपाध्याय मित्रतीर हेरेर तिमी पनि ब्राह्मणनै रहेछौ तिमीलाई पनि एक पैसा दिन्न । अन्त्यमा म पट्टि दृष्टि गरेर मलाई पनि भनिहाले - क्षत्री भएर यी नाथे बदमास बाहुनको साथ लागेर आउन तिमीलाई लाज लागेन ? यी काठाहरुको साथ लागेर आएकोले तिमीलाई पनि एक पैसा दिन्न । तिमीहरु जान सक्छौ अव । मोहन शम्शेरले यति भनि भेटघाट टुंग्याएर अर्को कोठा तर्फ गइहाले । हामीलाई रिस त भयङ्कर उठेको थियो तर के सवाल जवाफ गर्नु भनेर रिसले मुर्मुरिदै निरास भएर ग्लानिको अनुभव गर्दै तल झर्‍यौ । फर्कदै गर्दा हामी तीनै जनाको मनमा हाम्रा पुर्खाहरुले भोगेका र झेलेका १०४ बर्षको निरङ्कुश राणा शासनको झल्को र २००७ सालमा प्रजातन्त्र स्थापना गर्न क्रुर राणा शासन बिरुद्धको क्रान्तिका महानायक पूर्व प्रधानमन्त्री श्री विश्वेश्वर प्रसाद कोइराला उपर मोहन शम्शेरको कटुवचनले निरङ्कुश राणा शासन कस्तो दर्दनाक थियो होला भन्ने कुराको हामी राजनीति नजानेका अवोध विद्यार्थीहरुलाई पनि सहजै अन्दाज गर्न कत्तिपनि गाह्रो परेन । यिनै यावत् कुराहरु मनमा खेल्दा खेल्दै होस्टेल पुग्दा वेलुकाको ६ बजि राकेको रहेछ । अरतु

**साक्षात्कार कर्ता पुँवार खड्का गुठीका अध्यक्ष एवं नेपाल आयल निगमका पूर्व कार्यकारी निर्देशक हुनु हुन्छ ।**


# हार्दिक शुभ-कामना




विजयादशमी तथा दिपावली २०७० को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**उद्धव के.सी. (खड्का)**

**अधिवक्ता**

**जनचेतना ल फर्म, डिल्लीबजार, काठमाडौं**

# हाम्रो पुवाँर सन्देश



भरत कुमार खड्का

बिषय छनौट गर्न कठिन छ र पनि हामी सामाजिक सेवामा लागेका व्यक्तिको सोच सधै कल्याणकारी कार्यमा नै हुन्छ र सोही अनुसार बिषय छनौट पनि गरिन्छ । यस्तै शिक्षा विकासको कुरा गर्दा राणा कालको अन्त्य पछि देशमा स्कूलहरुको आवश्यकता महसुस गरी विभिन्न स्थानमा सरकारी निकायहरुबाट धमाधम विद्यालयहरु खुल्न थाले । कहीँ-कहीँ स्थानीय समाजसेवीहरुको प्रयासबाट विद्यालय संचालन भएका थिए । समयनै त्यस्तो थियो कि यातायत, जलविद्युत, संचार, स्वास्थ्य भन्दा पनि विद्यालयहरुले प्राथमिकता पायो ।

हाम्रा खड्का बन्धुहरुका अग्रज पुर्खाहरुले पनि विभिन्न स्थानमा विद्यालय स्थापना तथा संचालन गरेको कुरा सुन्न पाईन्छ । त्यस समयमा त्यो ठूलो सामाजिक सेवा थियो । त्यसमा लाभको आशा थिएन केबल विशुद्ध सेवा मात्र थियो । कहीँ-कहीँ मन्दिर, धर्मशाला, चौतारो आदि निर्माण गरेको कुरा पनि सुन्न पाईन्छ, त्यसमा पनि विसुद्ध सामाजिक तथा धार्मिक भावना थियो । धेरै पहिलेको कुरा भन्दा पनि इतिहास जस्तो होला बरु वर्तमानतिरै लागौ, हाम्रो यस पुवाँर खड्का गुठीको स्थापना पनि सामाजिक भवनाबाट अभिप्रेरित भएर स्थापना भएको हो जुन त्यति लामो समय भएको छैन् । भर्खर बामे सर्ने वालकको जस्तो अबस्थामा छ ।

वि.सं.२०४४ सालमा चिलंखे खड्का गुठीको नाम बाट शुरु भएको एउटा सामाजिक गुठी वि.सं. २०५४ सालमा पुवाँर खड्का गुठीमा परिणत भई नेपाल लगायत विभिन्न देशमा समेत छरिएर रहेका पुवाँर खड्का बन्धुहरुलाई एक अर्कामा परिचित गराउन सफल भयो ।

वि.सं.२०५४ साल देखि नै विभिन्न कार्यक्रम गरी प्रचार प्रसार गर्न थाल्यो । यही समयमा झापा जिल्लाको सुरुङ्गा नजिक कन्काई नदी किनारमा ( जसलाई कनकाई धाम पनि भनिन्छ ।) पुवाँर खड्काहरुले " भागवत महापुराण " सम्पन्न गरे । उक्त कार्यक्रममा विभिन्न १६ जिल्लाका पुवाँर खड्काहरुको उपस्थिति एवं सहयोग रहेको थियो । पुवाँर खड्का गुठी पूर्वाञ्चल निर्देशक उपसमितिले प्रकाशन गरेको भागवत महापुराण झापा, २०५४ नामक पुस्तकमा झापा जिल्लाबाट ७४ परिवार, सुनसरी जिल्लाबाट ४८ परिवार, काठमाण्डौं जिल्लाबाट ३६ परिवार लगायत ईलाम, सप्तरी, रामेछाप, उदयपुर, भोजपुर, शंखुवासभा तथा भारतको सिक्किम एवं असाम प्रान्तबाट पनि सहभागिता जनाई एक अर्कामा सद्भाव एवं भाइचारा साथै सहयोग प्राप्त भएको थियो । वि.सं.२०५६ सालमा काठमाण्डौंमा पनि शिवमहापुराणको आयोजना भएको थियो ।

यसले अझ धेरै एकता एवं सदभाव फैलायो । यस्तै-यस्तै गरेर काठमाण्डौं निवासी श्री कृष्ण बहादुर खड्काबाट गुठीको लागि गोठाटार स्थित अति महत्वपूर्ण ६ आना जग्गा दान गर्नु भएपछि काठमाण्डौं एवं दोलखाका पुवाँर खड्काहरुको विशेष पहलमा देशै भरिका पुवाँर खड्काहरुको सहयोग एवं सदभावमा पुवाँर खड्का गुठी भवन निर्माण भयो, कुल देवी एवं देवताहरुको मन्दिर निर्माण भए ।

पूजा आजा दैनिक चल्न थाल्यो । यही २०७० साल भाद्र महिना भित्रै कपिल गोत्रिय पुवाँर खड्काका मूल पुर्खा कपिल ऋषिको प्रतिमा ( शालिक ) स्थापना हुदैछ । यो हामी भाई बन्धुहरुमा खुशीको कुरा हो । वि.सं. २०५४ साल देखि नै पुवाँर खड्काहरुको वंशावली संकलन एवं प्रकाशनको कार्य पनि शुरु भएर झण्डै एक दशक अधिनै प्रकाशित पनि भई सकेको छ । हाल यस प्रकाशनको संशोधन गरी पुनः प्रकाशन समेत गर्ने बेला भई सकेको छ ।

बिगत हाम्रा आदरणीय एवं श्रद्धेय अग्रज बन्धुहरुबाट भए गरेका असल सामाजिक कार्यबाट हामी तल्लो पुस्ताका सन्तानहरुले गर्व गर्न पाएका छौ ।

अब हामी बन्धुहरु फराकिलो एवं उदार सोचका साथ अग्रजहरुका कार्य योजना तथा भावी योजनाहरुलाई साथ दिन सक्दो योगदान दिन तयार रहनु पर्दछ । हामी तमाम् देश भरका एवं विदेशमा बसोवास गरेका बन्धुहरु समेतले अब भन्नु पर्दछ कि तपाई अग्रज बन्धुहरुले भावी कार्य योजना ल्याउनुहोस हामी र हाम्रा भावी सन्तानको कल्याणको लागि हामी सहयोग गर्न तयार छौ ।

अघिल्लो दशकमा यति धैरै महत्वपूर्ण कार्यहरु भए अब अर्को दशक शुरु भयो अनि यो दशकमा के गर्ने ? हिजो जसरी सहयोग, सदभावको लहर चल्यो त्यो भन्दा दशौं गुणा ठूलो सहयोगको लहर अवश्य आउने छ । कृष्ण बहादुर खड्काबाट प्राप्त जमिनमा बनेको गुठीको भवनलाई भावी पुस्ताका सन्तानहरुले समेत गर्व गर्न सक्ने गरी भाई बन्धु एवं समाजको भलाईका लागि योगदान गर्न सकौं । तपाई अग्रजहरु उमेरले बृद्ध भए पनी मन असल छ, योजना बनाउनु होस्, सम्पूर्ण देश भित्र एवं बाहिरका बन्धुहरुले सहयोग गर्नेछन । गुठी भवनलाई समाज कल्याणमा लगाऔं ।

अन्तमा : सम्पूर्ण पुवाँर खड्का बन्धुहरुका साथै समस्त देशबासीहरुमा बिजया दशमी तथा दिपावली २०७० को उपलक्षमा सुख तथा सम्बृद्धिको शुभ कामना व्यक्त गर्दछु ।

**लेखकः पुवाँर खड्का गुठीका केन्द्रिय सदस्य हुलुहुन्छ**
अर्जुनधारा-६,झापा

हाल,काठमाण्डौं

Email: b-khadka@hotmail.com,

cell: 9813742217



# हार्दिक शुभ-कामना



विजयादशमी तथा दिपावली २०७० को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## श्रद्धा इन्स्टिच्युट अफ हेल्थ साइन्स

बालकुमारी-१२, ठिमी, भक्तपुर

फोन नं. : ६६३१६१३, ६६३२३९४

**संचालित कार्यक्रम : पि.सी.एल. नर्सिङ्ग ३ वर्षे, डिप्लोमा इन फार्मेसी ३ वर्षे ।**

# बहुचर्चित महाभारत युद्धका वास्तविक महायोद्धा को थिए ?



**एलिना खड्का**
*लफ्टस् सिड्नी अष्ट्रेलिया*

महाभारतको युद्ध हुनु अघि कौरब पक्षधरहरु कौरव सेनामा इच्छा मृत्युको वरदान प्राप्त गर्ने भिष्म पितामह, धनुर्विद्याका आचार्य द्रोण, गदा युद्धमा निपुण दुर्योधन, धनुर्धर कर्ण, अश्वत्थामा जस्ता वीरहरु भएकाले युद्ध कौरवले नै जित्ने दाबी गर्थे भने पाण्डव पक्षधर श्रेष्ठ धनुर्धर अर्जुन, सर्वश्रेष्ठ गदाधर भिम, तरवारवाज नहकुल र स्वयं पाण्डवहरुका सहारा देवकिनन्दन वासुदेव पाण्डव पक्षमा भएकोले पाण्डव पक्षकै विजय हुने निश्चित छ भन्ने गर्दथे । वाह्रवर्षको बनबास र एक बर्षे गुप्तवासको समय समाप्त भएपश्चात् अब तुरुन्त युद्धद्वारा आफ्नो गुमेको राज्य पुनः प्राप्त गर्ने पाण्डवहरुको तीव्र इच्छा थियो । भगवान् श्री कृष्ण भने दुर्योधनसँग शान्ति सम्झौता गरी कमसेकम सानै भु-भाग मात्र भएपनि प्राप्त गरी नयाँ राज्य स्थापना गर्नु पर्दछ भन्ने मनस्थितिमा हुनुहुथ्यो । भगवान श्रीकृष्ण सम्मिलित पाण्डव सभामा यसबारे वृहत विचार विमर्ष भयो । युधिष्ठिर वाहेक पाण्डव भाईहरु र पाण्डवहरु उपर सद्भाव राख्ने अन्य राजा, महाराजा तथा महारथीहरु सबैको एकै स्वर थियो । युद्ध गरी दुर्योधनको अधर्म, अन्याय एवं अत्याचार समाप्त पार्न र राजा पाण्डुको राज्य हस्तिनापुर उनकै वैधानिक उत्तराधिकारी एवं जेष्ठपुत्र धर्मराज युधिष्ठिरलाई फिर्ता गराउने । भगवान् श्रीकृष्ण र धर्मराज युधिष्ठिर सकेसम्म शान्ति सम्झौताद्वारा नै गुमेको राज्य फिर्ता गराउन सकियो भने विनाशकारी युद्धको अनुसरण किन गर्ने भन्ने मनस्थितिमा थिए । सभामा लामो विचार विमर्ष पश्चात् भगवान श्रीकृष्णकै शान्ति प्रस्ताव सभाले अनुमोदन गऱ्यो र शान्ति प्रस्ताव असफल हुन गएमा मात्र तत्काल युद्धद्वारा गुमेको राज्य प्राप्त गर्ने निर्णय पनि भयो । साथै सभाले शान्ति प्रस्ताव लिएर शान्तिदूत भै जान भगवान श्रीकृष्णलाइनै प्रार्थनायुक्त अनुरोध गऱ्यो ।

सभामा उपस्थित राजा महाराजा तथा महारथीहरुको आग्रह अनुसार भगवान श्री कृष्ण शान्ति प्रस्ताव लिई यथोचित समयमा हस्तिनापुर स्थित कौरव सभामा उपस्थित हुनुभयो । कौरवसभामा भगवानको आगमन हुँदा राजा धृतराष्ट्र, महारथी भिष्मपितामह, गुरुवर द्रोणाचार्य, कुलगुरु कृपाचार्य अत्यन्त हर्षित हुनुभयो र सभामा भगवानको हार्दिक स्वागत गर्नुभयो । साथै सभास्थलमा अन्य राजा महाराजाका साथै राजा धृतराष्ट्र पुत्र युवराज दुर्योधन उनका उनान्सय कुटिल भाइहरु, मामा सकुनि, दुर्योधनको अनन्य मित्र मानिने अंगराज कर्ण तथा चेंदी नरेश शिसुपाल पनि उपस्थित थिए । राजा धृतराष्ट्र, भिष्म पितामह, द्रोणाचार्य, कृपाचार्यहरुसँग कुशल मंगलको आत्मीयतापूर्ण भलाकुसारी पछि भगवान्ले आफू पाण्डव पक्ष तर्फबाट शान्ति प्रस्ताव लिई आउनु भएको खुलासा गर्नुभयो । कौरव राजसभामा उपस्थित सबै राजा महाराजा एवं महारथीहरुले शान्ति प्रस्तावको खुलेरै समर्थन गरे भने युवराज दुर्योधनका मण्डलीहरु क्रमशः उनका उन्नान्सय भाईहरु, मामा सकुनि, मित्र अंगराज कर्ण, ज्वाई जयद्रथ, चेंदी नरेश शिसुपालहरुले भने खुलेरै विरोध गरे । पाण्डवहरुको गुमेको राज्य इन्द्रप्रस्थ फिर्ता गरी हस्तिनापुरसँग मैत्रीपूर्ण सम्बन्ध स्थापित भएमा एकै वंशका राजकुमारहरुबीच बैमनस्यता समाप्त भई भाइचारा बढ्न जाने र हस्तिनापुर तथा इन्द्रप्रस्थ दुवै राज्यको वैभवता झन बढ्ने जस्ता सकारात्मक प्रस्ताव भगवानबाट प्रस्तुत भयो । साथै राजा धृतराष्ट्रले इन्द्रप्रस्थ फिर्ता गर्न नसक्ने भएमा पनि कमसेकम विशाल हस्तिनापुर राज्य मध्येको कुनै सात वटा गाउँमात्र पाण्डवहरुलाई दिए पनि उनीहरुको चित्त बुझ्न सक्ने प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित चेंदी नरेश शिसुपालले प्रस्तावको विरोध गरी भगवान्लाई दुर्वचन बोल्दा भगवानले उसको शिर छेदन गर्नु पऱ्यो भने दुर्योधनले प्रस्तावको विरोधमा पाण्डवलाई सात गाउँ त के सियोको टुप्पो वरावरको जमिन पनि दिन नसक्ने भनि भगवान श्रीकृष्णलाई नै बन्दी बनाउने नाकाम प्रयत्न गऱ्यो । संभावित युद्ध टार्ने शान्ति प्रस्ताव सफल नभएपछि भगवान् श्रीकृष्ण खालीहात

पाण्डव शिविरमा फर्कनु भयो । अब युद्ध बाहेक अन्य कुनै विकल्प नभएको एवं कौरव सभामा दुर्योधन पक्षले आफू माथि गर्न खोजेको निकृष्ट व्यवहारको पनि सभासदहरुलाई जानकारी गराउनु भयो ।

महाभारतको युद्ध हुन अब केही दिनमात्र बाँकी थियो । कौरव र पाण्डव पक्षधर महारथीहरु आ-आफ्ना शस्त्र अस्त्र तयारीमा राख्ने प्रयत्नमा तल्लिन थिए । दुवै पक्षलाई युद्धको परिणाम आफ्नै पक्षमा आउँछ भन्ने पूर्ण विश्वास थियो । कुमति दुर्योधनको मनमा थियो श्रीकृष्णका सबै नारायणी सेना र आफ्नो सेनागरी एघार अक्ष्यौहिणी सेना आफूसँग भएकोले विजय आफ्नै हुनेछ । उत्ता पाण्डवहरुमा पनि सात अक्ष्यौहिणी सेनाका साथै त्रिलोकपति भगवान श्रीकृष्ण स्वयं पाण्डव पक्षमा भएकाले पाण्डवहरुकै विजय सुनिश्चित हुने कुरामा ढुक्कला थियो । कौरब र पाण्डव दुवै पक्ष युद्ध शुरु हुने दिनको आतुरता पूर्वक प्रतिक्षारत थिए भने त्रिलोक द्रष्टा भगवान् श्रीकृष्णलाई भने रात दिन एउटा अवश्यम्भावी दुर्घटना हुन सक्ने कुराले सताइरहेको थियो । उहाँ बेचैन हुनुहुन्थ्यो तर यस्को भाव अरु पाण्डवहरुले कत्ति पनि बुझ्दैनथे बरु आफूहरु सर्वश्रेष्ठ योद्धा हुनाको कारण कौरव सेनाका महारथीहरुको तुलनामा आफूहरुनै सर्वश्रेष्ठ हौं भन्ने ठान्दथे । तर युद्धमा विजयश्री हासिल गर्ने महत्वपूर्ण काममा बाधकको रुपमा अर्कै कोही रहस्यमय महायोद्धा भएकोले उक्त पराक्रमी व्यक्तिबाट कसरी पार पाउन सकिन्छ भन्ने उपाय पत्ता लगाउने तर्फ भगवान निरन्तरको गहिरो सोचाईमा हुनुहुथ्यो ।

विनाशकारी महासंग्राम अब शुरु हुनै लागेको थियो । भगवानको वेचैनीले सिमा नाघ्यो । भगवान एक्कासि उठ्नु भयो र कसैले थाहा नपाउने गरी केही समयको लागि पाण्डव शिविरबाट अन्तर्ध्यान हुनुभयो । भगवान साधारण याचकको रुपमा एउटा दरवार नजिकैको ठूलो पिपलको वृक्ष छेउबाट निलो घोडा चढेर धनुषवाण र ठोकरमा ३ वटामात्र तीर बोकेर हस्तिनापुर तिर आउँदै गरेको उनै अत्यन्त पराक्रमी महायोद्धाको सामुन्ने प्रकट हुन पुग्नुभयो । भगवान जुन बलवान महायोद्धा देखि यति धेरै डराउनु भएको थियो ती थिए महापराक्रमी 'बरबरिक' । बरबरिक अत्यन्त कर्तव्यनिष्ठ, धर्मात्मा र युद्धको बेला असहाय एवं कमजोर व्यक्तिको हित गर्ने महान धनुर्धर थिए । उनी अत्यन्त बलशाली गदाधर भिम तथा पत्नी हिडिम्वाका नाति एवं वीर घटोत्कच र पत्नी कामकान्ताकताको पुत्र थिए । बरबरिक सानै उमेरमा अत्यन्त बलशाली थिए । उनले भगवान भोलेनाथ शंकरको घोर तपस्या गरेर तीनओटा अचुक वरदान तीरको रुपमा प्राप्त गरेका थिए । ती वरदानहरु यस्ता थिएकि वरवरिक महान् धनुर्धर भएकाले उनले धनुषबाटै तीनवटा महान् कार्य सम्पन्न गर्न सक्दथे । पहिलो वरदानको प्रयोगले उनले छाडेको तीरले आफूले निर्दिष्ट गरेका सबै जीव, वृक्ष, पात पतिङ्गर आदिलाई एकै ठाउँमा समेटन सक्दथ्यो । दोस्रो बरदानको प्रयोगले ती समेटिएका बस्तुहरु सबैलाई पुरै नास गर्न सक्दथ्यो र तेस्रो वरदानको प्रभावले ती नास भएका जीव वा वस्तुहरु मध्ये आफूलाई चाहिने जतिलाई पुनः जियाउन सक्ने थियो । साथै ब्ररबरिकको युद्धको सिद्धान्त यस्तो थियो कि उनी युद्धमा संधै नै कमजोर एवं पराजित पक्षको सहायता गर्ने दृढ निश्चयी थिए । अतः त्रिलोकपति भगवान श्री कृष्ण जो अन्तर्यामी हुनुहुन्थ्यो उहाँलाई थाहा थियो कि वरवरिकको यस्तो सिद्धान्तले जवसम्म बरबरिक जिउँदै रहन्छन् पाण्डव पक्षको विजय असंम्भव थियो । एक्कासी आफ्नो दरवारमा अनौठो प्रकारको याचक आएको देखेर याचकलाई स्वागत गर्दै बरबरिकले भने, महासय ! म तिम्रो के सेवा गर्न सक्छु ? याचकले पनि विनित स्वरमा भने- महाबाहु ! तपाई अत्यन्त पराक्रमी हुनुहुन्छ भन्ने सुनेको छु तर हेर्दा मलाई त कत्ति पनि विश्वास लागेको छैन् । बरबरिकले पनि आफ्नो योग्यता र सौर्यतामा साधारण याचकले अविश्वास गरेको देखि याचक समक्ष भने-तिमीलाई विश्वास लाग्ने कुनै त्यस्तो पराक्रमी कार्य गर्न भन म त्यो कार्य तुरुन्त गरि दिने छु । याचकरुपी भगवानले फेरी आज्ञा भयो, मैले भनेको कार्य गर्न सक्नु भएन भने के गर्न तयार हुनुहुन्छ ? वरवरिकले भने - तिमीले भनेको कार्य गर्न सकिन भने तिमीले जे भन्छौं त्यो गर्न म तयार छु । याचकले फेरी भने - तपाईले यो हाम्रो सामुन्ने रहेको पिपलको वृक्षको कुनै पनि एउटा मात्र पात आफ्नो वाणले झार्न सक्नु भयो भने म विश्वास गर्ने छु कि तपाई सर्वश्रेष्ठ धर्नुधर हुनुहुन्छ । अन्यथा त्यसो गर्न सक्नु भएन भने तपाईले आफ्नो शिर म बाट कटाउनु पर्नेछ । आफू अत्यन्त पराक्रमी एक निपुण धनुर्धर भएकोले यस्तो सानो कार्य जसरी पनि गर्ने नै छु भन्ने ठानी बाचा बन्धन गरी वरवरिकले आफ्नो धनुष उठाई पिपलको रुखको सम्पूर्ण पातहरु मध्ये एउटा कुनै पात झारिदिन वाणलाई धनुषमा चढाई निशाना लागाउन के खोजेका मात्र थिए वृक्षको सम्पूर्ण पातमा उनले श्रीकृष्ण भगवानको स्वरुप

देखें। त्यस्तो कुनै पनि पात थिएन जस्मा प्रभुको प्रतिविम्व नदेखिएको होस्। बरबरिकले तत्क्षण बुझिहाले यी साधारण याचक कोही नभई आफनै आराध्य भगवान नारायण हुनुहुन्छ। बरबरिकले तत्क्षण अश्रु बगाई विलाप गर्दै भने -प्रभु मैले ठूलो पाप गरे, भगवानलाई चिन्न नसकि आफ्नो वाण भगवान तर्फ खिंचे म सजायको भागी छु, भगवान ! मलाई यथोचित सजाँय होस्। भगवानले भन्नुभयो-बरबरिक तिमी मेरो अनन्य भक्त हौं तर तिम्रो निष्ठा युद्धको बेला असहाय र कमजोर पक्षको मद्दत गर्ने भएकाले आसन्न महाभारत युद्धमा तिमीले कौरवको साथ दिनुपर्ने हुन्छ किनकी कौरव पक्ष लडाईको मैदानमा प्रतिदिन कमजोर हूदै जाने छ। तिमीले आफ्नो सिद्धान्त अनुसार अधर्म, अन्याय र अत्याचारको मार्ग अनुशरण गर्ने कौरब पक्षकै साथ दिनुपर्ने हुन्छ। तसर्थ प्रतिज्ञा बमोजिम यात तिमी कुनै पनि पात तीरले झार अन्यथा प्रतिज्ञा बमोजिम तिम्रो शिर मैले तुरुन्त छेदन गर्नुपर्ने हुन्छ। तर बरबरिक भगवानको भक्त भएकोले भगवानको करकमलबाट मर्न पाउनु त सोझै वैकुण्ठबास हुने भएकाले बरबरिकले पात झार्न अस्वीकार गरे। तत्पश्चात् भगवानको सुदर्शन चक्रद्वारा शिरछेदन हुनु अघि बरबरिकले भगवान समक्ष एउटा विन्ती गरे-प्रभु ! यो महाभारत संग्राम अत्यन्त भयङ्कर हुने मैले बुझेको छु। यस्तो महासंग्राम न पहिले कहिल्यै भएको थियो न त भविष्यमा हुने नै छ। यस महायुद्धमा कमजोर पक्षको तर्फबाट भाग लिन नपाए पनि युद्ध समाप्त नहुञ्जेलसम्म आफ्नै आँखाले युद्ध हेर्ने मलाई उत्कट इच्छा रहेको छ। अतः भगवान् युद्ध नसकिउञ्जेलसम्म मलाई जिवितै रहने इच्छा छ भनेर बरबरिकले प्रभु समक्ष प्रार्थना गर्दा भगवान श्रीकृष्णले सोच्नु भयो- यदि मैले यिनलाई मौका दिए भने युद्ध भइरहेको बेलामा आवेगमा आएर प्रतिज्ञा तोड्न पनि सक्नेछन् र कमजोर कौरव पक्षको साथ दिनेछन्। यस्तो विचार गरी भगवानले बरबरिकलाई भन्नुभयो- ठिकै छ तिम्रो इच्छा पूर्ति गर्न म तिम्रो शिर तत्काल छेदन गर्नेछु तर तिम्रो भौतिक शिर यसै पहाडकोचोटिमा रहेको वृक्षमा कुरुक्षेत्रको रणस्थल तर्फ मुहार फर्काई राखिदिनेछु। युद्धको समाप्ति पछि तिम्रो शिरको सद्गति गरी दिनेछु भनि मार्नु अघि आफ्नो विराट स्वरुपको दर्शन दिनु भयो र शिरछेदन पश्चात् शिरलाई रुखको टुप्पामा झुण्ड्याई पाण्डव शिविरतर्फ फर्कनु भयो।

कौरव र पाण्डवबीच भएको उक्त महाभारतको युद्ध अठार दिनसम्म रह्यो। युद्धमा अनेक महारथीहरु, रथीहरु र सैन्यदलयुक्त कौरव पक्षका एघार अक्षौहिणी र पाण्डव पक्षको सात आक्षौहिणी सैनिक, अनेकौं हात्ती घोडा आदिले भाग लिएको यस महासंग्रामको अन्त्यमा पाण्डव पक्षको विजय भयो। युद्धको समाप्ति पश्चात् युद्धमा सर्वशक्तिमान योद्धाहरु आफुहरु मात्र भएको घमण्ड पाण्डव दाजुभाईहरुमा रहेको देखि पाण्डहरुको घमण्ड निराकरण गर्न र आफूले गरेको प्रतिज्ञा पूरा गर्न भगवान् श्री कृष्ण पाडण्वहरुलाई साथ लिई एक पटक फेरी बरबरिकको शिर राखिएको स्थानमा जानुभयो र बरबरिकलाई पूर्ण मोक्ष प्रदान गर्नु अघि सोध्नुभयो-बरबरिक ! तिमीले अठार दिनसम्म महाभारतको संग्राम आफ्नै आँखाले हेर्‍यौं, तिमी अब भन त सबैभन्दा बलवान, पराक्रमी, सुरवीर योद्धाहरु को-को थिए ? कस-कसको शस्त्र-अस्त्र अत्यन्त तेजिलो र संहारक थिए। धनुर्युद्ध, गदायुद्ध, तरवार युद्ध, खड्ग आदि कुन कुन महारथीका संहारक थिए ? भगवानको यस्तो प्रश्न सुनेपछि बरबरिकले भने- प्रभु ! मैले त युद्धको मैदानमा हजुरले आज्ञा भएका शस्त्र, अस्त्र, वाण, तरवार, खड्गको स्थानमा वायुमण्डलमा अनेकौं शुदर्शन चक्रहरु मात्र देखें जस्ले सम्पूर्ण महारथी, रथी आदिका कोलाहल शब्दबीच सबैको शिर छेदन गरिरहेको दृश्य थियो भने अर्कोतर्फ भगवती महाकालीले शिरछेदन हुँदा निस्कने तातो रगत तनतनी पिइरहेको दृश्य थियो। यो महासमर प्रभुको लीला मात्र रहेछ। अधर्मको नाश गरी धर्मको रक्षार्थ मात्र प्रभु रणक्षेत्रमा उत्रिबक्सेको देखें। प्रभु हजुरमा कोटि-कोटि प्रणाम। बरबरिकको यो वृतान्तपछि भगवानले उस्को शिरको सद्गति दिनुभयो। साथै कलियुगमा उस्लाई भगवान श्रीकृष्णको अर्को प्यारो नाम 'श्याम'को नामले सर्वपूजित हुने वरदान पनि दिनुभयो। पाण्डवहरुले पनि युद्धमा सर्वश्रेष्ठ योद्धा को-को थिए भन्ने जिज्ञासाको उत्तर बरबरिकको वृतान्तबाट प्राप्त गरे र आफूहरुले गरेको घमण्डमा आफै लज्जित भए।

बरबरिक पुर्वजन्ममा यक्ष थिए। एकपटकको कुरा हो व्रम्हा र अन्य देवताहरु वैकुण्ठमा आएर भगवान विष्णुसँग पृथ्वीमा अधर्म, अन्याय र अत्याचार धेरै बढ्यो त्यसको निराकरण तुरुन्त हुनपर्‍यो भनि भगवानसँग प्रार्थना गरे। प्रार्थनाबाट खुशी भएर भगवान् विष्णुले आफू छिट्टैनै पृथ्वीमा अवतार लिएर आतताई दुष्टहरुको संहार गर्ने आश्वासन दिनुभयो। यत्तिकैमा त्यहाँ उपस्थित

एक यक्षले घमण्डका साथ भगवान विष्णुको सट्टा उ एक्लैले पनि पृथ्वीमा गएर सबैको संहार गर्न सक्छु भन्यो । यसबाट भगवान् व्रम्हाले आफ्नो अपमान सम्झे र त्यस यक्षलाई जब जब भगवान विष्णु अधर्म, अन्याय र अत्याचार समाप्त पार्न पृथ्वीमा जानुपर्ने हुन्छ तब सबैभन्दा पहिले भगवानले त्यसलाई नै मार्नु हुनेछ भन्ने श्राप दिए । व्रम्हाको श्रापवाट त्यो यक्ष द्वापरमा वरवरिक भई जन्मे र पूर्वजन्मको श्रापको कारण भगवान विष्णुको श्रीकृष्ण अवतारले महाभारतको युद्ध शुरु हुने दिनको ठिक एक दिन अगाडि उनको शिर छेदन गरी उद्धार गर्नु पऱ्यो भन्ने विभिन्न धर्म शास्त्रमा उल्लेख छ ।

बरबरिकलाई भगवानले दिनुभएको वरदानको साकार स्वरुप महावली बरबरिकको मन्दिर भारतको राजस्थान राज्यको सिकर जिल्ला स्थित कुरुक्षेत्र नजिकैको पश्चिमी भाग 'खाटु' भन्ने स्थानमा पर्दछ । बरबरिक वर्तमान कलियुगमा 'खाटुश्याम' 'श्यामवाव' तथा तीन वाणधारी भगवानको नामले संसार भर प्रसिद्ध छन् । भगवान श्रीकृष्णले बरबरिकलाई वरदान दिँदा भक्तहरुले सच्चा दिलले तिम्रो भक्ति गरेमा भक्तहरुको संकट मिटाई मनले चिताएको कुरा म आफैले पुऱ्याइदिनेछु भन्नु भएकोले उक्त मन्दिरमा भक्तिका साथ पुजाआजा गर्नेको मनोकामना पुरा हुने भक्तहरुमा अटल विश्वास रहिआएको छ। सिकर स्थित श्याम बाबाको मन्दिरमा फाल्गुण महिनाको शुक्लपक्षको द्वादशीमा ठूलो धार्मिक मेला लाग्ने गर्छ । यसैदिन भगवान् श्रीकृष्णले बरबरिकको शिर छेदन गर्नुभएको थियो भन्ने धार्मिक भनाई रहेको छ । अस्तु:





हार्दिक

शुभ-कामना

विजयादशमी तथा दिपावली २०७० को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्ग र समस्त दाजुभाई दिदिबाहीनहरुमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**काष्ठमण्डप डेभलपमेन्ट बैंक लिमिटेड**

**Kasthamandap Development Bank Ltd.**

Head Office: TGamrakar Complex, Pako, New Roko, New Road, Ktm
Tel: 4258400 Fax: 4233804
SWIFT Code: KDBLNPKA, E-mail: kdbl@kdbl.com.np
Website: www.kdbl.com.np

# गुठीका गतिविधिहरू

**बिजया दशमी २०६९को शुभकामना आदान प्रदान**

प्रत्येक बर्षझैं गत बर्ष २०६९ साल आश्वीन २७ गते सनिवार बिजया दशमीको उपलक्षमा गुठी भवन गोठाटारमा आयोजना गरिएको कार्यक्रममा उपस्थित सबै पुँवार खड्का बन्धुहरुबीच बिजया दशमी र शुभ दिपावलीको अवसरमा शुभकामना आदान प्रदान गर्ने कार्य सम्पन्न भयो र सोही कार्यक्रममा गुठीबाट प्रकाशित पुँवार सन्देश समेतको बिमोचन गरी बितरण गर्ने कार्य सम्पन्न भयो । दशैंको कार्यक्रम सम्पन्न गर्न २०६९ असोज २० गते बसेको केन्द्रीय कार्यसमितिको बैठकबाट गठित नवदुर्गा र जमराको दैनिक नित्य पूजा गर्न गराउन गठित उपसमितिका संयोजक श्री बोलेन्द्र बहादुर खड्का, सदस्य द्वय श्री दिर्घ बहादुर खड्का र श्री रहर बहादुर खड्का बाट घटस्थापना देखि दशमीका दिन बिहान जमरा बितरणको समय सम्म आफ्नो जिम्मेवारी पुरा गर्नु भयो ।

**भवन निर्माण सम्भारको कार्य सम्पन्न**

मिति २०६९ माघ १३ गते सनिवारका दिन बसेको केन्द्रीय कार्य समितिको बैठकबाट निर्णय भए बमोजिम गोठाटार स्थित कार्यालय भवनको हल फराकिलो बनाउने र बडा दशैंमा जमरा राख्दा बढि शुद्ध होस भनि भवन भित्र रहेका केही संरचनालाई बाहिर सारी नाली तथा ढललाई व्यवस्थितगर्ने कार्य सम्पन्न भयो । उक्त कार्यका लागि केन्द्रीय कार्य समितिले संयोजक श्री बोलेन्द्र बहादुर खड्का तथा सदस्य त्रय श्री दीपक खड्का, श्री निरञ्जन खड्का र श्री जनार्दन खड्का रहेको एक उपसमिति गठन गरी कार्य सम्पन्न गर्न अधिकार दिए बमोजिमको कार्य भयो ।

**गुठीको १५ औं साधारण सभा सम्पन्न**

गुठीको १५औं साधारण सभा सम्पन्न गर्न मिति २०७० साल बैशाख ११ गते बसेको केन्द्रीय कार्य समितिको बैठकले एक उपसमिति गठन गरेको थियो जस अनुसार संयोजकमा श्री बोलेन्द्र बहादर खड्का र सदस्यहरु श्री सहदेव खड्का, श्री दीपक खड्का, श्री रहर ब. खड्का, श्री जनार्दन खड्का र श्री सुधाम ब. खड्का रहनु भएको र जुन उपसमितिले बन्धुहरु एवं आजिवन सदस्यहरुलाई राष्ट्रिय दैनिक प्रत्रिका मार्फत सूचना प्रकाशित गरी तथा अन्य बिभिन्न सञ्चार माध्यम मार्फत पनि आमन्त्रण गर्ने कार्य गरी २०७० जेठ ४ गतेका दिन उक्त साधारण सभाको कार्य सम्पन्न गर्ने काम भयो । गुठीका केन्द्रीय अध्यक्ष श्री रुद्र बहादुर खड्काको अध्यक्षतामा आयोजित सभामा बिशिष्ठ अतिथिमा पुर्व रथी र हाल खड्का क्षेत्री महासमाजका अध्यक्ष श्री छविलाल खड्कालाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गरिएको थियो । सभालाई सम्बोधन गर्दै उपाध्यक्ष श्री सहदेव खड्काबाट गुठीको बिस्तार गर्न र चुनौतिहरुको समाधान गर्न प्रचार प्रसारलाई जोड दिइएको बताउनु भयो । अर्का उपाध्यक्ष श्री बोलेन्द्र बहादुर खड्काबाट गुठीको भवन निर्माण मर्मत सम्भार सम्बन्धी बिवरण प्रस्तुत गर्नु भएको थियो । सो साधारण सभाले महासचिव श्री दीपक खड्काबाट प्रस्तुत बार्षिक कार्य प्रगति प्रतिवेदन र कोषाध्यक्ष श्री सुधाम ब. खड्काबाट प्रस्तुत बार्षिक आय व्ययलाई सभाले पारित गऱ्यो । स्वागत मन्तव्य दिनु हुने गुठीका सल्लाहकारहरु श्री चन्द्र बहादुर खड्का, श्री ललित बहादुर खड्का, केन्द्रीय सदस्य श्री भरत खड्का, आजिवन सदस्य श्री नविन ब. खड्का र श्रीमती उर्मिला खड्का हुनुहुन्थ्यो । बक्ताहरुबाट गुठीको वर्तमान र भविश्यका बिषयमा दिइएका सुझावहरुलाई गुठीको आगामी कार्यदिशाका रुपमा लिने अठोटका साथ गुठीका अध्यक्ष र सभाका सभाध्यक्ष श्री रुद्र बहादुर खड्काबाट बिगतमा काम गर्दा आएका समस्याहरु, गुठीका हालका चुनौतिहरु आगामी दिनमा गर्नु पर्ने बिभिन्न बिषयलाई सम्बोधन गर्दै सभालाई समापन गर्नु भयो ।

**वेभ साईट निर्माण**

विज्ञान र प्रविधिको विकास संगै सूचना र संचार क्षेत्रमा भएको परिवर्तन र विकासले विश्वनै सानो गाउँमा रुपान्तरण भएको आजको आधुनिक युगमा गुठीको उन्नती र प्रगतीको लागि समेत सूचना प्रविधिको उपयोगको माध्ययबाट देश विदेशमा रहेका पुँवार खड्का बन्धुहरु वीच ऐक्यवद्धता र भाईचारा कायम गरी आपसी सहयोग अभिबृद्धि गर्न नितान्त आवश्यक भएको कुरा

गुठीले महसुस गरी यस पुँवार खड्का गुठीको बारेमा आवश्यक जानकारी गराई देश-विदेशमा रहेका पुँवार बन्धुहरुवीच आपसी एकता र सहकार्य अझ सुदृढ गर्नको लागि www.puwarkhadka.org.np ठेगाना भएको website संचालन गरेको अवगत गराउँदछौ ।

**कपिल ऋषिको मुर्ति स्थापना गर्ने कार्य**

मिति २०७० श्रावण १२ गते बसेको केन्द्रीय कार्य समितिको बैठकमा १५औं साधारण सभाका बक्ताहरुबाट ऋषिको मुर्ति स्थापना गर्न दिएको सल्लाह अनुसार गुठीका अध्यक्ष श्री रुद्र बहादुर खड्काद्वारा प्रस्तुत प्रस्तावलाई केन्द्रीय कार्य समितिले सर्व सम्मत्तिले स्वीकृति दिए पछि सोही बैठकबाट गुठी भवनको प्राङगणमा मुर्ति स्थापना गर्न संयोजकमा श्री बावुराम खड्का, सदस्य द्वय श्री निरञ्जन खड्का र श्री जर्नादन खड्का रहेको एक उप समिति गठन गरी कार्य अघि बढाउने काम भयो । मुर्ति स्थापना र अनावरण गर्ने कार्य २०७० भाद्र ३१ गतेका लागि तोकिएको छ ।

**अन्य गतिबिधिहरु**

१. गुठीको स्थापनाकाल देखि केन्द्रीय कार्य समितिमा बिभिन्न पदमा आशिन तथा आजिवन सदस्य श्री हरीशरण खड्काकी ममतामयी माता श्रीमती छत्र कुमारी खड्का र आजिवन सदस्य श्री श्याम राज खड्काको माता श्रीमती बाल कुमारी खड्काको स्वर्गारोहण भएकोमा गुठीका तर्फबाट शोक प्रस्ताप पारित गऱ्यो ।

२. नयाँ बानेश्वरमा आयोजना गरिएको खस क्षत्री एकता समाज राष्ट्रिय समन्वय समितिको बिस्तारित बैठकमा गुठीका तर्फबाट उपाध्यक्ष श्री बोलेन्द्र बहादुर खड्का, महासचिव श्री दीपक खड्का र सचिव श्री निरञ्जन खड्काको सहभागिता भएको थियो भने गुठी आवद्धता रहेका अन्य संस्थाहरुको बिभिन्न कार्यक्रमहरुमा गुठीका तर्फबाट बिभिन्न पदाधिकारी सदस्यहरु औपचारिक र अनौपचारिक रुपमा बर्ष भरिनै सहभागी हुने कार्य भयो ।




हार्दिक
शुभ-कामना
विजयादशमी तथा दिपावली २०७० को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय दाजुभाई दिदिबाहिनीहरुमा सुख समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**प्रो. चुडाबहादुर खडका**
**तामे शैलुङ्ग लेखापढी तथा कानूनी सेवा**
डिल्लीबजार, काठमाडौं, फोन नं. : ९८५१०९४२५१

# गुठीका महासचिव श्री दीपक खड्काबाट १५ औं साधारण सभामा प्रस्तुत गरिएको बार्षिक प्रतिवेदन

श्रीमान् प्रमुख अतिथिज्यू, केन्द्रीय अध्यक्षज्यू, अतिथिज्यूहरु उपस्थित मान्यजन तथा साधारण सभाका सदस्यज्यूहरु,

आज पुँवार खड्का गुठीको १५ औं साधारण सभामा यहाँहरु समक्ष वार्षिक प्रतिवेदन प्रस्तुत गर्न लागेको छु। पुँवार खड्का गुठीले २०६९ आषाढ देखि २०७० वैशाख सम्म गरेको कार्यहरुको विवरण यस प्रकार छ।

१. गुठीले दोलखा जिल्लाको कक्षा ८ र एस.एल.सी.मा सर्वोत्तम अंक ल्याई प्रथम हुने विद्यार्थीलाई प्रदान गरिने "पदम कुमारी" शैक्षिक पुरस्कारको रकम रु १५००।- र रु २०००।- र प्रमाण पत्र यस वर्षको शिक्षा दिवसको अवसरमा गुठीका प्रतिनिधि श्री द्वारिका खड्काबाट पुरस्कार वितरण गरिएको छ।
२. गुठीले सधैंझैं विजया दशमीको अवसरमा गुठी भवनमा नवरात्रमा जमरा राखी नौ दिनसम्म ब्राम्हणद्वारा पूजा अर्चना गरी विजयादशमीको दिनमा पुँवार खड्का बन्धुहरुलाई सो जमरा तथा प्रसाद वितरण गरिएको थियो।
३. गुठीको प्रकाशन "पुँवार सन्देश" यस वर्ष शुभ विजया र दिपावलीको अवसरमा प्रकाशित गरिएको थियो। उक्त पत्रिकाहरु पुँवार खड्का बन्धुहरु भएका जिल्ला मध्ये सम्पर्कमा रहेका बन्धुहरु रहेको स्थानमा प्रेसित गरिएको थियो।
४. गुठीले २०६९ को शुभ विजयादशमी तथा दिपावलीको उपलक्ष्यमा गुठी भवन गोठाटारमा बन्धुहरु जमघट गरेर शुभकामना आदान प्रदानको कार्यक्रम सम्पन्न गरेको थियो।
५. गुठी भवनमा जमरा राख्ने कार्य तथा पूजा अर्चना भईरहने हुँदा भवन भित्र ट्वाइलेट रहेकोले बाधा पुगेको आम बन्धुहरुले महशुस गरेकोले भवन भित्र रहेको ट्वाइलेट बाहिर बनाउने, भऱ्याङ्गको रेलिङ्ग लगाउने र अन्य मर्मत तथा निर्माण कार्यहरु भर्खरै सम्पन्न भएको छ। उक्त कार्य गर्नको निम्ती गुठीका उपाध्यक्ष श्री बोलेन्द्र बहादुर खड्का रहेको एक उपसमिति गठन गरिएको थियो।
६. पुँवार खड्का गुठीको विषयमा देशभित्र तथा विदेशमा रहेका सम्पूर्ण पुँवार खड्का बन्धुहरुलाई जानकारी रहोस् भन्ने उद्देश्यले एउटा "वेभसाइट" को आवश्यकता महशुस गरी "वेभसाइट" निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आईसकेको व्यहोरा अवगत गराउँछु। वेभसाइटको ठेगाना यस प्रकार छ : www.puwarkhadka.org.np
७. "पुँवार खड्का गुठी" सम्पूर्ण पुँवार खड्का बन्धुहरुको साझा संस्था हो। यस गुठीको लक्ष्य एवं उद्देश्य पुरा गराउन हामी सधैं पुँवार खड्का बन्धुहरुको कर्तव्य हुन आउँछ। यस पुनित कार्यमा विभिन्न प्रकारले सहयोग पुऱ्याउने पुँवार खड्का बन्धु तथा अन्य सहयोगीहरुलाई धन्यवाद दिन चाहान्छु। गुठीलाई अझ सबल, सक्षम बनाउनको निम्ती यहाँहरुबाट अमूल्य सुझाव, सल्लाह प्राप्त भई रहने अभिलाषा राखेको छु। धन्यवाद।

मिति: २०७० जेठ ४ गते

# पुवाँर खड्का गुठीको आ.व. २०६८/०६९ को लेखा परिक्षण प्रतिवेदन


## विद्या चरण झा

(रजिष्टर्ड लेखापरक्षक)
रजिष्ट्र्ड नं. (घ) ०४७७

काठमाडौं-२५, मखन टोल
फोन नं ४२४८१७६


मितिः ..........................

श्रीमान् अध्यक्षज्यू
पुँवार खड्का गुठी
केन्द्रीय कार्यसमिति, काठमाडौं ।

विषयः- स्वतन्त्र लेखापरीक्षणको प्रतिवेदन ।

त्यस पुँवार खड्का गुठीको मिति २०६९/४/२१ को पत्र अनुसार उक्त गुठीको आ.व. ०६८/०६९ मिति २०६८/४/१ देखि २०६९/३/३१ सम्मको वार्षिक लेखा परीक्षण गर्न गुठीका कोषाध्यक्ष श्री सुधामबहादुर खड्काज्यूबाट उपलब्ध गुठीको आम्दानी खर्च सम्बन्धी नगदी खाता, विल भरपाई, सहायक खाता र बैंक विवरण पत्र समेतको अध्ययन गरी सोको आधारमा यो लेखापरीक्षण प्रतिवेदन तयार गरेकोछु ।

१) आम्दानी सम्बन्ध यस आ.व. २०६८/०६९ मा विभिन्न शिर्षकहरूमा गरी जम्मा रू. २,०७,४३५।३४ गुठीमा प्राप्त भएको देखिन्छ । खर्च तर्फ पनि विभिन्न शिर्षकहरूमा जम्मा रू. ९६,६२५।७० मात्र खर्च भएको देखिन्छ । जस अनुसार आम्दानीमा खर्च कट्टी गर्दा रू. १,१०,८०९।६४ यस वर्ष बचत हुन आएकोछ ।

२) गत आ.व. सम्म गुठीको नाममा अक्षयकोषमा जम्मा भैसकेको रकम रू. ४,२५,५५५।०० दायित्त्व महलमा राखी हिसाब मिलान गरेको छु र अक्षय कोषमा जम्मा हुने गरी गत वर्ष प्राप्त रू. १०,०००।०० र यस वर्ष प्राप्त रू. २०,०००/- पनि अक्षय कोषमा जम्मा गर्नुपर्ने भएको हुँदा सोही अनुसार दायित्त्व नै देखाइएको छु ।

३) गुठीको अचल सम्पत्ति सम्बन्धमा साविक बमोजिम नै रू. २१,२६,७४८।०० देखाएको छुँ । अन्य जिन्सी सम्पत्ति फर्निचरहरू नियमानुसार ह्रास कट्टी गरी बाँकी देखाएको छु ।

४) लेखा परीक्षणको सिलसिलामा गुठीका पदाधिकारीहरूसँग सोधिएको प्रश्नको जवाफ सन्तोषजनक र भरपर्दो पाइयो ।

५) गुठीमा आम्दानी खर्चको हिसाब किताव बिल भरपाई नियमानुसार राखेको पाइयो ।

६) यसैसाथ संलग्न उक्त गुठीको आय व्यय तथा वासलातबाट गुठीको आर्थिक स्थिति जान्न बुझ्न सकिन्छ । अन्तमा गुठीको उन्नति र प्रगतिको कामना सहित यो लेखा परीक्षण प्रतिवेदन पेश गरेको छु ।

लेखापरीक्षक

# पुँवार खड्का गुठी

केन्द्रीय कार्यालय, काठमाडौं

आ.व. २०६८/०६९ मिति २०६८/४/१ देखि २०६९/३/३१ सम्मको आय व्यय नगद प्रवाह विवरण

| आय विवरण | रकम | व्यय विवरण | रकम |
|---|---|---|---|
| **गतको बैंक मौज्दात बाँकी** | | पूजारीको पारिश्रमिक | ८,८००।०० |
| १) रा.वा. बैंक बचत हिसाबमा | ७,६९४।१३ | साइनबोर्ड पुनर लेखन खर्च | २,०००।०० |
| २) पिस बचत तथा ऋण स. बचत हि. | ९००८७।०० | गतको ले.प. शुल्क भुक्तानी | ४,२५०।०० |
| ३) ऐ. मा मुद्दती हिसाबमा | ४,२५,५५५।०० | ऐ. को कर कट्टी दाखिला | ७५०।०० |
| गतको नगद मौज्दात बाँकी | ३८६।८९ | पोष्ट बक्स नविकरण | ५००।०० |
| अक्षय कोषको लागि सदस्यहरूबाट | | बिजुली महसूल खर्च | ८४०।०० |
| आर्थिक सहयोग प्राप्त | २०,०००।०० | मेच, कुर्सीको भाडा खर्च | २४०।०० |
| | | नवदुर्गा पूजाको खर्च | ८,०३४।०० |
| सदस्यहरूबाट मासिक सहयोग | १७,७००।०० | समवेदना प्रकाशन खर्च | ३,५००।०० |
| आजीवन सदस्य शुल्क प्राप्त | १५,००१।०० | आजीवन सदस्य रसिद छपाई खर्च | २,०००।०० |
| पूजाको लागि आर्थिक सहयोग | १,०००।०० | संस्था नविकरणको खर्च | १,७६०।०० |
| विज्ञापन सहयोग प्राप्त | ४५,०००।०० | "पुँवार सन्देश" प्रकाशन | ३३,५००।०० |
| **ब्याज आम्दानी** | | गुठीको ब्रोसर प्रकाशन | ३,०००।०० |
| १) पिस ब. ऋण स. मुद्दती हिसाबबाट | ९४,७४१।०० | सूचना प्रकाशित खर्च | ६,२६४।०० |
| २) पिस ब. ऋण स. मुद्दती हिसाबबाट | १३,७६२।०० | खाजा प्याकेज र ट्याक्सी भाडा | १०,१००।०० |
| ३) रा.वा. बैंक बचत हिसाबबाट | २३१।३४ | पूजा सामाग्री र अन्य खर्च | ४,१५३।०० |
| २०६८/०६९ को ले.प. शुल्क | | साधारण सभाको अन्य खर्च | ३,६६०।०० |
| भुक्तानी दिन बाँकी | ५,०००।०० | २०६८/६९ को ले.प.शुल्क खर्च | ५,०००।०० |
| | | बैंक ब्याजमा कर कट्टी | ३४।९८ |
| | | **बैंक मोज्दात बाँकी** | |
| | | १) रा.वा.बैंक बचत हिसाबमा | ७,८९०।७७ |
| | | २) पिस बचत तथा ऋ.स.सं बचतमा | १,९४,१९०।०० |
| | | ३) ऐ. ऐ. मुद्दती हिसाबमा | ४,२५,५५५।०० |
| | | नगद मौज्दात बाँकी | १०,१३६।८९ |
| जम्मा | ७,३६,१५८।३६ | जम्मा | ७,३६,१५८।३६ |

रूद्रबहादुर खड्का
अध्यक्ष

सुधामबहादुर खड्का
कोषाध्यक्ष

विद्यासागर खड्का
लेखापरिक्षक

# पुँवार खड्का गुठी

केन्द्रीय कार्यालय, काठमाडौं

आ.व. २०६८/०६९ मिति २०६८/४/१ देखि २०६९/३/३१ सम्मको आम्दानी खर्च विवरण

| खर्च विवरण | रकम | आम्दानी विवरण | रकम |
| --- | --- | --- | --- |
| पूजारीको पारिश्रमिक | ८,८००।०० | अक्षय कोषकोलागि सदस्यहरूबाट | |
| साइनबोर्ड पुनर लेखन खर्च | २,०००।०० | आर्थिक सहयोग प्राप्त | २०,०००।०० |
| गतको ले.प. शुल्क भुक्तानी | ४,२५०।०० | सदस्यहरूबाट मासिक सहयोग | १७,७००।०० |
| ऐं. को कर कट्टी दाखिला | ७५०।०० | आजीवन सदसयता शुल्क प्राप्त | १५,००१।०० |
| पोष्ट बक्स नविकरण | ५००।०० | पूजाको लागि आर्थिक सहयोग | १,०००।०० |
| बिजुली महसूल खर्च | ८४०।०० | विज्ञापन सहयोगबाट प्राप्त | ४५,०००।०० |
| मेच, कुर्सीको भाडा खर्च | २४०।०० | बैंकबाट ब्याज आम्दानी जम्मा | १,०८,७३४।३४ |
| नवदुर्गा पूजाको खर्च | ८,०३४।०० | | |
| समवेदना प्रकाशन खर्च | ३,५००।०० | | |
| आजीवन सदस्य रसिद छपाई खर्च | २,०००।०० | | |
| "पुँवार सन्देश" प्रकाशन | २३,५००।०० | | |
| गुठीको ब्रोसर प्रकाशन | ३,०००।०० | | |
| खाजा पाकेट र ट्याक्सी भाडा | १०,१००।०० | | |
| साधारण सभाको सूचना प्रकाशन | ६,२६४।०० | | |
| शैक्षिक पुरस्कार खर्च | १,००५।०० | | |
| पूजा सामाग्री र अन्य खर्च | ४,१५३।०० | | |
| साधारण सभाको अन्य खर्च | २,६५५।०० | | |
| २०६८/६९ को ले.प.शुल्क खर्च | ५,०००।०० | | |
| बैंक ब्याजमा कर कट्टी | ३४।७० | | |
| जम्मा खर्च | ९६,६२५।७० | | |
| यस आ.व. को बचत | १,१०,८०९।६४ | | |
| **जम्मा** | २,०७,४३५।३४ | **जम्मा** | २,०७,४३५।३४ |

रूद्रबहादुर खड्का
अध्यक्ष

सुधामबहादुर खड्का
कोषाध्यक्ष

विद्याचरण [illegible]
लेखापरिक्षक

# पुँवार खड्का गुठी

केन्द्रीय कार्यालय, काठमाडौं

२०६९/३/३१ को स्थिति विवरण पत्र (वासलात)

| दायित्व विवरण | रकम | सम्पत्ती विवरण | | रकम |
|---|---|---|---|---|
| पुश्करबहादुर खड्कालाई पूजामा | | ६ आना जग्गाको साविक मु. | ९,००,०००।०० | |
| निजको स्वर्च भुक्तानी दिनुपर्ने | ८,०२०।०० | भवन निर्माण खर्च | +१२,२६,७४८।०० | |
| ०६८/६९ को ले.प. शुल्क | | जम्मा लागत | २१,२६,७४८।०० | २१,२६,७४८।०० |
| भुक्तानी दिनु बाँकी | ५,०००।०० | फर्निचर सामानको मल्य | ७,३१०।८५ | |
| गतको अक्षय कोषमा जम्मा गर्नुपर्ने | १०,०००।०० | ह्रास कट्टी | -१,०९६।६३ | |
| यस वर्षको जम्मा गर्नुपर्ने | २०,०००।०० | | ६,२१४।२२ | ६,२१४।२२ |
| मुद्दती (अक्षय) कोष | ४,२५,५५५।०० | नगद मौज्दात बाँकी | | १०,१३६।८९ |
| सम्पत्ति बाँकी सारेको | २३,०२,१५९।८८ | **बैंक मौज्दात बाँकी** | | |
| | | १) रा.वा. बैंक बचत हिसाबमा | | ७,८९०।७७ |
| | | २) पिस बचत तथा ऋ.स. मा बचत हि. | | १,९४,१९०।०० |
| | | ३) ऐ. मा मुद्दती हिसाबमा | | ४,२५,५५५।०० |
| जम्मा | २७,७०,७३४।८८ | जम्मा | | २७,७०,७३४।८८ |

रूद्रबहादुर खड्का
अध्यक्ष

सुधामबहादुर खड्का
कोषाध्यक्ष

विद्याचरण के.सी.
लेखापरीक्षक

# पुँवार खड्का गुठी

## केन्द्रीय समितिका वर्तमान कार्य समिति

**संरक्षक**

पूर्वमन्त्री श्री खुम बहादुर खड्का दाङ्ग

**सल्लाहकार**

पूर्व राज्य मन्त्री

श्री गणेश बहादुर खड्का दैलेख

श्री चन्द्र बहादुर खड्का दोलखा

श्री ललित बहादुर खड्का स्यागदी

श्री पुष्कर बहादुर खड्का दोलखा

श्री लक्ष्मी बहादुर 'निराला' खड्का सिरहा

श्री बलदेव खड्का दोलखा

श्री राम बहादुर खड्का दोलखा

**अध्यक्ष**

श्री रुद्र बहादुर खड्का दोलखा

०१-४४६४६२१

**उपाध्यक्ष**

श्री सहदेव खड्का ०१-४४९६००१ दोलखा

**उपाध्यक्ष**

श्री बोलेन्द्रबहादुर खड्का०१४४८९१३० दोलखा

**महासचिव**

श्री दीपक खड्का ०१-४४७२३१७ दोलखा

**सचिव**

श्री निरञ्जन खड्का ९८४१७३२००१ रामेछाप

**सह-सचिव**

श्री टीकाध्वज खड्का ९८४१५१३११३ महोत्तरी

**कोषाध्यक्ष**

श्री सुधाम बहादुर खड्का ०१-४४८४०५४ दोलखा

**सह-कोषाध्यक्ष**

श्री बाबुराम खड्का ९८५१०६७००१ सिन्धुपाल्चोक

**सदस्यहरु**

श्री हरीशरण खड्का ०१४४९२५०९ दोलखा

श्री रामेश्वर खड्का ०१४४८८०२६ काठमाण्डौ

श्री मनोहरी खड्का ९८५१०१०१८४ काठमाण्डौ

श्री दिर्घ बहादुर खड्का०१४४८८६४१ रामेछाप

श्री दीपक खड्का ९८५१०५३९१९ संखुवासभा

श्री प्रदीप खड्का ०१६६१०३९५ भक्तपुर

श्री रहर बहादुर खड्का ९८५१०८९०६३ दोलखा

श्री भरत खड्का ९७५१०१०९६४

श्रीमती शान्ति खड्का ०१४४९९०७५ काठमाण्डौ

श्री जनार्दन खड्का ०१६६३१७८८ भक्तपुर

श्री केशर कुमार खड्का ०१४८११६०८ दोलखा


श्री सुमन खड्का ०१४४७३१७३ स्याग्दी

श्रीमती सुशीला खड्का ०१६६३४६६६ भक्तपुर

श्री सुरेन्द्र खड्का ९८८१६५५००० 

# हार्दिक शुभकामना







विजयादशमी तथा दिपावली २०७० को
शुभ उपलक्ष्यमा देश तथा विदेशमा रहनु भएका
सम्पूर्ण आदरणीय पुँवार खड्का बन्धु वान्धव,
दाजुभाई, दिदिबहिनी तथा शुभेच्छुकहरुमा सुख,
समृद्धि सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलम


## शुभकामना

# पुँवार खड्का गुठी

## केन्द्रीय कार्यालय

## गोठाटार, काठमाडौं








# हार्दिक शुभकामना

विजयादशमी तथा दिपावली २०७० को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## कोशी ग्याँस उद्योग प्रा.लि.

दुहवी, सुनसरी


जसको नाम नै पर्याप्त छ
एभरेष्ट बैंक
दिगो, दरिलो र विश्वासिलो
• ५.५ लाख भन्दा बढी सन्तुष्ट ग्राहकहरु
• पञ्जाब नेशनल बैंकसँगको मजबुत र अन्तर्राष्ट्रिय साझेदारी
• बृहत आन्तरिक तथा बाह्य सञ्जाल
• विश्वको कुना-कुनाबाट रेमिटेन्स सुविधा
सगरमाथा
एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)